संख्या ५, असार, २०६२

# ओसारपसार

एटविनको अर्ध-वार्षिक प्रकाशन



# एटविनका प्रकाशनहरू



# ओसारपसार

संख्या ५, असार २०६२






सम्पादक मण्डल
विष्णु ओझा
सन्ध्या श्रेष्ठ
भगवती नेपाल
सुजिता शाक्य
विमला ज्ञवाली

प्रकाशन सहयोग:
अक्सफाम जी.बी.

डिजाइन:
ग्राफिक वर्कशप
बागबजार, काठमाडौं।
फोन: ४२४२०७२

मुद्रक:
क्वालिटी प्रिन्टर्स, पुतलीसडक।

प्रकाशक:
महिला तथा बालबालिका बेचबिखन विरुद्ध सहकर्मी समूह (एटवीन)
पो.ब.नं. १००८६, काठमाडौं, नेपाल।
फोन: ४२२९७८७
फ्याक्स: ४२४०७०९
इमेल: aatwin@wlink.com.np
वेबसाइट: www.aattwin.org


## विषयसूची


*सम्पादकीय*

- हिंसारहित समाज निर्माणका लागि ...... २

*आवरण:*

- महिला हिंसा र बेचबिखनविरुद्ध संघर्षका आवाजहरू ...... ३

*लेख/दस्तावेज*

- महिला अदालत किन ? - *विष्णु ओझा* ...... १०
  महिलामाथि हुने हिंसा विरुद्धको सहकार्य: आजको आवश्यकता - *बिम्बा भट्टराई* ...... १४
- हाम्रो देशमा महिलाविरुद्धका हिंसा, बेचबिखन र शक्ति समूहको स्थापना - *पूजा मिजार* ...... १७
- महिलामाथिको हिंसा र यससँग अन्तरसम्बन्धित विषयहरू, सैद्धान्तिक बहसहरूमाथि एक टिप्पणी - *सुजिता शाक्य* ...... २०
- वर्तमान सशस्त्र द्वन्द्व र महिलामाथि परेको असर - *बी.पी. अधिकारी* ...... २७
- द्वन्द्व र किशोरीहरूको अवस्था - *स्पन्दना के.सी.* ...... २९

*सात्क्षात्कार*

- चेलीबेटी बेचबिखनको मूल कारण अशिक्षा, असचेतना र गरिबी हुन् - *सावत्री श्रेष्ठ* ...... ३१

*कथा*

- यथार्थका चित्कारहरू - *कल्पना गिरी* ...... ३३

*एटविन गतिविधि* ...... ३४

*संस्था परिचय*

- अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) ...... ३६

*जानकारी*

- एटवीन सदस्य संस्थाहरूको नामावली ...... ३७
- एटवीन सूचना तथा स्रोत केन्द्र ...... ३९

# हिंसारहित समाज निर्माणका लागि

दक्षिण एसिया विश्वको कुल जनसंख्याको एक तिहाइ जनसंख्या बसोबास गर्ने क्षेत्र हो । प्राकृतिक साधन तथा मानवीय स्रोतका हिसाबले ज्यादै सम्पन्न रहेको भएता पनि यसको समुचित परिचालनको अभावका कारण यो क्षेत्र भौतिक विकासका दृष्टिमा पछाडि रहेको छ । दशकौंदेखि गरिबीले जरा गाडेको छ भने समाजमा महिला र पुरुष बीचको सामाजिक लिंगभेदको खाडल पनि कम गहिरो छैन । समाज आम रूपमा पुरुषप्रधान रहेको छ । यिनै कारणले गर्दा दक्षिण एसिया क्षेत्रमा महिला विरुद्धको हिंसा एउटा आम र जटिल समस्याको रूपमा रहँदै आएको छ ।

नेपाल लगायत दक्षिण एसिया क्षेत्रमा प्रचलनमा रहेका हिंसाका स्वरूपहरूमा घरेलु हिंसा घर-घरको कहानीका रूपमा पाउन सकिन्छ भने अन्य जघन्य हिंसाहरूमा बेचबिखन, बालविवाह, बलत्कार, जबरजस्ति काममा लगाउने, एसिड छर्किने जस्ता कुराहरूलाई लिन सकिन्छ । घरेलु हिंसाका कुरा गर्दा कुटपिट, गाली, हेंला, दुर्व्यवहार, सम्बन्ध विच्छेद, घरबाट निकाली दिने र दाइजो प्रथासँग सम्बन्धित समस्याहरूका आधारमा अङ्गभङ्ग र हत्यासम्म गरिएका उदाहरणहरू पाउन सकिन्छ ।

यसरी महिलाविरुद्ध हिंसा हुनुमा मुख्य रूपमा पुरुषप्रधान समाज, महिलालाई दोस्रो दर्जाका नागरिक र वस्तुका रूपमा लिने परम्परागत सामाजिक सोंच, महिलालाई ऐंचामा राख्नु पर्दछ भन्ने तथाकथित धार्मिक तथा परम्परागत मान्यता, आर्थिक रूपमा महिलाहरूको पहुँच नहुनु र हजारौं वर्षदेखिको संस्कार महिलाहरूमा पनि व्याप्त रहनु महिला विरुद्धका हिंसाका कारणहरू हुन् । यस सन्दर्भमा महिलाहरूमा शिक्षाको पहुँच पुऱ्याउने, उनीहरूलाई आत्मनिर्भर गराउने र व्यापक रूपमा जनचेतना जगाउने कार्यहरूलाई अभियानकै रूपमा संचालन गरिनु जरुरी छ । यस क्रममा सन् २००४ देखि अक्सफामले क्षेत्रीय रूपमा महिलाविरुद्ध हुने हिंसा विरुद्धमा सचेतनामूलक अभियानको थालनी गरेको छ । आ-आफ्ना देशको विशिष्ट परिस्थितिअनुसार महिलाविरुद्ध हुने हिंसाको कुनै एक स्वरूप माथि विशेष केन्द्रित रही संचालन गरिएका अभियानका क्रममा नेपालमा सन् २००४ को डिसेम्बरमा मानव बेचबिखनका विषयलाई केन्द्रमा राखी महिला अदालतको आयोजना गरियो । यसको मुख्य आयोजकमा एटविन र महिला सुरक्षा दवाव समूह रहेका थिए । हामी सक्छौं (We Can) भन्ने उद्घोषका साथ संचालनमा रहेको यस क्षेत्रीय अभियानको एउटा भागका रूपमा संचालित महिला अदालत मानवअधिकारको पितृसत्तात्मक सोंचलाई चुनौती दिने उचित ठाउँ बन्न गएको थियो । मानव बेचबिखन जस्तो जघन्य अपराधका विषयमा फेरि एक पटक सबैको ध्यान आकर्षित भयो भने सञ्चार माध्यमहरूले पनि यस अभियानलाई उत्तिकै साथ दिए । यसरी बेलाबखत आयोजना गरिने यस्ता बृहत कार्यक्रमबाट सवालले समाजमा स्थापित हुने थप मौका पाउँदछन् भने नीति निर्माणको तहमा पनि त्यत्तिकै प्रभाव पार्ने हुन्छ । अहिले एटविन मानव बेचबिखनको अन्त्यका लागि "हामी सक्छौं" अभियानमा संलग्न छ । आउनुहोस्, हिंसारहित समाज निर्माणका लागि हामी पनि यसमा संलग्न हौं ।

महिला हिंसा र बेचविखनविरुद्ध महिला अदालतः अवधारणगत जानकारी

# महिला हिंसा र बेचबिखनविरुद्ध संघर्षका आवाजहरू

डिसेम्बर २१-२३, २००४ काठमाडौं, नेपाल

**महिला बेचबिखनः सभ्य समाजमा दासताको आधुनिक रूपः**

क्षेत्रीय र अन्तर्राष्ट्रिय बसाइँसराईको वृहत परिप्रेक्ष्यमा विगतका दुई दशक यता अन्य दक्षिण एसियाली मुलुकहरूमा भैं नेपालमा पनि चेलीबेटी बेचबिखनको समस्यामा नाटकीय रूपमा वृद्धि भएको छ । चेलीबेटी बेचबिखनलाई राष्ट्रिय अन्तर्राष्ट्रिय समुदायले आजको सभ्य समाजमा रहेको दासताको आधुनिक रूप भनेर लिनुका साथै समग्रमा यसलाई महिलाको मानवअधिकार हननको मुद्दाको रूपमा लिएको छ ।

बेचबिखनका बारेमा कुरा गर्दा महिलाको मानवअधिकारको हनन निम्न तीन तहमा भइरहेको हुन्छः

१) **बेचबिखनको लागि छनौट गर्ने र एक ठाउँबाट अर्को ठाउँमा लैजाने क्रममाः** यस क्रममा महिलाहरूको स्वतन्त्रतापूर्वक हिंडडुल गर्न पाउने, स्वतन्त्रतापूर्वक जीवनयापन गर्न पाउने र सही सूचना पाउने हकको अधिकार जस्ता मानवअधिकारका आधारभूत पक्षहरूको हनन् हुने गर्दछ ।

२) **गन्तव्यमा पुऱ्याइने र बेचबिखन हुने क्रममाः** यस क्रममा महिलाहरूको स्वतन्त्र र सुरक्षित रूपमा बाँच्न पाउने, यातनाबाट स्वतन्त्रता, स्वनिर्णयको अधिकार, कानुनी पहिचान, श्रमिक मजदुरको हक, राष्ट्रियता, र स्वतन्त्र विचार र संस्कृतिको अधिकार जस्ता मानवअधिकारका पक्षहरूको हनन् हुने गर्दछ ।



३) **पीडित पक्षको उद्धार र पुनर्स्थापना गर्ने क्रममाः** उद्धार र पुनर्स्थापना गर्ने क्रममा पनि पटक-पटक महिलाको मानवअधिकार हनन गरिन्छन् । यसमा मुख्यगरी गोपनियताको हक, निष्पक्ष सुनवाई र अदालती कारवाहीको अधिकार, यातनाबाट संरक्षित रहन पाउने अधिकार र सुरक्षाका साथ बस्न पाउने अधिकारको हनन् हुने गर्दछ ।

हाम्रो देशको सन्दर्भमा कुरा गर्दा बेचबिखनबाट प्रभावितहरूको मानवअधिकारको कुरा आउँदा समाजले यसलाई ज्यादै हलुका रूपमा लिने र हाँसोमा उडाउने गरेको पाइन्छ । सरकार यसको जिम्मेवारी लिन आवश्यक नभएको ठान्दछ । महिलाहरू मात्र यस सवालमा किन लक्षित गरिन्छन् त ? किनभने नेपाल लगायत दक्षिण एसियाका देशहरूमा व्याप्त पितृसत्तात्मक सोंचकै कारण महिलाहरू घर र परिवारको परिधिमा मात्रै सुरक्षित र संरक्षित हुन सक्छन् भन्ने विश्वास गरिन्छ ।

> **" चेलीबेटी बेचबिखनलाई राष्ट्रिय अन्तर्राष्ट्रिय समुदायले आजको सभ्य समाजमा रहेको दासताको आधुनिक रूप भनेर लिनुका साथै समग्रमा यसलाई महिलाको मानवअधिकार हननको मुद्दाको रूपमा लिएको छ "**

**महिला अदालतः मानवअधिकारको पितृसत्तात्मक सोंचलाई चुनौती दिने वैकल्पिक ठाउँ**



> **"महिलाहरूले आफ्ना सपना चकनाचुर पार्ने पितृसत्तात्मक सोंचको प्रतिरोध यस अदालतमै गर्छन् र परम्परागत सोचलाई अस्विकार गर्दै आफ्ना आवाजहरू समाजसामु सार्वजनिक रूपमा गुन्जाउँछन् ।"**

महिलाका ज्ञानलाई दबाउने र वञ्चित गर्ने दबाव र विभेदको सोंचमै सिमित पुरुषप्रधान समाजको दायरा फराकिलो पार्नुपर्ने आवश्यकताको बोध गराउनु हो, महिला अदालतको उद्देश्य । यस अदालतले सांकेतिक रूपमा सार्वजनिक सुनुवाइका माध्यमबाट पितृसत्ता र परिवर्तनवादको नाममा भएका विभेदहरूलाई चुनौती दिने आवाजहरूलाई सार्वजनिक गर्ने छ ।

अदालतमा महिलाले जातीय, वर्गीय, लैगिक, बहिष्कार र परिवर्तनका नाममा भोगेका हिंसाका अनगिन्ती रूपको सुनवाई हुन्छ, जुन बाहिरी आँखाका लागि अदृश्य हुन्छन् । बेचबिखनबाट प्रभावित महिलाहरूले आफूले भोगेका हिंसालाई आफ्नै भोगाईको भाषामा व्यक्त गर्छन्, अपराधको नामाकरण गर्छन्, अन्यायको प्रतिरोध गर्छन् र क्षतिपूर्तिको माग गर्छन् । प्रभावित महिलाहरूले उनीहरूकै आवाजमा काममा, ज्याला पाउँदा, भूमिमाथिको अधिकारका सवालमा र हिंडडुल गर्न पाउने उनीहरूको अधिकार कसरी खोसियो र त्यसका विरुद्ध उनीहरूले गर्नु परेका संघर्षका कथाहरू सुनाउँछन् । महिलाहरूले आफ्ना सपना चकनाचुर पार्ने पितृसत्तात्मक सोंचको प्रतिरोध यस अदालतमै गर्छन् र परम्परागत सोचलाई अस्विकार गर्दै आफ्ना आवाजहरू समाजसामु सार्वजनिक रूपमा गुन्जाउँछन् । अदालतले पनि बेचबिखनबाट प्रभावितहरूका आवाजहरू उनीहरूकै स्वरमा सुन्छ । उनीहरूका आवाज सुन्नेहरूले पनि प्रभावित महिलाहरू आफ्नै ज्ञानका आधारमा बाँचेका हुन्, न कि अरु कसैको सहारामा भन्ने कुरा बुझ्नेछन् ।

महिला अदालतले महिलालाई हेर्ने वस्तुवादी यथार्थ र महिलाको विषयगत आत्मकथालाई एकैठाउँमा बुन्ने माध्यमको खोजी गर्नेछ । बेचबिखन विरुद्धको सवालमा नयाँ र निष्पक्ष विचारको सृजना गर्ने र यस बारेमा भित्री र यथार्थ कुरा पत्ता लगाउन समेत यसले सहयोग गर्नेछ । व्यक्तिगत विषयलाई राजनीतिक सवालसँग, तर्कलाई नयाँ ज्ञानको निर्णय गर्न प्रेरित गर्ने चाहनासँग जोड्ने काम यस अदालतले गर्ने छ ।

## लक्ष्य र उद्देश्य

एट्वीन, महिला सुरक्षा दवाब समूह र अक्सफामका साझेदार संस्थाहरूले संयुक्त रूपमा "महिला विरुद्धको हिंसाका रूपमा हुने बेचबिखनको सुनुवाइका लागि महिला अदालत" आयोजना गर्दैछन् । यो सार्वजनिक सुनुवाई सन् २००४ डिसेम्बर २१ देखि २३ तारिखमा आयोजना गर्न लागिएको छ । विश्वव्यापीकरण र पितृसत्तात्मक राज्यसत्ताका कारण आएको परिवर्तन र यसले निम्त्याएको संकटका कारण नेपालमा महिला बेचबिखन बढ्दो छ । महिलाको विपक्षमा हुने यस्तो व्यवस्थाले जहिले पनि लैङ्गिक, जातिगत, भौगोलिक र वर्गीय आधारमा महिलाको आत्मसम्मान, सामाजिक सुरक्षा र जीवन पद्धतिलाई अवमूल्यन गरी विनाशतर्फ लगिरहेको छ । महिलाला बेचबिखनसँग जोडिएको हिंसा र यसको जोखिमबाट महिलाहरू दिनानुदिन पीडित भइरहेको सन्दर्भमा अक्सफाम र यसका साझेदार संस्थाहरूले यसलाई मुख्य सवाल बनाएर सार्वजनिक सुनुवाईका माध्यमबाट बाहिर ल्याउन खोजेका हुन् ।

प्रभावित महिला र अभियानकर्ताहरूको आवाज र दृष्टिकोणका माध्यमबाट यो अदालतले निम्न कुराहरूको खोजी गर्नेछ :

१. हिंसा प्रभावित महिला र अभियानकर्ताहरूको दृष्टिकोणबाट मूल विषयसँग सम्बन्धित सवालको स्पष्टता, त्यसप्रतिको चासो र अवसरको वकालत गर्ने ।
२. महिला बेचबिखनका बारेमा गहिरो बुझाइका लागि विभिन्न जिल्लामा वसोबास गर्ने जातजाति, उमेर, पेशा र क्षेत्रका महिलाको अनुभव साटासाट गर्न मञ्च उपलब्ध गराउने ।
३. भइरहेका सामाजिक र कानुनी नीतिहरूलाई चुनौती दिंदै प्रभावित महिलाका जीवनरक्षाको रणनीतिहरू र उनीहरूका सबल पक्षहरू पहिचान गरी अधिरकामुखी वास्तविक अवधारणा पहिल्याउने ।
४. यो सवालको अन्तरदेशीय (cross broader) प्रकृति र समालोचनात्मक सम्बन्धको चित्रण गरी क्षेत्रीय सहकार्यको महत्व प्रष्ट पार्ने ।



५. विभिन्न क्षेत्रका व्यक्तिहरूसँगको बहसका माध्यमबाट बेचबिखनका सवालमा गहिरो ज्ञान बढाउने र नेपाल, सार्क तथा संयुक्त राष्ट्र संघका नीति र कार्यक्रमलाई पीडितका पक्षमा सृजनात्मक र ठोस काम गर्न सक्ने बनाउन सहजकर्ताको भूमिका निर्वाह गर्ने ।

६. नेपाल र सार्क मुलुकमा व्याप्त पितृसतात्मक शासनव्यवस्थाले बनाएको नैतिक मूल्य मान्यतामा आधारित बसाईसराई /अध्यागमनसँग सम्बन्धित नीतिले दक्षिण एसियामा महिलाको बेचबिखनमा पारेको प्रभावले निम्त्याउने परिणाम प्रति सचेत र जिम्मेवार हुन घच्घच्याउने ।

७. सवाल सम्बोधनका लागि दिर्घकालीन रणनीति तयार गरी यसको कार्यान्वयनका लागि राष्ट्रिय र स्थानीय तहमा विभिन्न अभियान संचालन गर्न ठोस र व्यावहारिक कार्यक्रम तय गर्ने ।

८. कामलाई अझ बढी प्रभावकारी बनाउन र विभिन्न तहमा वकालत गर्नका लागि स्थानीय, राष्ट्रिय र क्षेत्रीय तहमा रहेका व्यक्तिगत र सामुहिक संजाललाई बलियो बनाउने ।

## चेलीबेटी बेचबिखन विरुद्धको सवालप्रति अक्सफाम जी.बी नेपालको सरोकार:

अक्सफाम नेपालले चेलीबेटी बेचबिखनको रोकथाम, प्रभावितहरूको सुरक्षा, उनीहरूका लागि निःशुल्क कानुनी सहायता र परिवार तथा स्थानीय तहमा चेतना जगाउनका लागि सन् १९९७ देखिनै सामुदायिक, राष्ट्रिय र क्षेत्रीय स्तरमा ठोस कामहरू गरिरहेको छ । चेलीबेटी बेचबिखनविरुद्ध संजाल खडा गर्न, अभियानकर्ताको क्षमता अभिवृद्धि र प्रभावकारी सञ्चार अभियानहरू सञ्चालन गर्न, राष्ट्रिय कानुन, क्षेत्रीय नीति तथा सार्क अभिसन्धिलाई नयाँ स्वरुप दिई त्यसलाई कार्यान्वयन गराउनका लागि अक्सफाम नेपालले वकालत गरिरहेको छ । नेपालमा सञ्चालन भइरहेका अक्सफामका कार्यक्रमहरूले अनुसन्धान र खोजमा आधारित भएर महिलाको यौनिकता, जात र जातिगत, अति जेलिएको परम्परागत संस्कारहरूलाई संबोधन गरिरहेका छन् ।

महिलामाथि हुने सबै प्रकारका हिंसा हामी अन्त्य गर्न सक्छौं (We can end all violence against women) अभियान र महिला हिंसा विरुद्धका अभियानहरूलाई ससक्त र प्रभावकारी बनाउनका लागि नेपाल स्थित कार्यालयले यही वर्षको सुरुमा कमी-कमजोरी विश्लेषण (Gap Analysis) अनुसन्धान गरेको थियो । अनुसन्धान प्रतिवेदनले औंल्याएका प्रमुख मुद्दाहरू र अक्सफाम नेपालको विगत सात वर्षको अनुभवका आधारमा यो महिला अदालतको अवधारणा आएको हो ।

## सार्वजनिक सुनुवाईको संरचना

विश्वव्यापिकरण र शासनव्यवस्थाको पितृसत्तात्मक सोचको वर्तमान अवस्थामा बेचबिखनसँग जोडिएको महिलाविरुद्ध हुने हिंसा सार्वजनिक गर्ने महिला अदालतले बेचबिखनको गहिरो बुझाई, परिधि, परिवर्तित स्वरुप, सामाजिक संस्थाहरू (परिवारदेखि राज्यसम्म) को भूमिका पहिचान गर्छ । यस अदालतले महिलाविरुद्ध हुने विभिन्न प्रकारका हिंसाबाट प्रभावित समुदायलाई मञ्च उपलब्ध गराई वकालत र अभियानलाई एकिकृत रूपमा अघि बढाउन मद्दत गर्छ । जसले महिला अधिकारवादी अभियानकर्ताहरूलाई वर्तमान पितृसत्तात्मक संस्थाहरूमाथि चुनौती दिन र उनीहरूलाई सवालप्रति उत्तरदायी बनाउन सहयोग गर्छ ।

> "यस अदालतले महिलाविरुद्ध हुने विभिन्न प्रकारका हिंसाबाट प्रभावित समुदायलाई मञ्च उपलब्ध गराई वकालत र अभियानलाई एकिकृत रूपमा अघि बढाउन मद्दत गर्छ ।"

सन् २००४ डिसेम्बरमा काठमाडौंमा आयोजना गर्न लागिएको यो अदालतलाई निम्न ३ गतिविधिमा विभाजन गरिएको छ ।

## पहिलो दिन:

सार्वजनिक सुनुवाईको पहिलो दिनमा श्रृङ्खलाबद्ध रूपमा बेचबिखन सवालको विभिन्न पक्षको राजनीतिक बहस संचालन गरिने छ । यो बहसले महिला अदालतमा बोल्ने प्रभावितहरूको आवाजको सान्दर्भिकता स्थापित गरी यसको विभिन्न रूपको विश्लेषण गर्नेछ ।

### बहसका लागि विभिन्न विषयहरू:

सवालको राजनीतिक बहसका लागि नेपाल स्थित कार्यालयले यही वर्षको शुरुमा



> "द्वन्द्वको समयमा सुरक्षाकर्मी वा माओवादी दुवै पक्षबाट बलात्कृत हुनु परेको होस् या सैनिकहरूको यौनदासी बन्नु पर्ने बाध्यता होस्, देशमा चलिरहेको द्वन्द्वबाट सबैभन्दा धेरै पीडित महिला नै बन्नुपरेको छ ।"

गरेको कमिकमजोरी विश्लेषण (Gap Analysis) अनुसन्धान प्रतिवेदनले औंल्याएका प्रमुख मुद्दाहरू र सुझावहरूलाई आधार बनाएर निम्न विषयवस्तु चयन गरिएको छ :

विश्वव्यापिकरण, बसाइंसराइं र वेचबिखनसँग जोडिएको महिलाविरुद्ध हुने हिंसाको वैकल्पिक बुझाईका आधारमा राष्ट्रिय, क्षेत्रीय र अन्तर्राष्ट्रिय तहमा भएका बेचबिखन विरुद्धका कानुन र नीतिको विश्लेषण गर्नेछ । यस्तो विश्लेषणले यो सवालको सबल र कमजोर पक्षका आधारमा मानवअधिकारको रुपरेखा तयार पारेर बेचबिखन सवालको सम्बोधन गर्नेछ । वर्तमान राजनीतिक पद्धति र सोचाईको संरचनाका कारण खास गरेर नेपालमा जनजाति र दलित वर्गका महिला पुरुष अत्यधिक जोखिममा परेका छन् । यसको समग्र रुपान्तरणका लागि यो अदालतले सुझावहरू संकलन गर्ने छ ।

### १. वेचबिखनका विभिन्न स्वरुपहरू:

राष्ट्रिय र क्षेत्रीय कानुन तथा अन्तर्राष्ट्रिय महासन्धिहरूले बेचबिखनको स्पष्ट परिभाषा दिन नसकिरहेको अवस्थामा यसको क्षेत्र, अवधारणा र परिभाषा फराकिलो पार्नुपर्ने आवश्यकता टड्कारो रूपमा देखिएको छ । यो अस्पष्ट अवधारणाले बेचबिखन विरुद्धको जुनसुकै अभियानबाट पनि दुईवटा परिणाम देखिएको छ: पहिलो- वेचबिखन विरुद्धको कानुन तथा नीति निर्माण र कार्यान्वयनलाई व्यावसायिक यौनकार्यमा केन्द्रित गरिएको छ । सँगै नीति र कानुन उपदेशात्मक नैतिकतामा आधारित रुपरेखामा तयार गरिएका छन् । दोस्रो- रोजगारीका लागि महिलाको हिंडडुल गर्ने अधिकार र आफ्नो इच्छाअनुसारको काम गर्न पाउने अधिकारमा सीमा तोकिदिएको छ । उदाहरणको रुपमा महिला वेचबिखन नियन्त्रण गर्नका लागि बनेको जीउ मास्नेबेच्ने कार्यनियन्त्रण ऐन २०४३ ले बेचबिखनमा पर्ने महिलालाई नै अपराधी ठहर गर्ने र बेच्ने अपराधीहरूलाई स्वतन्त्र छाडिदिने गरेको छ । प्रभावितहरूका आवाजको सुनुवाई र बहस हुने महिला अदालतमा जबर्जस्ती विवाह, माग्ने, जबर्जस्ती श्रम, घरेलु काम, सर्कसको काम र अङ्गव्यापार जस्ता बेचबिखनका विभिन्न स्वरुपका बारेमा मात्रै होइन, व्यावसायिक यौनकार्य, बसाइंसराइं र महिलामाथि हुने अन्य हिंसासँग जोडेर वेचबिखनको सवाललाई परिभाषित गरिने छ ।

### २. विश्वव्यापीकरण, गरिबी, बसाँसराई र जातियता:

सांस्कृतिक साम्राज्य, अर्थतन्त्र, शासनव्यवस्था र बौद्धिक क्षेत्रमासमेत विश्वव्यापीकरणको प्रभाव महसुस गर्न थालिएको छ । विश्वव्यापिकरणको आडमा खडा भएका संस्थागत संरचनाहरूले गरिबी, बसाइंसराइं र पर्यटन उद्योगमा बेचबिखनको हिंसालाई वैधानिकता दिएका छन् । ग्रामीण समुदायको विखण्डन, असुरक्षित जीवनपद्धति, विस्थापन, बसाइंसराइं र जीविकोपार्जनका लागि बसाइंसराइ गर्न बाध्य भएका महिलाहरू नै बेचबिखन हुने जोखिममा छन् । अहिलेसम्म सामाजिक स्थान, आर्थिक सिमान्तिकरण र राजनीतिक रूपमा वहिस्कृत भएका निश्चित वर्ग विशेषलाई बेचबिखनले निम्त्याएको नकारात्मक परिणामको दोष थोपर्ने गलत परम्परा बस्दै आएको छ ।

### ३. सशस्त्र द्वन्द्व र सैनिकिकरण:

द्वन्द्वको अवस्था र युद्धले सँधैजसो महिलालाई नै सबैभन्दा धेरै जोखिममा पारेको हुन्छ । विगत ९ वर्षदेखि देशमा चलिरहेको सशस्त्र द्वन्द्वका कारण हजारौं नेपालीहरूको ज्यान गएको छ । द्वन्द्वको समयमा सुरक्षाकर्मी वा माओवादी दुवै पक्षबाट बलात्कृत हुनु परेको होस् या सैनिकहरूको यौनदासी बन्नु पर्ने बाध्यता होस्, देशमा चलिरहेको द्वन्द्वबाट सबैभन्दा धेरै पीडित महिला नै बन्नुपरेको छ । यस्ता महिलाको पहिचान गरेर शरणार्थी शिविरका वा वर्तमान द्वन्द्वबाट पीडित महिलाहरूको आवाज यो अदालतमा समेट्ने कोशिस गरिने छ ।

### ४. मानवअधिकार र बेचबिखन:

पितृसत्तात्मक व्यवस्थाका कारण आफ्ना नागरिकलाई न्याय दिलाउने प्रहरी, अन्यायबाट उद्धार गर्ने र सुरक्षा प्रदान गर्ने सुरक्षा निकाय, सेवा प्रदान गर्ने कार्यपालिका र न्यायलय तथा जनताको अधिकारसँग प्रत्यक्ष सरोकार राख्ने सरकारी संरचना मानवअधिकार हनन गर्ने

विशेष रूपमा पर्छन् । विभिन्न प्रलोभनमा पारी बेचबिखन गर्ने दलालको फन्दामा परेर पक्राउ परेका गैरकानुनी आप्रवासीहरू, पीडितहरूलाई नै कारवाही गर्न सघाउने विभेदपूर्ण राष्ट्रिय कानुन, पीडित महिलाप्रति च्याल काड्ने दुर्व्यवहार र शोषण गर्न पछि नहट्ने स्वयं प्रहरीहरू, बेचिएका र यौनव्यावसायबाट छुटिएर आएकाहरूलाई एच.आई.भी. /एड्सको परीक्षण गराउन बाध्य पारिने सीमा क्षेत्रका थानाहरू, घर-समाजबाट वहिष्कृत हुनुपर्ने बाध्यता, हिंसा, अपहेलना, कलङ्क सहनुपर्ने भएपनि घर फर्कन बाध्य पारिनु, सञ्चारको नकारात्मक भूमिका र बेचबिखनबाट प्रभावितहरूका लागि ल्याइएका पुनर्स्थापनासम्बन्धी गलत नीति लगायत महिलाले भोगेका हिंसालाई मानवअधिकारको परिप्रेक्षमा हेरिने छ । महिला अदालतले नेपाल र सार्क क्षेत्रका कानुनी संयन्त्र र नीतिगत रुपरेखा जसका कारण बेचबिखनबाट प्रभावितहरूको मानवअधिकार हनन् भइरहेको छ, यो अदालतले त्यसको मुल्याङ्कन गर्नेछ ।

**५. जाति, जनजाति र बेचबिखन:**

हाम्रो समाजमा केही निश्चित जात र जातिगत समुदायका व्यक्तिहरूलाई परिवारका सदस्यलाई नै बेच्ने गरेको आरोप लगाईंदै आएको छ । तामाङ समुदाय र दलित वर्गलाई उनीहरूको सामाजिक हैसियत र राजनीतिक रूपमा वहिष्कृत भएकै कारण कथित उच्च जातका भनिनेहरू र मूलप्रवाहका समूहले यस्तो आरोप लगाउने गरेका छन् । तर यसलाई जिम्मेवारीबाट भाग्ने र उनीहरूलाई निर्णयप्रकृयामा सहभागी हुन नदिन अपनाइने राजनीतिक रणनीतिका रूपमा लिनु पर्छ ।

**६. अभियानकर्ताहरूको आवाज:**

यो सत्रमा महिला अदालतले बेचबिखनबाट प्रभावित महिलाहरू र समूहका प्रतिनिधिहरूबाट भोगाई र व्यथाहरू सुन्ने छ । समाजबाट दैनिक रूपमा हिंसा, शोषण सहेर, अवसरहरूबाट बञ्चित, बहिष्कृत र लाञ्छित भएर पनि कमजोरीलाई शक्तिमा बदलिरहेका यी महिलाहरूले आफ्नो जीवनलाई अगाडि बढाउनका लागि कस्तो निश्चय गरे भन्ने कुरापनि सुनिने छ । यो सत्रमा उनीहरूले विभेदपूर्ण नीति र कानुन तयार गर्ने पितृसत्तात्मक संरचनालाई नैतिकताको सिद्धान्तमा आधारित भएर चुनौती दिनेछन् । प्रभावितहरूले बेचबिखनको पराकाष्ठा, हिंसासँग सम्बन्धित सञ्जाल र राज्यद्वारा प्रतिपादित खोक्रो सिद्धान्तको द्वैध चरित्रलाई महिला अदालत मार्फत् उदाङ्गो पार्नेछन् ।

## दोस्रो दिन

महिला बेचबिखनबाट प्रभावित र बेचबिखनविरुद्धको अभियानकर्ताहरूका लागि यो विशेष दिन हो । यो दिनमा अदालतले पीडितकै आवाजमा उनीहरूका अनुभव सुन्छन् । अदालतमा प्रस्तुत गरिने श्रृङ्खलाबद्ध श्रव्य-दृश्य, यस सवालमा ऐक्यबद्धता जनाउने महिला-पुरुष सम्मिलित न्यायदूतहरूको खारिएको अनुभवले यो सवाललाई बुझ्न अझ बढी मद्दत गर्नेछ । महिला अधिकारको संरक्षणका लागि स्थापना गरिएका सरकारी निकायका प्रतिनिधिको प्रतिकृया पनि यो अदालतमा दोस्रो दिन सुनिने छ । यो दिन सम्पूर्ण रूपमा वक्ताहरू (प्रभावितहरू, अभियानकर्ताहरू), न्यायदूत र सुनुवाई बेन्चको हुनेछ । यो सत्रमा शक्ति समूहले बेचबिखनविरुद्धको संघर्ष र उनीहरूको अनुभवका विषयमा नाटक प्रस्तुत गर्छन् ।

**यो दिनमा सञ्चारमाध्यमको भूमिका:**


आमसञ्चारमाध्यमका सबै संचारकर्मीलाई महिला अदालतका दिन सहभागी भएर वक्ताहरूले सुनाउने दुःख र संघर्षका कुराहरू सुन्न अनुमति दिइने छ । तर प्रभावित वक्ता र आयोजकहरूको पूर्वअनुमति नलिइ फोटो खिच्न भने सञ्चारकर्मीहरूलाई अनुमति दिइने छैन् । सचारकर्मीहरूलाई यो आचारसंहिता कडाईका साथ पालना भए नभएको निगरानी गर्न आयोजकहरूको मुख्य भूमिका रहनेछ । रेडियो सगरमाथा लगायत अवसफामका साझेदार सह-संस्थाहरूले वक्ताहरूको गोपनियताको हकको सुरक्षा र सम्मानका लागि निगरानीको भूमिका निर्वाह गर्नेछन् । यदि वक्ताहरूले चाहेको खण्डमा आयोजकहरूले प्रभावितहरूसँग पहिलेनै कुरा गरेर फोटो खिच्न मिल्ने नमिल्ने सभामा घोषणा गर्नेछन् ।

वक्ताको पूर्व तयारी : We Can समूह र



“महिला अदालतले नेपाल र सार्क क्षेत्रका कानुनी संयन्त्र र नीतिगत रुपरेखा जसका कारण बेचबिखनबाट प्रभावितहरूको मानवअधिकार हनन् भइरहेको छ, यो अदालतले त्यसको मुल्याङ्कन गर्नेछ ।”






**दर्शकदीर्घा:**

मानव अधिकारकर्मी, गैसस, सञ्चार, राजनीतिकर्मी, ट्रेड यूनियन, प्रभावितहरूका परिवार, अतिथि, र सहयोगीहरू १००० व्यक्ति सहभागी हुने आशा ।

जसमा ३०० गैसस कार्यकर्ता, १०० सञ्चार, ५० परिवार सदस्य, ५० मानवअधिकारकर्मी, २५ दातृसंस्था तथा कुटनीतिक निकाय, १०० विद्यार्थी, १०० श्रमअधिकारवादीहरू, ५० राजनीतिक विश्लेषक र पार्टी प्रतिनिधिहरू, ५० सरकारी प्रतिनिधि, १५ क्षेत्रीय र अन्तर्राष्ट्रिय अतिथि र बाँकी सर्वसाधरण । सहभागीहरूलाई देशभरिबाट आमन्त्रित गरिने छ ।

**“ बेचबिखनमा परेका महिला, अधिकारवादीहरू, सवालमा काम गर्ने सञ्जाल, ट्रेड यूनियन प्रतिनिधि, सञ्चार प्रतिनिधि, विद्यार्थी, प्राज्ञ, नीति-निर्माता र विभिन्न सरकारी गैरसरकारी संस्थाका प्रतिनिधिहरू लगायत् विविध प्रतिनिधिहरूलाई अदालतले समेट्ने छ । ”**

अक्सफामका साझेदारहरूले ९वीं क्स्इक० लागि अगष्ट महिनाको योजना बैठकमा यसको तयारी गर्ने छन् । तयारीको पहिलो चरण अन्तर्गत वक्ताहरूलाई परामर्श दिनका लागि एट्विन कार्यलय (मूख्य आयोजक मध्येको एक) मा रहने गरी एक जना प्रभावित व्यक्तिलाई नियुक्त गरिसकिएको छ । अगष्ट महिनाको साझेदार बैठकमा प्रभावितहरूको अन्तिम सुची र प्रकार तयार भईसकेपछि परामर्शदाताले वक्ताहरूलाई भेट्न र महिला अदालतमा बोल्नका लागि सहयोग गर्न शुरु गर्नेछिन् ।

## तेस्रो दिन

सार्वजनिक सुनुवाई र सवालको राजनीतिक बहसमा उठेका मूल मुद्दाहरूका आधारमा अगाडि बढ्नका लागि रणनीति तयार गर्ने काम तेस्रो दिनमा हुन्छ ।

बेचबिखनमा परेका महिला, अधिकारवादीहरू, सवालमा काम गर्ने सञ्जाल, ट्रेड यूनियन प्रतिनिधि, सञ्चार प्रतिनिधि, विद्यार्थी, प्राज्ञ, नीति-निर्माता र विभिन्न सरकारी गैरसरकारी संस्थाका प्रतिनिधिहरू लगायत् विविध प्रतिनिधिहरूलाई अदालतले समेट्ने छ । एसिया-प्रशान्त क्षेत्र र बाहिरका चर्चित मानवअधिकारवादी नेतृत्वकर्ता र अन्य प्रभावशाली व्यक्तित्वहरूलाई न्यायदूत बन्नका लागि निमन्त्रणा गरिने छ ।

### सम्भावित न्यायदुतहरू/गोलमेच बहसका लागि स्रोत-व्यक्तिहरू:

समेट्नु पर्ने मुख्य विषयवस्तु र क्षेत्रका आधारमा संभावित व्यक्तिहरूको चयन गरिने छ, यसका लागि विस्तृत रूपमा काम गर्न बाँकी छ । बेचबिखनसँग जोडिएको हिंसालाई समेट्न गाउं, जिल्ला, राष्ट्र, क्षेत्र र विश्वभरिका अनुभव बोकेका व्यक्तिहरूको छनोट गरिने छ । We Can नेपाल समूह र मुख्य आयोजकहरूले यो विषयमा विस्तृत काम गर्न बाँकी छ, तर प्रस्तावित रुपरेखा यसप्रकार छ-

**गोलमेच बहसका लागि:**

आयोजकहरूले हरेक विषयको बहसका



लागि एकजना संयोजक छान्नेछन् । छानिएका संयोजकले छलफलको नेतृत्व र सहजकर्ताको भूमिका निर्वाह गर्ने छन् भने छलफलमा उठेको विषय सुझाव, विचार चासोका कुराहरूलाई नोट गर्ने छन् । विषय अनुसारको सिलसिला उठाएर तर्कपूर्ण बहस गर्नका लागि हरेक गोलमेच बैठकमा कम्तीमा पनि १५ देखि २५ जनासम्म सहभागीको छनोट गरिने छ । बहसको उद्देश्य र अपेक्षाका बारेमा जानकारी गराउनका लागि हरेक गोलमेच बैठकका संयोजकहरूलाई शुरुमै विस्तृत जानकारी उपलब्ध गराइने छ । संयोजकले सम्बन्धित विषयमा बहस चलाउनका लागि एक पानाको मुख्य बुँदाहरूसहितको टिपोटको तयारी गर्नुपर्ने छ । मुख्य बुँदाहरूको प्रस्तुतिपछि व्यवस्थित रूपमा छलफल खुला गरिने छ । उठाइएको विषयवस्तुबाट नबहकिने गरी सहभागी वक्ताहरूले विचार व्यक्त गर्नेछन् भन्ने कुराको निधो संयोजकहरूले गर्नुपर्ने छ । हरेक गोलमेच बैठकमा बोल्नका लागि एकजना प्रभावित अथवा उनका परिवार सदस्य हुनैपर्ने छ । अक्सफामको We Can समूहले यसका बारेमा विस्तृत जानकारी दिनेछ । छलफल प्रत्यक्ष र व्यवहारिक उद्देश्यमा केन्द्रित हुनुपर्ने छ, तर पनि सान्दर्भिक देखिएमा श्रव्य-दृश्यका माध्यम पनि प्रयोग गर्न सकिने छ । विषयवस्तुअनुसार गोलमेच बैठकमा सहभागी हुनसक्ने नीति-निर्माता, सञ्चारकर्मी र अभियानकर्ताहरूको नाम समावेश गरी सहभागीको नामावली आयोजकहरूले तयार गर्नेछन् र उनीहरूलाई बैठकमा सहभागी हुन र योगदान पुऱ्याउन प्रोत्साहित गर्नेछन् । यो नामावली गोलमेच बैठकको विषयवस्तु, सहभागीको विशेषज्ञता र काम तथा अनुभवमा आधारित हुनेछ । बैठकमा उठेका चासोका विषय र सुझावहरूलाई तेस्रो दिनका अनुगमन योजना सत्रमा समेटिने छ । जसले अभियानको योजना गर्दा तर्जुमा गर्दा होस् वा नियमित कार्यक्रमलाई निरन्तरता दिन आयोजक र बेचबिखन विरुद्धका अभियानकर्ताहरूलाई अवधारणा विकासका लागि मद्दत गर्नेछ ।

बेचबिखनसंग सम्बन्धित महिला विरुद्धको हिंसालाई समेटेर कम्तीमा पनि ५-६ वटा गोलमेच बैठक आयोजना गरिनेछ । आयोजक र गोलमेच बैठकका संयोजकलाई दुईवटा विषय (जस्तै: विश्वव्यापिकरण तथा बसाईंसराई वा बसाईंसराई तथा यौनकार्य) लाई एकै ठाउँमा गाभ्न मिल्ने जस्तो लागेमा बैठकलाई अझ व्यावहारिक बनाउन यस्तो गर्न सक्नेछन् । यदि आयोजक र अक्स्फामको We Can समूहले उपयुक्त ठानेमा बेचबिखन तथा महिलाविरुद्धको हिंसा र सञ्चार माध्यमको भूमिका विषयमा छुट्टै गोलमेच बैठक आयोजना गर्न सक्नेछन् । यस्तो अवस्थामा बहसलाई सही दिशा दिन सक्ने प्रतिनिधि छनौट गरिनेछ, जो सञ्चारमाध्यमकै प्रतिनिधि हुनेछ । यो सत्रको छलफलका लागि बेचबिखनबाट प्रभावितहरूको अन्तर्वार्ता लिन विश्व स्वास्थ्य संगठन (WHO) ले तयार गरेको आचारसंहिता र सञ्चार जगतकै आचारसंहितालाई मुख्य अभिलेखका रूपमा प्रयोग गरिनेछ ।

**न्यायदूतको समूह:**

न्यायदूतहरूको छनौट गर्दा उनीहरूको कार्य विवरण, विशेषज्ञताको क्षेत्र, बेचबिखन विरुद्धको अडान र सार्वजनिक छविलाई आधार बनाइनेछ । यो समूहका लागि सरकारी र दातृ निकायका प्रतिनिधिहरूको छनोट गरिने छैन । लैंगिक र जातिगत विविधताको संरक्षण गर्नुपर्नेछ । यो समूहमा स्वदेशी र विदेशी दुवैलाई समावेश गरिनेछ । यो समूहको कम्तीमा पनि एकजना व्यक्ति कानुनी पृष्ठभूमिको र अन्तर्राष्ट्रिय कानुनी संरचना/महिला विरुद्धको हिंसा तथा बेचबिखनको संयुक्त राष्ट्र संघीय प्रावधानको लैंगिक बुझाइ भएको हुनुपर्नेछ ।

*(यसका कल्पनाकार मीना पौडेल हुनुहुन्छ ।)*

“ विषय अनुसारको सिलसिला उठाएर तर्कपूर्ण बहस गर्नका लागि हरेक गोलमेच बैठकमा कम्तीमा पनि १५ देखि २५ जनासम्म सहभागीको छनोट गरिने छ । ”

**बेचबिखनबाट प्रभावित व्यक्तिलाई सम्मान र अपराधीलाई समाजिक बहिष्कार गरौं ।**

# महिला अदालत किन ?

**विष्णु ओझा**, संयोजक, एट्वीन



जतिबेलादेखि धर्तीमा मानवजातिको उदय भयो, त्यतिबेलादेखि नै मानवजातिले अन्य प्राणीभन्दा आफूलाई अग्रस्थानमा राख्दै आयो। प्राचीनकालदेखि नै मानवजाति अन्य प्राणीभन्दा बुद्धिमान र चलाख प्राणीको रूपमा परिचित बन्दै आयो । जति-जति मानव समाजले विकासको फड्को मार्दै गयो, त्यति नै मानिसले आफ्नो बुद्धि लगएर सबै वस्तुलाई आफ्नो नियन्त्रणमा राख्दै जान थाल्यो। समाज विकासको सुरुवातसँगै व्यक्तिगत सम्पत्तिको प्रादुर्भाव भयो । व्यक्तिगत सम्पत्तिले पितृसत्ताको उदय गरायो । पितृसत्ताको विकासले निजी विवाहको चलन चलायो । निजी विवाहले महिलालाई निजी सम्पत्तिको रूपमा लिन थाल्यो । निजी विवाह महिलाका लागि मात्र थियो। पुरुषका लागि "मर्दका १० वटी", जति धेरै विवाह गर्‍यो त्यति धेरै पुरुषार्थ र मर्दका नामले चिनिने भयो । यसरी महिलालाई होच्याउने र हेप्ने दोस्रो दर्जाको नागरिकको दर्जामा राख्दै जान थाल्यो। मनुले मनुस्मृतिमा र आदिकवि भानुभक्तले बधुशिक्षामा लेखेका लेखाईहरूबाट सबैकुरा प्रष्ट हुन आउँछ । बधुशिक्षा र मनुस्मृतिले "महिला हाँस्नै हुँदैन, महिला मानिस होइन, पशुसरह हुन् । उनीहरूको बुद्धि र विवेक नै हुँदैन, यिनलाई नकुटी तह लगाउन सकिँदैन । लोग्ने मरेपछि बाँच्ने अधिकार पनि छैन, बाँचे पनि सेतो पहिरन र सुख्खा वस्तुहरू खाएर ज्यान सुकाउनु पर्छ" भन्ने जस्ता निकृष्ट र तल्लो दर्जाका विचारहरू प्रस्तुत गरेको पाइन्छ । सामन्ती युगमा लोग्ने अर्थात् पुरुषलाई देवता र महिलालाई चरणकी दासी बनाइएको थियो । सतीप्रथा जस्तो निकृष्ट चलन पनि हाम्रै देशमा थियो । सामन्ती विचारधाराबाट प्रेरित संस्कारले महिलाले लोग्ने मरेपछि सेतो बस्त्र लगाउनु पर्ने, पास्नी (भात खुवाई) मा लगाएका राता बस्त्र र टिकासमेत लगाउन बन्देज गरी लोग्ने मरेकी महिलाले 'पोइ टोकुवा'को आरोपमा जिउँदो लास भएर बस्नुपर्ने चलन अहिलेसम्म पनि विद्यमान नै छ । धेरै लामो अन्तरालपछि रातो लगाउन हुन्छ र विवाह गर्न हुन्छ भनेर सचेत महिलाहरूबाट सेतो लुगा लगाउने चलनको विरोध गर्न थालेका छन् ।

"सामन्ती विचारधाराबाट प्रेरित संस्कारले महिलाले लोग्ने मरेपछि सेतो बस्त्र लगाउनु पर्ने, पास्नी (भात खुवाई) मा लगाएका राता वस्त्र र टिकासमेत लगाउन बन्देज गरी लोग्ने मरेकी महिलाले पोई टोकुवाको आरोपमा जिउँदो लास भएर बस्नुपर्ने चलन अहिलेसम्म पनि विद्यमान नै छ।"



# महिला अदालत किन ?

विष्णु ओझा, संयोजक, एद्वीन



जतिबेलादेखि धर्तीमा मानवजातिको उदय भयो, त्यतिबेलादेखि नै मानवजातिले अन्य प्राणीभन्दा आफूलाई अग्रस्थानमा राख्दै आयो। प्राचीनकालदेखि नै मानवजाति अन्य प्राणीभन्दा बुद्धिमान र चलाख प्राणीको रूपमा परिचित बन्दै आयो । जति-जति मानव समाजले विकासको फड्को मार्दै गयो, त्यति नै मानिसले आफ्नो बुद्धि लगाएर सबै वस्तुलाई आफ्नो नियन्त्रणमा राख्दै जान थाल्यो। समाज विकासको सुरुवातसँगै व्यक्तिगत सम्पत्तिको प्रादुर्भाव भयो । व्यक्तिगत सम्पत्तिले पितृसत्ताको उदय गरायो । पितृसत्ताको विकासले निजी विवाहको चलन चलायो । निजी विवाहले महिलालाई निजी सम्पत्तिको रूपमा लिन थाल्यो। निजी विवाह महिलाका लागि मात्र थियो। पुरुषका लागि "मर्दका १० वटी", जति धेरै विवाह गऱ्यो त्यति धेरै पुरुषार्थ र मर्दका नामले चिनिने भयो । यसरी महिलालाई होच्याउने र हेप्ने दोस्रो दर्जाको नागरिकको दर्जामा राख्दै जान थाल्यो। मनुले मनुस्मृतिमा र आदिकवि भानुभक्तले बधुशिक्षामा लेखेका लेखाईहरूबाट सबैकुरा प्रष्ट हुन आउँछ । बधुशिक्षा र मनुस्मृतिले "महिला हाँस्नै हुँदैन, महिला मानिस होइन, पशुसरह हुन् । उनीहरूको बुद्धि र विवेक नै हुँदैन, यिनलाई नकुटी तह लगाउन सकिँदैन । लोग्ने मरेपछि बाँच्ने अधिकार पनि छैन, बाँचे पनि सेतो पहिरन र सुख्खा वस्तुहरू खाएर ज्यान सुकाउनु पर्छ" भन्ने जस्ता निकृष्ट र तल्लो दर्जाका विचारहरू प्रस्तुत गरेको पाइन्छ । सामन्ती युगमा लोग्ने अर्थात् पुरुषलाई देवता र महिलालाई चरणकी दासी बनाइएको थियो । सतीप्रथा जस्तो निकृष्ट चलन पनि हाम्रै देशमा थियो । सामन्ती विचारधाराबाट प्रेरित संस्कारले महिलाले लोग्ने मरेपछि सेतो बस्त्र लगाउनु पर्ने, पास्नी (भात खुवाई) मा लगाएका राता बस्त्र र टिकासमेत लगाउन बन्देज गरी लोग्ने मरेकी महिलाले 'पोई टोकुवा'को आरोपमा जिउँदो लास भएर बस्नुपर्ने चलन अहिलेसम्म पनि विद्यमान नै छ । धेरै लामो अन्तरालपछि रातो लगाउन हुन्छ र विवाह गर्न हुन्छ भनेर सचेत महिलाहरूबाट सेतो लुगा लगाउने चलनको विरोध गर्न थालेका छन् ।

" सामन्ती विचारधाराबाट प्रेरित संस्कारले महिलाले लोग्ने मरेपछि सेतो बस्त्र लगाउनु पर्ने, पास्नी (भात खुवाई) मा लगाएका राता बस्त्र र टिकासमेत लगाउन बन्देज गरी लोग्ने मरेकी महिलाले पोई टोकुवाको आरोपमा जिउँदो लास भएर बस्नुपर्ने चलन अहिलेसम्म पनि विद्यमान नै छ। "



# महिला अदालत किन ?

विष्णु ओझा, संयोजक, एट्वीन



जतिबेलादेखि धर्तीमा मानवजातिको उदय भयो, त्यतिबेलादेखि नै मानवजातिले अन्य प्राणीभन्दा आफूलाई अग्रस्थानमा राख्दै आयो । प्राचीनकालदेखि नै मानवजाति अन्य प्राणीभन्दा बुद्धिमान र चलाख प्राणीको रूपमा परिचित बन्दै आयो । जति-जति मानव समाजले विकासको फड्को मार्दै गयो, त्यति नै मानिसले आफ्नो बुद्धि लगाएर सबै वस्तुलाई आफ्नो नियन्त्रणमा राख्दै जान थाल्यो । समाज विकासको सुरुवातसँगै व्यक्तिगत सम्पत्तिको प्रादुर्भाव भयो । व्यक्तिगत सम्पत्तिले पितृसत्ताको उदय गरायो । पितृसत्ताको विकासले निजी विवाहको चलन चलायो । निजी विवाहले महिलालाई निजी सम्पत्तिको रूपमा लिन थाल्यो । निजी विवाह महिलाका लागि मात्र थियो । पुरुषका लागि "मर्दका १० वटी", जति धेरै विवाह गर्‍यो त्यति धेरै पुरुषार्थ र मर्दका नामले चिनिने भयो । यसरी महिलालाई होच्याउने र हेप्ने दोस्रो दर्जाको नागरिकको दर्जामा राख्दै जान थाल्यो । मनुले मनुस्मृतिमा र आदिकवि भानुभक्तले बधुशिक्षामा लेखेका लेखाईहरूबाट सबैकुरा प्रष्ट हुन आउँछ । बधुशिक्षा र मनुस्मृतिले "महिला हाँस्नै हुँदैन, महिला मानिस होइन, पशुसरह हुन् । उनीहरूको बुद्धि र विवेक नै हुँदैन, यिनलाई नकुटी तह लगाउन सकिँदैन । लोग्ने मरेपछि बाँच्ने अधिकार पनि छैन, बाँचे पनि सेतो पहिरन र सुख्खा वस्तुहरू खाएर ज्यान सुकाउनु पर्छ" भन्ने जस्ता निकृष्ट र तल्लो दर्जाका विचारहरू प्रस्तुत गरेको पाइन्छ । सामन्ती युगमा लोग्ने अर्थात् पुरुषलाई देवता र महिलालाई चरणकी दासी बनाइएको थियो । सतीप्रथा जस्तो निकृष्ट चलन पनि हाम्रै देशमा थियो । सामन्ती विचारधाराबाट प्रेरित संस्कारले महिलाले लोग्ने मरेपछि सेतो बस्त्र लगाउनु पर्ने, पास्नी (भात खुवाई) मा लगाएका राता बस्त्र र टिकासमेत लगाउन बन्देज गरी लोग्ने मरेकी महिलाले 'पोई टोकुवा'को आरोपमा जिउँदो लास भएर बस्नुपर्ने चलन अहिलेसम्म पनि विद्यमान नै छ । धेरै लामो अन्तरालपछि रातो लगाउन हुन्छ र विवाह गर्न हुन्छ भनेर सचेत महिलाहरूबाट सेतो लुगा लगाउने चलनको विरोध गर्न थालेका छन् ।

" सामन्ती विचारधाराबाट प्रेरित संस्कारले महिलाले लोग्ने मरेपछि सेतो बस्त्र लगाउनु पर्ने, पास्नी (भात खुवाई) मा लगाएका राता बस्त्र र टिकासमेत लगाउन बन्देज गरी लोग्ने मरेकी महिलाले पोई टोकुवाको आरोपमा जिउँदो लास भएर बस्नुपर्ने चलन अहिलेसम्म पनि विद्यमान नै छ । "



सृष्टिको सुरुवातसँगै महिला र पुरुष हावा र पानी जस्तै एकअर्काको परिपुरकको रूपमा प्रकृतिको अभिन्न अङ्ग बन्दै आयो । आदिम युगमा आजको जस्तो मानव समाज थिएन । तर त्यहाँ नारी र पुरुष बीच असमानता पनि थिएन । समाज मातृसत्तात्मक युगमा प्रवेश हुँदा पुरुषहरूमाथि महिलाहरूको हैकम थियो । तर पुरुषहरूले महिलामाथि गरेको हैकम जस्तो कठोर थिएन । महिलाहरू पुरुषहरू भन्दा बलिया र चलाख थिए । लडाइँमा, शिकारमा अग्रस्थानमा आफूलाई उभ्याएका थिए । उनीहरू सरस्वती, लक्ष्मी, दुर्गा, काली, भगवती आदिका नामबाट पुजिन्थे । क्रमश: महिलाहरूका सम्पूर्ण अधिकार खोसेर सामन्ती युगमा एकलौटी ढङ्गबाट महिलामाथि पुरुषहरूले निर्मम र कठोर शासन चलाए । जति बेलादेखि महिलालाई निजी सम्पत्तिको रूपमा लिन र हेर्न थालियो, त्यतिबेलादेखि नै महिलाको शरीरलाई केवल पैसामा खरिद गर्न र बेच्न सकिने वस्तुको रूपमा लिइँदै आइयो ।

हाम्रो देश पुरुषप्रधान देश हो । पितृसत्तात्मक सामाजिक संरचनामा हाम्रो समाज अहिले पनि चलिरहेको छ । पितृ भन्नासाथ पिता वा पति भन्ने रूपमा बुभ्नु पर्दछ । एउटी छोरी विवाहपूर्व पिताले चलाएको शासनमा हुर्किन्छिन् । विवाहपश्चात् पतिले चलाएको शासनमा बस्न बाध्य हुन्छिन् भने बुढेस कालमा आफैले जन्माएको छोराको शासनमा जीवनको अन्तिम संस्कार हुने गर्दछ । घर बाहिरको घटना र दुर्घटनाबाट भन्दा पनि धेरै हिंसा र दुर्घटना घरभित्र हुने गर्दछ । भनिन्छ १५ देखि ४४ वर्षसम्म महिलाले आफ्नो स्वस्थ जीवन घरेलु हिंसाबाट गुमाएका छन् भन्ने कुरा विश्व बैंकको सर्वेक्षणले देखाएको छ । परिवारमा पनि सबैभन्दा बढी लोग्नेको पिटाइ र दुर्व्यवहारको शिकार बन्दै आएका छन् । संयुक्त राष्ट्र संघका महासचिव कोफी अन्नानले एक समारोह बीच महिला विरुद्धको हिंसा सबैभन्दा लज्जाजनक मानवअधिकारको उलंघन हो । यस्तो हिंसालाई कुनै भू-भाग, संस्कृति, धनको सीमाले छेकबार लगाउन सकेको छैन । यस्ता हिंसालाई अन्त्य गर्नेतर्फ नलाग्ने हो भने समानता, विकास र शान्ति वास्तविक रूपमा पाउन सकिंदैन । घर, समाज र देशले प्रगति गर्न सक्दैन । हाम्रो देशमा महिलामाथि हिंसा किन भयो भनेर विश्लेषण गर्ने हो भने पैतृक सम्पत्तिमा अधिकार छैन, सुरक्षित बास छैन, जग्गा जमीनमा पहुँच छैन, शिक्षामा समानता छैन, स्वस्थ जीवन छैन, श्रमको मूल्याङ्कन र पहिचान पनि छैन । राज्यद्वारा निर्देशित हक महिलालाई दिएको छैन । अहिले पनि राज्यले महिलालाई दोस्रो दर्जाको नागरिक बनाएको छ । महिलाविरुद्ध भेदभाव उन्मुलन महासन्धि (CEDAW) १९८९ मा पारित भई १९९१ मा नेपाल सरकारले बिनाशर्त अनुमोदन गरेको आज दशौं वर्ष बितिसक्दा पनि उक्त महासन्धिले दिएको अधिकारहरू महिलाहरूले प्राप्त गर्न सकेका छैनन् । बाभिएका विभेदपूर्ण कानुनहरू अझै पनि विद्यमान छन् । घरेलु हिंसा गर्न पाइँदैन भनेर आजसम्म कानुन बन्न सकेको छैन, जसले गर्दा महिलामाथि हुने घरेलु हिंसा दिन प्रतिदिन बढ्दै गइरहेको छ । कहिले दाइजो नपाएकोले महिलाहरूलाई जलाएर मार्ने गरिन्छ त कहिले रोजगारीको खोजीमा विदेश भौंतारिंदा उनीहरूको श्रमशोषण, यौनशोषण र बेचबिखनको शिकार बन्नु परेको छ र कहिले उनीहरू आफन्तहरूबाट बलात्कारको शिकार बनेका छन् । अनमेल विवाह र बहुविवाह जस्ता घटनाले महिलाहरू बौलाएर हिंड्न समेत बाध्य बनाइन्छ । बहुविवाह र घर भित्रको आमाबुवाको कुटपिट र भगडाले साना बालबालिकाहरू घरमा बस्न नसकी खाते बन्न बाध्य छन् । CEDAW ले नागरिकताको अधिकार महिला र पुरुष दुवैलाई दिएको छ । तर नेपालको कानुनले बाबुको ठेगान नभएको बालबालिकाले नागरिकता नपाउने र पुरुषले विदेशीसँग विवाह गर्दा विवाह भएर आउने श्रीमती र बच्चाले नागरिकता पाउने तर एउटी महिलाले विदेशी पुरुषसँग विवाह गर्दा उसको लोग्ने र बच्चाले नेपालको नागरिकता नपाउने व्यवस्था छ, जसले गर्दा त्यसको असर महिला र बालबालिकामा परेको छ । महिलाहरूलाई गर्भवती बनाई धोका दिएर भाग्ने पुरुषहरू, तर त्यसको सजाय महिला र जन्मेको बालबालिकाले किन भोग्ने ? तसर्थ विभेदपूर्ण कानुनले महिलालाई दोस्रो दर्जाको नागरिक बनाएको छ । बदमास, बेइमान पुरुषहरूका कारणले धेरै बालबालिकाहरू महिलाहरू राज्य विहिनताको अवस्थामा पुगेका छन् । जन्मदर्ता, विद्यालय, भर्ना र नागरिकताको अधिकारबाट बञ्चित गरी धेरै

> " आमाले आफ्नो सन्तानको नागरिकता सिफारिस गर्ने अधिकार पाउनुपर्छ । कसैलाई पनि अर्काको अधिकार खोस्ने अधिकार छैन । महिलाहरूले पनि मन परेको स्वदेशी वा विदेशीसँग विवाह गर्न पाउनु पर्छ । विवाह गर्दा अधिकार खोसिनु हुँदैन । त्यस्तो अधिकार नेपालको संविधान ऐन कानुनले संरक्षण गर्नु पर्दछ । "

बालबालिकाहरूलाई राज्य विहिनताको अवस्थामा पुऱ्याएको छ । देशलाई अग्रगतिमा लैजानका लागि विभेदयुक्त त्रुटिपूर्ण कानुनलाई समयमै संसोधन गरेर समानताको कानुन तत्काल बनाइनु पर्दछ । नेपाली महिलाले नेपालभित्र जुनसुकै कुनामा, जुनसुकै वर्गमा जन्मेको सन्तानले पनि नेपालको नागरिकताको हक पाउनु पर्दछ । आमाले आफ्नो सन्तानको नागरिकता सिफारिस गर्ने अधिकार पाउनुपर्छ । कसैलाई पनि अर्काको अधिकार खोस्ने अधिकार छैन । महिलाहरूले पनि मन परेको स्वदेशी वा विदेशीसँग विवाह गर्न पाउनु पर्छ । विवाह गर्दा अधिकार खोसिनु हुँदैन । त्यस्तो अधिकार नेपालको संविधान ऐन कानुनले संरक्षण गर्नु पर्दछ ।

हिंसाले विश्वमा नै भयावह रूप लिइरहेको छ । धेरै रिसर्चहरूले विश्वमा दैनिक प्रत्येक ५ सेकेण्डमा १ जना महिलाले आफ्नो श्रीमानको पिटाई खाइरहेकी हुन्छिन् । ल्याटिन अमेरिकामा ६१५ महिलाहरू श्रीमानद्वारा पिटिने गर्छन् । क्याम्बोडियामा १०५ भन्दा बढी श्रीमानहरूले आफ्नो श्रीमतीलाई शारीरिक यातना दिने गरेको पाइन्छ । बंगलादेशमा ६०५ महिलाहरू घरेलु हिंसाबाट पीडित छन् । एक अध्ययनले अमेरिकामा प्रत्येक दिन १६०० जना महिलाहरू बलात्कार हुने देखाएको छ । उनीहरू बढीजसो घरको परिवारबाट नै बलात्कृत हुने गर्दछन् । एक संस्थाबाट प्रकाशित तथ्याङ्कअनुसार नेपालमा घरेलु हिंसाका कारण सम्बन्ध विच्छेदको लागि ८०५ मुद्दाहरू श्रीमान्को हिंसाका कारण दर्ता भएको देखिएको छ ।

मानव सृष्टिको सुरुमा महिला र पुरुषमा कुनै भेदभाव थिएन । कुनै प्रकारको हिंसा थिएन । क्रमशः महिलालाई वस्तु वा मनोरञ्जनको साधन मात्र ठान्न थाले । विस्तारै पुरुषप्रधान भएको यस समाजले महिलालाई पुरुषले चाहेको वखतमा जसरी पनि प्रयोग गर्न थालियो । अन्ततः महिलामाथि हुने घरेलु हिंसाले झन्-झन् गम्भिर रूप लिन थाल्यो । महिला तथा बालबालिकाहरूको बेचविखन, महिलाविरुद्ध हुने घरेलु हिंसाको उपज हो र यो झनै गम्भिर हिंसा हो । मुलुकी ऐन २०२० को महल ११ मा जीउ मास्ने-बेच्ने कार्य (नियन्त्रण) ऐन २०४३ विद्यमान कानुनले जसलाई ललाई-फकाई, झुक्याई, डर, त्रास र लोभ देखाई शक्ति र ओहोदाको प्रयोग एक ठाउँबाट अर्को ठाउँमा लगी उसको इच्छा विपरीत बेचबिखन गरिन्छ, ती महिला वा बालबालिका जोसुकैले पनि क्षतीपूर्तीसहित न्याय पाएको अवस्था छैन । उल्टै बरु बेचबिखनमा संलग्न अपराधीलाई निर्दोष सावित गरिएको देखिन्छ । जसले गर्दा उनीहरूको मनोबल उच्च भएको छ भने पीडित पक्षले सही रूपमा न्याय नपाएको हुँदा उनीहरूको मनाबल खस्कँदै गएको छ र उनीहरू हत्तपत्त अदालत जान मानिरहेका छैनन् । यसले के कुरा प्रमाणित गरेको छ भने, बेचबिखन नियन्त्रण कानुन अत्यन्त कमजोर छ, जुन कानुनले अपराधीहरूलाई मात्र प्रोत्साहन गरेको छ ।

> "एक ठाउँबाट अर्को ठाउँमा बसाई सर्नु, हिँडडुल गर्नु, जीविकोपार्जनका माध्यमहरू खोज्न पाउनु मानिसको हिँडडुल गर्ने स्वतन्त्रता हो । देशभित्र वा बाहिर जुन गाउँ वा शहर, घरभित्र वा बाहिर, जहाँ गएर पनि सुरक्षित तरिकाले आ-आफ्नो काम गर्न पाउने स्वतन्त्र अधिकार सबै नागरिकलाई छ । तर सुरक्षाको ग्यारेन्टी भने सरकारले दिनु पर्दछ ।"

नेपालजस्तो अविकसित देशमा कहिले बसाइँसराइ, कहिले जीवनयापनको खोजीमा भौतारिँदा, कहिले घरभित्रको हिंसा, आफन्तहरूबाटै बलात्कार हुँदा कहिले सौतेनी आमाको पेलान आदिले गर्दा महिला र बालबालिकाहरूको बेचबिखन हुने गर्दछ । एक ठाउँबाट अर्को ठाउँमा बसाई सर्नु, हिंडडुल गर्नु, जीविकोपार्जनका माध्यमहरू खोज्न पाउनु मानिसको हिंडडुल गर्ने स्वतन्त्रता हो । देशभित्र वा बाहिर जुन गाउँ वा शहर, घरभित्र वा बाहिर, जहाँ गएर पनि सुरक्षित तरिकाले आ-आफ्नो काम गर्न पाउने स्वतन्त्र अधिकार सबै नागरिकलाई छ । तर सुरक्षाको ग्यारेन्टी भने सरकारले दिनु पर्दछ । यो मानिसको मानवअधिकारभित्र पर्दछ । राज्यका जिम्मेवार निकाय, व्यक्ति, परिवार समाज र सम्वन्धित निकाय जिम्मेवार नभैदिएको कारण आज के महिला, के पुरुष, के बालबालिका, सबैको बेचबिखन भैरहेको छ । अझै यो कार्य बढी खतरनाक ढङ्गले संस्थागत रूपमा संजालहरूको जाल बिछ्याउँदै अत्यन्त नाटकीय रूपमा अगाडि बढ्दै छ । संवेदनशील हुनुपर्ने निकायहरू सम्वेदनशील नभएकाले, जिम्मा लिनुपर्ने निकाय जिम्मेवार नभईदिएकोले ती विभिन्न हिंसाबाट प्रभावित व्यक्तिहरूले न्याय नपाएपछि जिम्मेवार पक्षको ध्यानाकर्षण गर्न र सम्वेदनशील र जिम्मेवार बनाउने उद्देश्य महिला अदालतको उद्देश्य रकेको थियो । हिंसाको विभिन्न रूपहरू सार्वजनिक गर्न, समस्या समाधानतर्फ अर्थात् हिंसालाई

घरभित्रदेखि नै अन्त्य गर्न सबैलाई प्रतिवद्धता गराउने, व्यक्ति, परिवार, समाज, गै.स.स.हरू र राज्यका सम्बन्धित निकायलाई हालसम्म समीक्षा गर्न र साझा भावी रणनीति तयार गरी महिलामाथि हुने घरेलु हिंसाको अन्त्य गर्ने घोषणा गर्ने समेत यस अदालतको लक्ष रहेको थियो । फेरि-फेरि पनि मानवहरूको मानवअधिकार हनन् नहोस्, सबै निकाय जिम्मेवार वनुन् र समस्यावाट पीडित वर्गले समयमै अदालतबाट न्याय पाओस्, महिला अदालत गरेर बारम्वार जिम्मेवार निकायहरूको ध्यान आकर्षण गराउन नपरोस् भन्ने अदालतका सहभागीहरूको अपेक्षा रहेको थियो । महिला अदालत पितृसत्तात्मक सोचलाई चुनौती दिनका लागि पनि हो, पुरुषप्रधान समाजको संकिर्ण विचारलाई फराकिलो पर्न पनि हो । पितृसत्तात्मक सामाजिक संरचनाले उत्पत्ति गरेका तर उजागर हुन नसकेका न्यायका समस्याहरूलाई सार्वजनिकरण गरी सबैको ध्यानाकर्षण गर्नु हो । मानिसको बेचबिखन र हिंसा हुनु भनेको सभ्य समाजको दासताको आधुनिक रूप हो, मानवअधिकार हननको निकृष्ट शैली हो । नेपाल, भारत, बंगलादेश, पाकिस्तान, श्रीलंका र अफगानिस्तानमा एक सर्वेक्षणले ५ करोड महिलाहरू तथ्याङ्कबाट हराएको र घरेलु हिंसाले नै महिलाहरूलाई बेपत्ता पारिएको अध्ययनलाई अक्सफाम नेपाल, भारत, बंगलादेश, श्रीलंका, अफगानिस्तान र पाकिस्तानका प्रतिनिधिहरूले ६ वर्षदेखिको छलफल विश्लेषण गरी यी ६ वटा देशमा सबैभन्दा बढी महिला हिंसा घरबाट भएको छ भन्ने निश्कर्ष निकालिएको थियो । यस अभियानलाई नेपालमा सुरु गर्ने घोषणा गर्ने महिला अदालतको मुख्य उद्देश्य रहेको थियो । विश्वव्यापिकरण र शासन व्यवस्थाको पितृसत्तात्मक सोंचको वर्तमान अवस्थासँग जोडिएको महिलाविरुद्ध हुने घरेलु हिंसा र घेरलु हिंसासँग जोडिएको मानववेचबिखनप्रति अभियानकर्ताहरूलाई उत्तरदायी बनाउनुपर्ने आवश्यकता देखिएको छ ।

**महिला अदालतको निश्कर्ष:**

चेलिबेटी बेचबिखनको समस्यालाई परम्परागत तरिकाबाट समाधान गर्न खोजेर सम्भव छैन, जुन यौनव्यवसायमा मात्र केन्द्रित छैन । किनकि चेलिबेटी बेचबिखन विभिन्न प्रयोजनका लागि हुने गर्दछ । जस्तैः यौनदासी, बँधुवा मजदुर, सर्कस, अङ्ग प्रत्यारोपण, विवाह आदि । त्यसले गर्दा यस समस्यालाई विश्लेषण गर्ने दृष्टिकोण फराकिलो हुनुपर्दछ । बेचबिखन र यौनव्यवसायलाई दुईवटा छुट्टा-छुट्टै सवालको रूपमा हेरिनु पर्दछ । सुनुवाईका वक्ताहरूबाट सामाजिक बहिष्कारको कुरा प्रमुख मुद्दाको रूपमा उठ्यो, जसले सिंगो न्याय प्रणालीमाथि प्रश्न उठाएको छ । यो हाम्रो सामाजिक मूल्य मान्यतासँग मात्र गाँसिएको नभएर सिंगो न्याय प्रणालीभित्रको त्रुटीपूर्ण प्रक्रियासँग जोडिएको छ, जसले महिला अस्तित्वमाथि निरन्तर प्रहार गरिरहेको छ । पुनर्स्थापनाको नाममा खोलिएका गृहहरूबाट प्रभावितहरूलाई गरिएका व्यवहारहरूमाथि पनि ठूलो प्रश्नचिन्ह खडा भएको प्रभावितहरूको भनाईबाट प्रष्ट भयो । पुनर्स्थापना केन्द्रहरूको क्रियाकलापहरूलाई अनुगमन गरिनु पर्दछ र प्रभावितहरूलाई समुदायमा नै सम्मानजनक तरिकाले स्थापित गरिनु पर्दछ । क्षतिपूर्तिको सवालमा अपराधीबाट जरिवाना गराएर त्यो रकम राज्यको कोषमा नगई प्रभावित व्यक्तिको जीवनयापनको लागि छुट्याइनु पर्दछ । यसको लागि राज्यको नीति प्रष्ट हुनु पर्दछ । वर्तमान कानुनी संरचना पटक्कै प्रभावकारी छैन । त्यसकारण नेपालको कानुनी संरचना तत्काल पुनर्गठन गरिनु पर्दछ । राज्यको नीति निर्माण गर्ने तहमा बस्ने नीति निर्माताहरू महिलाहरूको सवालमा संवेदनशील हुनु पर्दछ । पितृसत्तात्मक सामाजिक संरचनालाई परिवर्तन गर्दै महिला र पुरुष यस देशका सम्मानित नागरिक हुन् । देश विकासको मूल प्रवाहमा समावेश गरी हिंसा र भेदभावरहित जीवन जिउने अधिकार सबैको भएको हुँदा राज्यले वातावरण बनाउनु पर्दछ । कसैलाई पनि राज्य विहिनताको अवस्थामा पुऱ्याउनु हुँदैन । जब महिलाहरू घरेलु हिंसाका शिकार बन्दछन्, तब सामाजिक रूपमा विस्थापित भई बेचबिखन हुने, विदेशिने अवस्थाको सृजना हुन्छ । यी समस्या समाधानका लागि राज्यका सम्बन्धित निकाय र अभियानकर्ताहरू बढी जिम्मेवार हुनु पर्दछ । ●

**"जब महिलाहरू घरेलु हिंसाका शिकार बन्दछन्, तब सामाजिक रूपमा विस्थापित भई बेचबिखन हुने, विदेशिने अवस्थाको सृजना हुन्छ । यी समस्या समाधानका लागि राज्यका सम्बन्धित निकाय र अभियानकर्ताहरू बढी जिम्मेवार हुनु पर्दछ ।"**

# महिलामाथि हुने हिंसा विरुद्धको सहकार्य: आजको आवश्यकता

बिम्बा भट्टराई, अक्सफाम जी.बी., नेपाल कार्यक्रम



> "धर्म, समाज, पितृसत्तात्मक सोँच र व्यवहारका कारणले महिलामाथि हुँदै आएका सामाजिक विभेद र हिंसाका आधारभूत मान्यताहरू उस्तै छन् र केवल तिनका स्वरूपहरू मात्र परिवर्तित भएका छन् ।"

गत २०६१ पुस ७ गतेको दिन, जाडोको महिना, प्रज्ञा प्रतिष्ठानको प्राङ्गणमा महिला अदालतको प्रत्यक्ष अनुभव गर्न र आखिर के हो त यो महिला अदालत भनेर उत्सुकताका साथ भेला भएका सयौं महिला, पुरुषहरू र यस महिला अदालत नामक कार्यक्रममा आफ्नो जीवनमा आइपरेका दु:ख, अप्ठेरा, महिला भएकै कारणले घर, समाज र राष्ट्रसम्मले विभेद गरेका पीडादायी अनुभवहरू सुनाउन, आफूले भोगेको दु:खले व्यक्ति समाज र राष्ट्रलाई नै घच्घच्याउने उच्च मनोबल लिएर सहभागी महिला अदालतका वक्ताहरूको उपस्थिति थियो त्यहाँ ।

सुन्नेहरूले सुने यस अदालतका बारेमा । धेरैले प्रश्न उठाए, के यो हाम्रो देशमा भएको अदालतको विकल्प नै हो त ? यस कार्यक्रमको ७ दिन अगाडि (मसिर ३० मा) आयोजना गरिएको पत्रकार सम्मेलनमा पनि धेरैजसो पत्रकारहरूको यहीं उत्सुकता थियो ।

अदालत त अदालत नै हो जसलाई जे विश्लेषण र उपाधि दिए पनि त हुन्छ, तर वास्तविक प्रश्न कुनैपनि निकायको कार्य प्रणालीसँग सम्बन्धित हुन्छ । सोझो अर्थमा दोहोर्‍याउनु पर्दा त्यो अदालत राष्ट्रको न्यायिक निकाय अदालतको विकल्प थिएन र हुनु पनि हुँदैन थियो । तर त्यहाँ प्रत्यक्ष आफ्नो पीडा सुनाउन आउने सहभागीहरूको लागि त्यो शाश्वत सत्य थियो । त्यहाँ सत्य बोल्नको लागि गीतामा हात राखेर कसम खाउनु पर्दैन थियो । उनीहरूको हृदयको जुन आर्तनाद प्रज्ञा प्रतिष्ठानको हलमा त्यस दिन गुञ्जिएको थियो, त्यसले यस देशका समाज र राष्ट्रले परम्परा, धर्म, संस्कार र महिला हुनुको नाममा मान्छेमाथि थोपरेको अन्याय र विभेदको प्रत्यक्ष सुनुवाई थियो त्यो ।

अहिले हामीलाई लाग्छ युग फेरिइसकेको छ । पृथ्वी गोलो घुम्दा-घुम्दै धेरै वर्ष र दिनहरू बित्ने क्रममा हामी कहाँ पनि थुप्रै परिवर्तनहरू भएका छन् । आँखाले देखिने धेरै विकासहरू भएका छन्, गाउँ-गाउँमा शहरीकरण बढ्दो छ । हाम्रा आमा र हजुरआमाका पालामा भन्दा हामीले सजिलै दुई अक्षर चिन्ने र केही गर्ने मौका पाएका छौं । तर महिला अदालतको त्यो एक दिने सुनुवाई कार्यक्रमका वेदनाहरू आफूभित्र घनिभूत भइरहँदा मलाई यस्तो लाग्यो, मानौं सयौं वर्षको समयको परिवर्तनसँगै हाम्रो समाजमा महिलाहरूका लागि धेरै कुराहरू परिवर्तन भएका छैनन् । धर्म, समाज, पितृसत्तात्मक सोँच र व्यवहारका कारणले महिलामाथि हुँदै आएका सामाजिक विभेद र हिंसाका आधारभूत मान्यताहरू उस्तै छन् र केवल तिनका स्वरूपहरू मात्र परिवर्तित भएका छन् । अहिले सती प्रथाबाट जल्ने महिलाहरू छैनन्, तर महिला भएकै नाताले पारिवारिक हिंसाबाट गुज्रिएर पल-पल ज्यूँदै जलेर बाँचिरहेका थुप्रै महिलाहरू छन् । ती जन्मदै हेलाका पात्र भएका छन्, परिवार, समाज र राज्यले नदिएका अवसर र सुखको खोजीमा झुक्याइएर बेचिएका छन्, विवाहको नाममा प्रताडित गरिएका छन् । बाबुले अर्काको नासो भनेर राखेको, श्रीमान्ले अर्की स्वास्नी ल्याएर घरबाट निकालिदिएको अवस्थामा राज्यले समेत एक नागरिकको हैसियत नदिँदा पीडित आफू र आफ्ना छोरा-छोरीको हकको लागि लड्नसमेत नसक्ने पारिएका छन् । त्यस दिन त्यो सांकेतिक अदालतमा आफ्नो वेदना सुनाउने महिलाहरू

त यस्ता धेरै महिलाका प्रतिनिधि मात्रै थिए, जो यो तथाकथित सभ्य समाजका मानिसहरूलाई झकझक्याउनको लागि निमित्त बन्न तयार थिए ।

दुई वर्षे बालिका बलात्कृत हुने र बलात्कारी निर्धक्क छाती फुकाएर हिँडिरहने अनि ती अबोध बालिकालाई नै लाञ्छित गर्ने हाम्रै समाजको यथार्थ बोलिरहेको थियो त्यहाँ । महिला त महिला न हुन्, चाहे उनी दुई वर्षकी हुन् वा सत्तरी वर्षकी । यस पितृसत्तात्मक सोंचले आक्रान्त समाजमा प्रताडित हुन र लाञ्छित हुन केवल महिला भए काफी हुन्छ भन्ने कुराको उदाहरण यी दुई वर्षे बलात्कृत बालिका र ७० वर्षकी १२, १५ नाति-नातिनाकी हजुरआमा थिइन्, जसलाई यो उमेरमा श्रीमान् र छोराछोरी समेतले चारित्रिक लाञ्छना लगाई खान, लाउन र बस्न समेत दिन छोडेका थिए ।

त्यस अदालतमा बोक्सीको नाममा प्रताडित भएका, दाइजो नल्याएको नाममा घरबाट निकालिएका प्रेमको नाटक रचेर गर्भवती बनाई अलपत्र पारिएका, सर्कस र वेश्यालयमा बेचिएका, चरित्रको लाञ्छना लगाइएका, घरभित्रको कुटपिट अनि बलात्कार जस्ता हिंसात्मक घटनाका पीडितहरूले आ-आफ्नो वेदनाहरू पोखेका थिए । यस किसिमका धेरै घटनाहरू हामीलाई सामान्य झैं लाग्दछन्, किनभने यस्ता घटनाहरू हामी दिनहुँ सुनिरहेका र देखिरहेका हुन्छौं । तर के यी सामान्य र महत्वहिन घटनाहरू हुन त ? जब हाम्रा वरिपरि महिलामाथि यति धेरै विभेद र हिंसा भइरहेका छन् भने यसले के संकेत गर्दछ ? हाम्रो तथाकथित सभ्य समाजको भित्री स्वरूप कस्तो छ त ?

यिनै सन्दर्भ र अवस्थाको पृष्ठभूमिमा 'महिलामाथि हुने हिंसाको अन्त्य गर्न हामी सक्छौं' भन्ने मूल मर्म बोकेर अक्सफामले दक्षिण एसियाका छ वटा देशहरूमा महिलामाथि हुने हिंसाको विरुद्धमा "हामी सक्छौं" (WE CAN) भन्ने अभियान शुरु गरेको हो । यसै अभियानको औपचारिक प्रारम्भको रूपमा गत पुस ७ गते यस महिला अदालतको आयोजना गरिएको थियो । यस कार्यक्रमको उद्घाटन सत्र र महिलामाथि हुने हिंसाका विविध पक्षहरूबारे सैद्धान्तिक बहसको कार्यक्रम पुस ६ गते सञ्चालन गरिएको थियो ।

दक्षिण एसियाका छ वटा समान सामाजिक आर्थिक संरचना भएका र प्रशस्त मात्रामा महिलामाथि हिंसा हुने गरेका देशहरू नेपाल, भारत, पाकिस्तान, बंगलादेश, श्रीलंका र अफगानिस्तान (यहाँ अभियान प्रारम्भिक अवस्थामा छ) मा एकीकृत रूपमा यो अभियान सञ्चालन गरिएको छ । विभिन्न अध्ययनहरूले देखाएअनुसार दक्षिण एसिया क्षेत्रमा मात्र करीब पाँच करोड महिलाहरू हराइरहेका छन् । प्रत्येक १०० पुरुष बराबर यस क्षेत्रमा केवल ९४ महिलाहरू छन् । यो लैंगिक असन्तुलनको कारक तत्वको रूपमा महिलामाथि हुने सबै प्रकारका हिंसालाई लिइएको छ । महिलामाथि हुने विभिन्न प्रकारका हिंसाहरू- जस्तै छोरी भएको थाहा भएमा गर्भ मै तुहाई दिनु, पोषणको अभाव, उचित स्याहार र स्वास्थ्य सेवाको कमी, दाइजोको कमीले गर्दा जलाएर मारिदिनु, वेचविखनमा पर्नु जस्ता विभिन्न विभेदयुक्त व्यवहारहरू जुन एउटी स्त्री जातिमाथि उसको जन्म हुनुभन्दा अघि भ्रूणावस्थादेखि नै शुरु हुन्छन्, नै यस लैंगिक असन्तुलनको मूल कारणहरू हुन् ।

यसरी महिलामाथि हुने हिंसाको शुरुवात आमाको कोखदेखि घर, समाज हुँदै राज्यको स्तरसम्म विस्तारित हुने र एउटी महिलाले विभेदयुक्त हिंसात्मक व्यवहारहरू जीवनको कुनै पनि कालखण्ड वा जीवन पर्यन्त भोगिरहनु पर्ने यथार्थ हाम्रो सामु छ । त्यसैले महिलामाथि हुने हिंसा विरुद्धको यस अभियानलाई घरायसी हिंसामाथि लक्षित गरिएको छ । यस अभियानको मुख्य लक्ष्य व्यक्तिहरूको सोंच र व्यवहारमा परिवर्तन ल्याई सामाजिक रूपमा महिलामाथि हुने हिंसाप्रतिको मान्यता र सोंचमा परिवर्तन ल्याउनु हो ।

सामान्यतया हाम्रो समाजमा सामाजिक मूल्य, मान्यता र पितृसत्तात्मक सोचको कारणले महिलामाथि हुने हिंसालाई त्यति ठूलो समस्याको रूपमा लिइँदैन । घरभित्र वा बाहिर जहाँसुकै भए पनि महिलामाथि हुने हिंसाका

**"यस पितृसत्तात्मक सोंचले आक्रान्त समाजमा प्रताडित हुन र लाञ्छित हुन केवल महिला भए काफी हुन्छ भन्ने कुराको उदाहरण यी दुई वर्षे बलात्कृत बालिका र ७० वर्षकी १२, १५ नाति-नातिनाकी हजुरआमा थिइन्, जसलाई यो उमेरमा श्रीमान् र छोराछोरी समेतले चारित्रिक लाञ्छना लगाई खान, लाउन र बस्न समेत दिन छोडेका थिए ।"**

घटनाहरूलाई सामाजिक समस्याको रूपमा नलिई उनीहरूको नितान्त व्यक्तिगत घटनाको रूपमा लिइने, यस्ता घटनाहरूलाई महिलाको इज्जत र मर्यादाको विषयवस्तु बनाउने र अन्य वरिपरिका व्यक्तिहरूले पनि अर्काको निजी मामिला भनेर चासो नदेखाउने प्रवृत्ति हाम्रो समाजमा छ । त्यसैगरी महिलाहरूलाई पनि सामाजिक र पारिवारिक प्रतिष्ठाको लागि आफूमाथि हुने हिंसा र पीडालाई सकेसम्म सहेर र लुकाएर राख्नुपर्छ भन्ने मान्यतामा हुर्काइन्छ । त्यसैले यस अभियानको पहिलो चरणमा महिलामाथि हुने विभिन्न प्रकारका हिंसाहरू (जस्तै : शारीरिक, मानसिक, आर्थिक, इत्यादि) बारे जनचेतना जगाउने र महिलामाथि हुने हिंसाका विभिन्न स्वरूपहरूको पहिचान गर्नमा केन्द्रित हुनेछ । यसरी यस अभियानले आगामी सन् २०११ सम्ममा महिलामाथि हुने हिंसाविरुद्ध चेतना जगाउँदै समाजमा रहेको यस्तो सोच र प्रवृत्तिमा सकारात्मक परिवर्तन ल्याउनको लागि निम्न उद्देश्यहरू हासिल गर्ने लक्ष्य लिएको छ ।

- महिलामाथि हुने हिंसाप्रतिको सामाजिक सोच र व्यवहारमा उल्लेख्य रूपमा कमी ल्याउने ।
- समुदायका विभिन्न निकायहरूका बीच महिलामाथि हुने हिंसाविरुद्ध प्रष्ट र एकीकृत अडानको विकास गर्ने ।
- महिलामाथि हुने सबै प्रकारका हिंसाको अन्त्य गर्नको लागि विभिन्न लोकप्रिय र सान्दर्भिक माध्यमहरू मार्फत् अभियानको शन्देशहरू समुदायमा पुऱ्याउने ।
- महिलामाथि हुने हिंसाको विरुद्ध स्थानीय, राष्ट्रिय र क्षेत्रीय सञ्जालहरूको निर्माण गर्ने ।

यसरी उल्लेखित लक्ष्यहरू हासिल गर्नको लागि यस अभियानले सन् २०११ सम्ममा दक्षिण एसियाका अभियान शुरु गरिएका ६ वटा राष्ट्रहरूका ५० लाख सर्वसाधारण महिला र पुरुषहरूलाई परिवर्तनका संवाहक (Change Makers) को रूपमा परिचालित गर्ने रणनीति लिएको छ । यस अभियानको लक्ष्यअनुरूप सामान्य महिला तथा पुरुषहरूको सोच र व्यवहारमा परिवर्तन ल्याई महिलामाथि हुने हिंसा र लैंगिक विभेदमा कमी ल्याउने कार्यमा परिवर्तनका संवाहकहरूको अत्यन्तै महत्वपूर्ण र प्रभावकारी भूमिका रहने कुरालाई जोड दिइएको छ । परिवर्तनका संवाहकहरू सबै तह, उमेर, धर्मका र विभिन्न पेशा अपनाएका सर्वसाधारण महिला तथा पुरुषहरू हुन सक्छन्, जो आफ्नो समुदायमा लैंगिक विभेदयुक्त व्यवहार र महिलामाथि हुने हिंसाकोविरुद्ध उभिन चाहन्छन् । उनीहरू यस्ता घटनाहरू हुन नदिन अरुलाई प्रेरित गर्दछन् । त्यसैले महिलामाथि हुने हिंसाका विरुद्धमा उभिने र अडान लिन चाहने जो कोहि व्यक्ति परिवर्तनका संवाहकको रूपमा यस अभियानमा सामेल हुन सक्दछन् ।

> "परिवर्तनका संवाहकहरू सबै तह, उमेर, धर्मका र विभिन्न पेशा अपनाएका सर्वसाधारण महिला तथा पुरुषहरू हुन सक्छन्, जो आफ्नो समुदायमा लैंगिक विभेदयुक्त व्यवहार र महिलामाथि हुने हिंसाकोविरुद्ध उभिन चाहन्छन् । उनीहरू यस्ता घटनाहरू हुन नदिन अरुलाई प्रेरित गर्दछन् । त्यसैले महिलामाथि हुने हिंसाका विरुद्धमा उभिने र अडान लिन चाहने जो कोहि व्यक्ति परिवर्तनका संवाहकको रूपमा यस अभियानमा सामेल हुन सक्दछन् ।"

यस अभियानलाई व्यक्ति र समुदायदेखि राष्ट्रिय स्तरसम्म पुऱ्याउन महिलामाथि हुने हिंसाको विरुद्धमा कार्यरत सामान्य व्यक्तिदेखि लिएर समुदाय र राष्ट्रका विभिन्न निकायहरूसँगको एकीकृत सहकार्यको आवश्यकता पर्दछ । त्यसैले यस अभियानमा सहकार्य गर्न चाहने नागरिक समाजका विभिन्न समूहहरू र सञ्जालहरू, शिक्षण संस्थाहरू र संचार माध्यमहरूको साझा अभियानको रूपमा अगाडि बढाउने लक्ष्य यस अभियानले लिएको छ । हाम्रो परिवार, समुदाय र राष्ट्रदेखि दक्षिण एसियाका अन्य देशहरूका समेत साझा समस्याको रूपमा रहेको महिलामाथि हुने हिंसा विरुद्धको अभियानलाई अत्यन्त सशक्त र प्रभावकारी रूपमा संचालन गर्नका लागि हामी सबैको सहकार्य आजको आवश्यकता भएको छ ।

तसर्थ प्रण गरौं, हामी सबैको साझा अभियानले अवश्य नै हाम्रो समाजलाई महिलामाथि हुने हिंसामुक्त सभ्य समाज बनाउन सकिनेछ, जहाँ आउने दिनहरूमा हाम्रा छोरी, चेली, आमा र दिदी-बहिनीहरू परिवार, समुदाय र राज्यमा समतामूलक र सम्मानित जीवन ज्युँन पाउने छन् र हाम्रो समाज वास्तविक सभ्य र सुसंस्कृत समाजको रूपमा विकसित हुनेछ । आउनुहोस्, आजैदेखि यस अभियानमा आ-आफ्नो ठाउँ, अवस्था र क्षमता अनुरूपको सहकार्य गरौं र महिलामाथि हुने हिंसाको विरुद्धमा लडौं ।

अन्य जानकारी र सहकार्यको लागि हेर्नुहोस् : www.wecanendvaw.org ●

# हाम्रो देशमा महिला विरुद्धका हिंसा, बेचबिखन र शक्ति समुहको स्थापना

- पूजा मिजार, शक्ति समूह



### भूमिका

नेपाल अधिराज्यको संविधान २०४७ को धारा २० ले शोषण विरुद्धको हक र जीउ मास्ने बेच्ने कार्य (नियन्त्रण) ऐन २०४३ को दफा ३ र ४ मा महिलामाथि कुनै शोषण गर्नु भनेको अपराध हो भनी उल्लेख गरिएको भएता पनि देशको सामाजिक, राजनैतिक, आर्थिक कारणले गर्दा महिला तथा बालबालिकाहरूले विविध शोषण, अन्याय र अत्याचार सहनु परिरहेको छ । बोक्सीको आरोप लगाई दिसा पिसाब खुवाउने, सामुहिक बलात्कार गर्ने, बेइजत गर्ने र गाउँबाट निकाला गर्ने जस्ता शोषणहरू हाम्रो आँखा सामु हुँदै आएको छन् । गरिबी, अशिक्षा, अज्ञानता, बलात्कार, हत्या, हिंसा र लुटपाटबाट पनि महिलाहरू त्यत्तिकै सताइएका छन् । हिंसाका यी स्वरुपहरूमा चेलिबेटी बेचबिखन हाम्रो समाजमा भयावह समस्याका रूपमा देखिएको छ ।

हाम्रो देशमा बेरोजगारी व्याप्त रहेको अवस्थामा हालको द्वन्दको स्थितिले यसलाई झन् बढाउँदै लगेको छ । गरिबीको अवस्थामा बढ्दो बेरोजगारीले पुरुषहरू मात्र हैन महिलाहरूसमेत शहरतिर आकर्षित हुने गरेका छन् । त्यति मात्र हैन विदेशमा गएर कामगर्ने आकर्षण पनि बढ्दो छ । यस्तो अवस्थामा दलालहरूबाट महिलाहरू बेचबिखनको शिकार हुने गरेकाछन् ।

नेपालमा धेरै पहिलेदेखि नै बेचबिखन भइरहेको कुरा हामीहरूले सुन्दै आएका छौं । यो अपराधको शिकारमा विशेषगरी महिला तथा बालबालिकाहरू बढी भइरहेका छन् । त्यसैले हाम्रो सन्दर्भमा बेचबिखनभन्दा महिला तथा बालबालिकाहरूको बेचबिखन भन्न सकिन्छ । घरपरिवार, समाज तथा राज्यबाटै विभिन्न तरिकाले बहिस्कार गरिएका, जातीय तथा लैङ्गिक आधारमा भेदभावमा परेका, शिक्षा, रोजगारी, स्वास्थ्य आदिबाट वञ्चित, विकास कार्यको अवसरबाट बञ्चित, सांस्कृतिक परम्परा, रितिस्थिती तथा धर्मको नाममा अपहेलनाहरू सहन परेका कारण महिला तथा बालबालिकाहरू बेचबिखनको शिकार भइरहेका छन् भन्ने तथ्य हामी सामु रहेकाछन् ।

हाम्रो समाजमा घरेलु हिंसाबाट पीडित, बेचिएकी चेली, बलात्कार भएका महिला वा बालिका हुन्, उनीहरूलाई सहयोग गर्नुको साटो उल्टै घरबाट निकाली दिने, परिवारमा बस्न नदिने, समाजले बहिस्कार गर्ने साथै राष्ट्रले समेत उल्टै उही पीडित तथा प्रभावितहरूमाथि नै दोष थुपारेर विभिन्न शारीरिक तथा मानसिक यातना दिइन्छ । यस्तो अवस्थामा उनीहरू पुन: पीडित भई विभिन्न अपराध कार्यमा संलग्न हुन तथा बेचबिखनको शिकार हुन बाध्य हुन्छन् ।

> "हाम्रो समाजमा घरेलु हिंसाबाट पीडित, बेचिएकी चेली, बलात्कार भएका महिला वा बालिका हुन्, उनीहरूलाई सहयोग गर्नुको साटो उल्टै घरबाट निकाली दिने, परिवारमा बस्न नदिने, समाजले बहिस्कार गर्ने साथै राष्ट्रले समेत उल्टै उही पीडित तथा प्रभावितहरूमाथि नै दोष थुपारेर विभिन्न शारीरिक तथा मानसिक यातना दिइन्छ ।"

प्रजातन्त्र आएको पनि १४ वर्ष भइसक्यो । देशमा प्रजातन्त्र आएपछि देशको विकास हुन्छ, गरिबी निवारण हुन्छ, महिलामाथि हुने अत्याचार, शोषण, दमन, भेदभाव, बेचबिखन, शिक्षामा असमानता आदि कुरामा कमी हुन्छ भन्ने विश्वास, आस्था र चाहाना गर्नेहरूलाई त्यसको ठीक विपरित हुँदै गएको स्थितिले धेरै महिला तथा बालबालिका हरूलाई ठूलो चोट पुऱ्याउदै आएको छ ।

चेलीबेटीहरूलाई ललाई फकाई भारत लगायत विभिन्न कोठीमा बेचिन्छन्, तर त्यसबाट ल्याएको पैसाले दलालहरू खुल्ला रूपमा मोजमस्ती गरेर बसिरहेका छन् । तर एउटा नारी बस्तु सरह बेचिएर कहिल्यै निको नहुने प्राण घातक रोग लागेर आफ्नो देशमा फर्कदा उसलाई परिवार, समाज, र राष्ट्रले किन स्वीकार गर्दैन ? उल्टै तिनीहरूलाई छि:छि:-दूदुर लगायत बहिस्कार र तिरस्कार गर्छन् किन ? यो

> "महिला तथा बालबालिकाको विरूद्धमा हुने यो क्रुरतम अपराधको विरूद्धमा काम गर्ने संघ सस्थाहरू थुप्रै छन् । तर वास्तविक पीडा अनुभव गर्नेहरू र अन्यका बीचमा सोँचाई, गराई, भोगाई र व्यवहारमा यस समूहले धेरै फरक पायो ।"

महिलामाथि गरेको अत्याचार होइन ? यस्तो अत्याचार हुँदाहुँदै हाम्रो कानुन किन मौन छ ? हाम्रा सामु गम्भिर प्रश्नहरू रहेका छन् ।

हाम्रो देशबाट पहिला लुकीछिपी, ललाई-फकाई महिलाहरूको बेचबिखन हुन्थ्यो भने केही वर्षयता महिलाहरूको संस्थागत रूपमा बेचबिखन भैरहेको पाइनु अत्यन्त दुःखद पक्ष रहन गएको छ । हालको द्वन्दको स्थितिले कति मानिसहरूले मानवअधिकार गुमाइरहेकाछन् भने बेचबिखनबाट प्रभावित भएका महिलाहरूको मानवअधिकार झनै छाँयामा परेको देखिन्छ ।

## शक्ति समूहको स्थापना

माथि उल्लेखित शोषणलाई सामाना गर्दै उत्पीडनको मारमा परेका र यस्तो जोखिमबाट जोगिन सफल भएका महिलाहरूको अग्रसरतामा आफुले भोगेका पीडा, आफुमाथि व्यक्ति, घर, परिवार, समाज एवं स्वय राज्यले गरेको व्यवहार र यथार्थ पीडाबाट आफु पुनः पीडित हुन नपरोस र अरूले यो पीडा भोग्न नपरोस, बेचबिखन जस्तो अपराधमा संलग्न अपराधिहरूको विरूद्धमा डटेर काम गर्नुपर्छ भन्ने भावनाबाट अभिप्रेरित भएर १५ जना महिलाको प्रयासमा सन् १९९७ मा शक्ति समूहको स्थापना भएको हो । दक्षिण एसियामा नै यसप्रकारको पहिलो संस्थाको रूपमा रहेको शक्ति समूह आफ्नो पृथक पहिचान कायम गरेर आफ्नो उद्देश्यतर्फ निरन्तर अगाडि बढिरहेको छ । यस समूहमा बेचबिखन, शोषण तथा महिलाविरुद्ध अन्य प्रकारका उत्पीडनको मारमा परेका र त्यस्तो जोखिमबाट जोगिन सफल भएका महिलाहरूले मात्र सदस्यता प्राप्त गर्न सक्ने प्रावधान रहेको छ ।

महिला तथा बालबालिकाको विरूद्धमा हुने यो क्रुरतम अपराधको विरूद्धमा काम गर्ने संघ

# यसरी पनि बेचिदैछन् छोरीहरू

भौगोलिक विकटता, आर्थिक विपन्नता, रुढिवादी परम्परा, धार्मिक, सास्कृतिक, सामाजिक अन्धविश्वास र अशिक्षाले अझै पनि सुदरपश्चिमाञ्चलले तिकास लिन नसकेर जहाँको त्यही थमलिएकै छ । छाउपडी प्रथा, देउकी प्रथा, बालविवाह, बहुविवाह आदि जस्तै महिलाहरू उपर हुने एक अर्को ज्यादती हो छोरि बेच्ने अथवा धन खाने चलन ।

बर्सौं छोरीहरू अनेकन नातागोताबाट अनेकन निहुँमा बेचिएका घटनाहरू हाम्रा लागि त्यति नौला छैनन्, तर आफैलाई जन्मदिने आमाबुबाबाट नै विवाहको नाममा छोरी बेचिन्छन् भन्ने सुन्दा सबैलाई आश्चर्य लाग्नु स्वाभाविक हो । तर यथार्थ यहि हो कि, सुदरपश्चिमका पहाडी जिल्लाहरूका ग्रामीण भेकमा यो चलन अधिक रूपमा पाइन्छ । यसमा विशेष जाति छुट्टिएको छैन, आर्थिक स्थिति कमजोर भएका जुनसुकै जातजातिले पनि विवाहका बखत लाग्ने खर्च रुपैयाँ पैसाको साथै अन्य सरसामान (लुगाफाटो, दालचामल, नून तेल) आदि पनि केटा पक्षबाट लिइन्छ । दलितहरूमा यो चलन बढी रहेको पाइन्छ । यहाँनेर भन्नु पर्दा छोरीप्रतिको दृष्टिकोण यदि राम्रो रहेको छ भने अथवा छोरी पनि सन्तान हो भन्ने भावना भएको परिवार भने आर्थिक स्थिति जस्तैसुकै नाजुक होस्, उसले छोरी बेच्दैन । त्यसैले यसलाई चलनै भन्नु भन्दा पनि नियतभन्दा पनि फरक नपर्ला ।

छोरीको रूप, जीउडाल, उमेर हेरी बढीमा २५/३० हजारसम्म पैसा लिएर केटा पक्षलाई कुनै वस्तु बिक्री गरे झै दिइन्छ, जसको परिणाम त्यो बुहारी भएर गएको दिनदेखि नै उनमाथि गरिने विभिन्न किसिमका अमानवीय व्यवहार शुरु हुन थाल्छन । "तँलाई यति हजार तिरेर ल्याएको हो" भन्दै घरका सदस्यहरूले तथानाम भन्दै मानसिक, शारीरिक पीडा दिएर राखिन्छ । अधिकांश छोरीहरूले यहि यातना सहेर आफ्ना कालका दिन गन्दै बसेका हुन्छन् भने केहीले निकासको बाटो खोज्दै अर्को केटासँग जाने र केही मुक्ति पाइन्छ कि भन्ने निर्णयमा पुग्छन्, जहाँ फेरी 'जारी' प्रथाले ठाउँ पाउछ । यसप्रकार जतातिरबाट पनि एक महिला बेचिएकी हुन्छे । यहाँसम्म कि बोलचालको भाषामा पनि 'छोरीको विवाह गरेको हो ?' भन्नुको सट्टा 'छोरी बेचेको हो ?' भन्ने चलन छ, सबै तिरका बचेखुचेका संस्कृति अट्ने ठाउँ यही छ ।

यस्तै एउटा प्रसंग छ, सुदरपश्चिमका तराई जिल्लाका राना जातिहरूमा । कुनै केटासँग मगनी भएको केटीले त्यो केटा छोडेर अर्को केटासँग विवाह गरेको पाइएमा त्यो दोस्रो केटा, जुनसँग केटी गएको छ, त्यसबाट १० देखि १५ हजार मगनी भएकै भरमा जारी लिइन्छ । यस्ता थुप्रै परम्पराले महिलाहरूको जीवन नै अस्तव्यस्त पारिदिएका छन् । हाल थुप्रै संघ-संस्थाले आफ्ना कार्यक्रम मार्फत् जनचेतना जगाउने र यस्ता प्रथाहरू हटाउने कार्यहरू गरेता पनि जबसम्म यस्ता प्रचलनहरूको जरादेखि नै उखेल्ने काम गरिदैन, तबसम्म कागजमा लेखेका कुनै पनि नियमले सफलता पाउदैन । यसको लागि मानसिकतामा, व्यवहारमा परिवर्तन आउनु पर्छ । महिलाहरूले आफ्ना अधिकारको लागि सबै तिरबाट उठ्नु पर्छ, जुट्नु पर्छ आफ्नो अस्तित्व कायम राख्नु पर्छ, ताकि भोलिका दिनहरूमा हाम्रा छोरीहरूको मोल यसरी वस्तुमा नगरियोस् । यसको लागि परिवार, समाज र राज्यले आफ्नो दायित्व बिर्सिनु भनेको यो प्रथालाई अझै टिकाउनु हो । त्यसकारण हरक्षेत्रबाट महिला अधिकारको संरक्षण गरिनु पर्छ, एक महिला पहिला मान्छे हो, अनि मात्र महिला हो । एक छोरी पहिले सन्तान हो, अनि मात्र छोरी हो भन्ने स्पष्ट धारणा प्रत्येक व्यक्तिमा आउनु अति नै जरुरी देखिन्छ ।

सस्थाहरू थुप्रै छन्। तर वास्तविक पीडा अनुभव गर्नेहरू र अन्यका बीचमा सोंचाई, गराई, भोगाई र व्यवहारमा यस समूहले धेरै फरक पायो। शक्ति समूह बेचविखनको अपराधको मारमा परेका महिला तथा बालबालिकाहरूलाई कल्याणकारी तथा दयामूखी दृष्टिले नहेरी अधिकारवादी दृष्टिकोणले हेरिनु पर्दछ भन्ने मान्यता राख्दछ। हालसम्म यही दृष्टिकोणबाट बेचविखन बिरूद्धको अभियान तथा महिला अधिकारको आन्दोलनमा आफ्नै ढंगले साझेदारी ऐक्यवद्धता तथा संलग्नता जनाउँदै आएकोछ।

### अन्त्यमा

कुनै पनि व्यक्ति आफ्नो इच्छाले शोषित हुँदैन, बेचिन चाहँदैन अथवा दोस्रो दर्जाको नागरिकको रूपमा स्थापित हुन चाहँदैन। उसलाई यो स्थितिमा समाजकै अन्य शक्तिशाली वर्ग र शोषणमा आधारित परम्पराले पुऱ्याएको हुन्छ। यस्तो ज्वलन्त उदाहरणको रूपमा हामीले बेचविखनबाट प्रभावित महिलाहरूको स्थितिलाई लिन सक्छौं। सामाजिक मान्यता, परिपाटी, विभेद र गलत नीतिको कारण एउटी महिला बेचिन्छन्। त्यसपछि उनले आफ्नो जीवन धान्ने क्रममा विभिन्न दुःख भोग्नु त छँदैछ, केही गरी उम्केर/बाँचेर आए भने पनि समाजमा विभिन्न लान्छाना र अपहेलना सहनु पर्दछ अर्थात् उनले दोहोरो मार खप्नु पर्दछ। जुन अन्यायको पराकाष्टा हो। त्यसैगरी सामाजिक परिपाटी र गलत नीतिको कारणले बाँच्नको निम्ति आफ्नो शरीर बेचेर भएपनि आज हजारौं महिलाले जीवीकोपार्जन गर्नु परिरहेको छ। उनलाई उनको श्रमको उचित मूल्य नदिने, शोषण गर्नुको साथ साथै बेलाबेलामा सरकारी तवरबाट (प्रहरीबाट) हिंसा सहन बाध्य पारिएको छ। उनलाई परिचालित गरी उनको शरीरको श्रमको अधिकांश रकम कुम्ल्याउने मालिकहरूलाई कसैले केही गर्न सक्दैन, यो अर्को अपराध हो। हामीले यस्ता खाले अपराधलाई नियालेर हेऱ्यौं भने यी अपराधबाट पीडित जनसमुदायमा निमुखा शक्तिविहीन महिलाहरू नै पर्दछन्।

त्यसैले बेचविखन जस्तो जघन्य अपराध रोक्न हाम्रो कानुन र सामाजिक मान्यतालाई न्यायपूण पारिनु पर्दछ। बेचविखनको चपेटामा परेका किशोरी र महिलाहरूलाई हेर्ने दृष्टिकोणमा परिवर्तन ल्याउनु आवश्यक छ। त्यसो त बेचविखनबाट प्रभावित भएका महिलाहरूलाई हेर्ने सामाजिक दृष्टिकोणमा परिवर्तन ल्याउनु जरुरी छ भनी प्रायः सबैले भन्ने गरेको सुनिन्छ तर व्यवहारिक परिवर्तन निकै टाढा छ। बेचविखनको समस्या समाजका सबै तह र वर्गका मानिसहरूको साझा समस्या हो र यसको समाधान पनि हामी सबै मिलेर नै गर्नु पर्दछ र गर्न सक्तछौं। आउनुहोस् महिला र बालबालिकाविरुद्ध हुने बेचविखन लगायत सबै प्रकारका हिंसाविरुद्ध एकजुट होऔं। ●

> **"बेचविखन जस्तो जघन्य अपराध रोक्न हाम्रो कानुन र सामाजिक मान्यतालाई न्यायपूण पारिनु पर्दछ। बेचविखनको चपेटामा परेका किशोरी र महिलाहरूलाई हेर्ने दृष्टिकोणमा परिवर्तन ल्याउनु आवश्यक छ।"**

**गीत/कविता**

# जातीय भेदभाव

- हरिराम मिजार

दलित भनी गर्दथ्यौ भेदभाव, सुन साथी
तर किन त्यही दलितले सिलाएको जुत्ता तिम्रो चुलामाथि
अब भन कसलाई तिमी भन्छौ दलित जाति - २

तिमी भन्थ्यौ ऊ दलितले छोएको खानु हुँदैन, सुन साथी
तर घरमा लगेर देउतालाई चढाउँदा
तिम्रो देउता त त्यही दलित माथि
अब भन कसलाई तिमी भन्छौ दलित जाति - २

तिमीले खान्छौं मासु मछिली, सुन साथी
तर त्यसलाई काट्ने कुरो बनाउने त त्यही दलित जाति
अब भन कसलाई तिमी भन्छौ दलित जाति - २

नाङ्गो भई त तिमी पनि हिंड्दैनौ, सुन साथी
तर तिमीले लगाएको लुगा सिलाउने त त्यही दलित जाति
अब भन कसलाई तिमी भन्छौ दलित जाति - २
सबै कुरा तिम्रो घरमा उब्जनन, सुन साथी
बजारमा व्यापारी पनि हुन सक्छन् दलित जाति
अब भन कसलाई तिमी भन्छौ दलित जाति - २

घरमा पानी आएन भनेर कराउँछौ, सुन साथी
तर पानीको धारो बनाउने त त्यहीं दलित जाति
अब भन कसलाई तिमी भन्छौ दलित जाति - २

तिमी आफिस जानको लागि यातायात खोज्छौ,
सुन साथी, तर तिमीलाई के थाहा कि
सवारी चलाउने हुन सक्छन् दलित जाति
अब भन कसलाई तिमी भन्छौ दलित जाति - २

तिमी बिरामी हुँदा अस्पताल जान्छौ, सुन साथी
तर तिमीलाई के थाह कि,
अस्पतालमा डाक्टर पनि हुन सक्छन् दलित जाति
अब भन कसलाई तिमी भन्छौ दलित जाति - २

हिंड्दा डुल्दा देश विदेश पुगिन्छ
सुन साथी कहाँ गाँस कहाँ बाँस
कसलाई भन्ने दलित जाति
अब भन कसलाई तिमी भन्छौ दलित जाति - २

संस्थाहरू थुप्रै छन्। तर वास्तविक पीडा अनुभव गर्नेहरू र अन्यका बीचमा सोंचाइ, गराइ, भोगाइ र व्यवहारमा यस समूहले धेरै फरक पायो। शक्ति समूह वेचविखनको अपराधको मारमा परेका महिला तथा बालबालिकाहरूलाई कल्याणकारी तथा दयामूखी दृष्टिले नहेरी अधिकारवादी दृष्टिकोणले हेरिनु पर्दछ भन्ने मान्यता राख्दछ। हालसम्म यही दृष्टिकोणबाट बेचबिखन विरूद्धको अभियान तथा महिला अधिकारको आन्दोलनमा आफ्नै ढंगले साझेदारी ऐक्यवद्धता तथा संलग्नता जनाउँदै आएकोछ।

### अन्त्यमा

कुनै पनि व्यक्ति आफ्नो इच्छाले शोषित हुँदैन, बेचिन चाहँदैन अथवा दोस्रो दर्जाको नागरिकको रूपमा स्थापित हुन चाहँदैन। उसलाई यो स्थितिमा समाजकै अन्य शक्तिशाली वर्ग र शोषणमा आधारित परम्पराले पुऱ्याएको हुन्छ। यस्तो ज्वलन्त उदाहरणको रूपमा हामीले वेचविखनबाट प्रभावित महिलाहरूको स्थितिलाई लिन सक्छौं। सामाजिक मान्यता, परिपाटी, विभेद र गलत नीतिको कारण एउटी महिला बेचिन्छन्। त्यसपछि उनले आफ्नो जीवन धान्ने क्रममा विभिन्न दुःख भोग्नु त छँदैछ, केही गरी उम्केर/बाँचेर आए भने पनि समाजमा विभिन्न लान्छाना र अपहेलना सहनु पर्दछ अर्थात् उनले दोहोरो मार खप्नु पर्दछ। जुन अन्यायको पराकाष्टा हो। त्यसैगरी सामाजिक परिपाटी र गलत नीतिको कारणले बाँच्नको निम्ति आफ्नो शरीर बेचेर भएपनि आज हजारौं महिलाले जीवीकोपार्जन गर्नु परिरहेको छ। उनलाई उनको श्रमको उचित मूल्य नदिने, शोषण गर्नुको साथ साथै वेलाबेलामा सरकारी तवरबाट (प्रहरीबाट) हिंसा सहन बाध्य पारिएको छ। उनलाई परिचालित गरी उनको शरीरको श्रमको अधिकांश रकम कुम्ल्याउने मालिकहरूलाई कसैले केही गर्न सक्दैन, यो अर्को अपराध हो। हामीले यस्ता खाले अपराधलाई नियालेर हेऱ्यौं भने यी अपराधबाट पीडित जनसमुदायमा निमुखा शक्तिविहीन महिलाहरू नै पर्दछन्।

त्यसैले वेचबिखन जस्तो जघन्य अपराध रोक्न हाम्रो कानुन र सामाजिक मान्यतालाई न्यायपूण पारिनु पर्दछ। वेचविखनको चपेटामा परेका किशोरी र महिलाहरूलाई हेर्ने दृष्टिकोणमा परिवर्तन ल्याउनु आवश्यक छ। त्यसो त वेचविखनबाट प्रभावित भएका महिलाहरूलाई हेर्ने सामाजिक दृष्टिकोणमा परिवर्तन ल्याउनु जरुरी छ भनी प्रायः सबैले भन्ने गरेको सुनिन्छ तर व्यवहारिक परिवर्तन निकै टाढा छ। वेचबिखनको समस्या समाजका सबै तह र वर्गका मानिसहरूको साझा समस्या हो र यसको समाधान पनि हामी सबै मिलेर नै गर्नु पर्दछ र गर्न सक्तछौं। आउनुहोस् महिला र बालबालिकाविरुद्ध हुने वेचविखन लगायत सबै प्रकारका हिंसाविरुद्ध एकजुट होऔं। ●

> " वेचविखन जस्तो जघन्य अपराध रोक्न हाम्रो कानुन र सामाजिक मान्यतालाई न्यायपूण पारिनु पर्दछ। बेचबिखनको चपेटामा परेका किशोरी र महिलाहरूलाई हेर्ने दृष्टिकोणमा परिवर्तन ल्याउनु आवश्यक छ। "

गीत/कविता

## जातीय भेदभाव

- हरिराम मिजार

दलित भनी गर्दथ्यौ भेदभाव, सुन साथी
तर किन त्यहीं दलितले सिलाएको जुत्ता तिम्रो चुलामाथि
अब भन कसलाई तिमी भन्छौ दलित जाति - २

तिमी भन्थ्यौ ऊ दलितले छोएको खानु हुँदैन, सुन साथी
तर घरमा लगेर देउतालाई चढाउंदा
तिम्रो देउता त त्यही दलित माथि
अब भन कसलाई तिमी भन्छौ दलित जाति - २

तिमीले खान्छौं मासु मछिली, सुन साथी
तर त्यसलाई काट्ने कुरो बनाउने त त्यही दलित जाति
अब भन कसलाई तिमी भन्छौ दलित जाति - २

नाङ्गो भई त तिमी पनि हिंड्दैनौ, सुन साथी
तर तिमीले लगाएको लुगा सिलाउने त त्यही दलित जाति
अब भन कसलाई तिमी भन्छौ दलित जाति - २
सबै कुरा तिम्रो घरमा उब्जनन्, सुन साथी

बजारमा व्यापारी पनि हुन सक्छन् दलित जाति
अब भन कसलाई तिमी भन्छौ दलित जाति - २

घरमा पानी आएन भनेर कराउंछौ, सुन साथी
तर पानीको धारो बनाउने त त्यहीं दलित जाति
अब भन कसलाई तिमी भन्छौ दलित जाति - २

तिमी आफिस जानको लागि यातायात खोज्छौ,
सुन साथी, तर तिमीलाई के थाहा कि
सवारी चलाउने हुन सक्छन् दलित जाति
अब भन कसलाई तिमी भन्छौ दलित जाति - २

तिमी बिरामी हुंदा अस्पताल जान्छौ, सुन साथी
तर तिमीलाई के थाह कि,
अस्पतालमा डाक्टर पनि हुन सक्छन् दलित जाति
अब भन कसलाई तिमी भन्छौ दलित जाति - २

हिंड्दा डुल्दा देश विदेश पुगिन्छ
सुन साथी कहां गांस कहां बांस
कसलाई भन्ने दलित जाति
अब भन कसलाई तिमी भन्छौ दलित जाति - २

# महिलामाथिको हिंसा र यससँग अन्तरसम्बन्धित विषयहरू

## सैद्धान्तिक बहसहरूमाथि एक टिप्पणी

– सुजिता शाक्य



"विगतमा महिला तथा बालबालिका मात्र ओसारपसार तथा बेचबिखनमा पर्ने घटनाहरू सुनिन्थ्यो वा देखिन्थ्यो भने अहिले आएर पुरुषहरू पनि ओसारपसार, मानवतस्करी र बेचबिखनमा पर्ने नयाँ प्रवृत्तिको विकास भएको छ।"

विगत १० वर्ष अगाडिदेखि संचालित माओवादी जनयुद्धको आधिकारिक घोषणापश्चात् नेपालमा सशस्त्र संघर्षले ठूलो मात्रामा धनजनको क्षति भैसकेको छ । त्यसले सिर्जना गरेको जटिलतम समस्याहरूमध्ये आन्तरिक तथा बाह्य विस्थापन एक प्रमुख बनेको छ, सुरक्षा र जनजीविकाको सिलसिलामा मानिसहरूको गतिशिलतामा बृद्धि भएको छ । यही गतिशिलता सँगसँगै महिला तथा बालबालिकाको जीवन अझ धराशायी र जोखिमयुक्त बन्न पुगेको छ । यसले मानव बेचबिखन र ओसारपसारको क्षेत्रमा विगतमा भन्दा कैयौं गुणा बढी जोखिम बढाएको छ । मानिसहरूका लागि सुरक्षा, जीविकाको सवाल ठूलो चुनौती बन्न पुगेको छ । यस्तो विकल्पहीनतामा मानिसहरू अनेकौं बाध्यताको शिकार बन्न पुग्छन् र सजिलैसँग लोभलालच र ललाइफकाई, झुक्यानमा फस्ने खतरा रहन्छ । विगतमा महिला तथा बालबालिका मात्र ओसारपसार तथा बेचबिखनमा पर्ने घटनाहरू सुनिन्थ्यो वा देखिन्थ्यो भने अहिले आएर पुरुषहरू पनि ओसारपसार, मानवतस्करी र बेचबिखनमा पर्ने नयाँ प्रवृत्तिको विकास भएको छ । व्यक्तिगत रूपले मानिसहरू धेरै कमाई गर्ने आशामा जस्तोसुकै जोखिम मोल्न तयार हुन्छन् । यस्तो परिस्थितिमा मानव तस्करी गर्ने माफियाहरू संस्थागत रूपमा फाङ्गिएका छन् । एकातिर पितृसत्तात्मक सोंचबाट विकास भएको हाम्रो सामाजिक संस्कारहरूले महिला हिंसालाई बढावा दिएको छ भने अर्कोतिर नव-उपनिवेशवादी विश्वव्यापीकरणको प्रकृयाले मानिसको शोषणमा बृद्धि गरेको छ । यी सबै कुराबाट मुक्त हुनको लागि संघर्ष नै एउटा निर्विकल्प माध्यमको रूपमा देखा परेको छ, मानिसले आफू बाँच्नको लागि हरघडी संघर्ष गर्नुपर्ने बाध्यता खडा भएको छ । महिला हिंसाको जड पत्ता लगाउने र त्यसलाई निदान गर्नको लागि त्यससँग अन्तरसम्बन्धित विषयहरूलाई गहिराईमा गएर अध्ययन गर्ने उद्देश्यले सार्वजनिक सुनुवाई तथा महिला-अदालत हुनुभन्दा एक दिन अगावै सैद्धान्तिक बहसहरूको आयोजना गरिएको थियो ।

निम्न १० वटा विषयहरू क्रमशः सशस्त्र द्वन्द्व विस्थापन र बेचबिखन विषयमा शर्मिला कार्कीले कार्यपत्र प्रस्तुत गर्नु भएको थियो । जसमा माओवादी जनयुद्ध शुरु भएपश्चात् हरेक वर्ष नागरिक विस्थापनमा बृद्धि, गाउँमा बस्नेहरू आर्थिक नाकाबन्दीका कारण भोकै बस्नु पर्ने, अकाल मृत्यु भोग्न बाध्य भएको, बालबालिकाको शिक्षा प्राप्तिको अधिकारबाट बन्चित हुनाको साथै परिवारको गुजारा चलाउन मजदुरी गर्न बाध्य भएको, महिलाहरू बेचबिखनमा पर्नेको संख्यामा बृद्धि भएको, लागुपदार्थको ओसारपसार गर्न र यौनव्यवसायबाट गुजारा गर्न बाध्य पारिएको, ठूलो संख्यामा युवाहरू असुरक्षित वैदेशिक रोजगारमा जान, छिमेकी देशको शरणमा बस्न र त्यही जीविकोपार्जन गर्ने नेपालीको लाखौंको संख्यामा बृद्धि भएको कुरा समस्याको रूपमा उठाउनु भएको छ । यसबाट दलालहरू मोटाएको कुरालाई समेत इङ्गित गर्नु भएको छ । यस समस्याको समाधानको लागि सबै वर्ग, जातजाति, लिंगहरूको सहभागीमूलक अर्थपूर्ण शान्ति वार्ता, संविधानसभाबारे सम्बन्धित निकाय, बुद्धिजीवीं, नागरिक

समाजले अत्यन्त संवेदनशील भई गृहकार्य गरी कार्यान्वयन गर्नुपर्ने, स्थानीय स्तरदेखि नै शान्ति वार्ताका लागि जनदबाब सृजना गर्नु पर्ने, द्वन्द्वका मूल कारण पहिचान गरी कार्यक्रमहरूको सुरुवात गर्नुपर्ने, युद्धरत दुवै पक्षले मानवअधिकार आयोगद्वारा तयार शान्ति संझौतामा हस्ताक्षर गर्नुपर्ने, विभिन्न राष्ट्रिय अन्तर्राष्ट्रिय सन्धि-सम्झौताहरू विशेष गरी जेनेभा Convention UN Regulation 1325 सन्धि कार्यान्वयनका लागि दवाव दिनु पर्ने, द्वन्द्वको विस्थापनसँगै बेचबिखन र ओसारपसारको समस्या बढ्ने हुँदा त्यसको रोकथामका लागि प्रभावकारी उपायको अवलम्बन, विस्थापित, बेचबिखनमा परेका र विभिन्न प्रकारका जोखिमपूर्ण कामगर्न बाध्य बालबालिकाको तत्काल पुनर्स्थापना गर्नुपर्ने कुरामा जोड दिनु भएको छ ।

मल्ल के. सुन्दर/पद्मलाल विश्वकर्माले सीमान्तिकृत/किनारामा पारिएको समुदाय र बेचबिखनको सम्भावना विषयमा कार्यपत्र पेश गर्नुभएको थियो, जसमा सीमान्तिकृत /किनारामा पारिएको समुदायभित्र हलिया /कमैया, चरम आर्थिक शोषणमा परेका जातीय/सांस्कृतिक/भाषिक उत्पीडनमा परेका आदिवासी/जनजाति, लैंगिक विभेद एवं बेचबिखनको मारमा परेका महिला, जातीय विभेद तथा छुवाछुतको शिकार भएका दलित, क्षेत्रीय विभेद भोगिरहेका मधेशी, धार्मिक उत्पीडनमा परेका मुश्लिम, क्रिश्चियन तथा बुद्धमार्गी, अल्पसंख्यक: आप्रवासी एवं शरणार्थी र गोराहरूको जातीय विभेदमा परेको ब्रिटिश गोर्खा सैनिक समुदायलाई सीमान्तिकृत वर्गमा समेट्नु भएको छ । सीमान्तिकरणका मूल स्रोत तथा कारणहरूका रूपमा वर्णाश्रमवादी सामन्ती शोषण र उत्पीडन तथा पितृसत्तात्मक सामाजिक दृष्टिकोण, सामन्ती एवं पूँजीवादी उत्पादन प्रणाली तथा सम्बन्ध, धर्म एवं संस्कृतिका नाममा सामाजिक, आर्थिक, सांस्कृतिक एवं लैंगिक विभेद तथा शोषण-उत्पीडन, विभेदकारी राज्यसत्ताको स्वरूप र त्यसमा आधारित विभेदकारी ऐन कानुनहरूलाई लिनु भएको छ । चेतनाको कमी एवं गरिबीकै कारण कतिपय पछौटे जनजाति एवं दलित महिलाहरू, बालबालिकाहरू र पुरुषहरू पनि विभिन्न ढङ्गले बेचबिखनका शिकार हुँदै आएको, दलित समुदायभित्र बादी जातिका कतिपय महिलाहरू परम्पराको नाममा देहव्यापारमा धकेलिएको, सीमान्तिकृत समुदाय मध्ये केही जनजाति वा दलितहरूले विवाहको दोहोरी खर्च, रित-भात वा छाङ्ग्रा लिने नाममा छोरीचेली बेच्ने स्थिति देखिन्छ भने जारी प्रथाले पनि महिला बेचबिखनकै रूपमा रहेको, सामन्ती दासप्रथाको अवशेषका रूपमा रहेको हलिया/कमैया, विष्टकमाउने (बालीघरे), डोलीबोक्ने, देउकी, झूमा, छाउपाडी जस्ता कुप्रथाहरू अझापि कायम रहेको, वर्गीय/जातीय/लैंगिक विभेदको मारमा परेका कतिपय जोखिम स्थितिका महिलाहरू बोक्सीको आरोपमा सास्ती भोग्दै आएका छन् भने उच्च जातिका पुरुषहरूद्वारा दलित महिलाहरू बलात्कृत हुने, प्रेमको बहानामा फँसाएर गर्भवती भएपछि त्याग्ने तथा जन्मिएको सन्तानले नाता सम्बन्ध कायम गर्न नपाएर नागरिकता नपाउने समस्याहरू कायम रहेको, क्षेत्रीय उत्पीडनमा परेका मधेसी समुदाय भित्रका विपन्न र दलित समुदायहरू नागरिकताविहीन अवस्थामा रहनु, बहुसंख्यक जनताहरू भूमिहीन हुनु, राज्यको साधन स्रोतमा पहुँच नहुनाकै कारण नागरिकताको पाउनबाट बञ्चित हुनु, श्रम/कला/सीपको शोषण अनि नीति निर्माणका तहमा हिस्सेदारी नहुँदा सिमान्तिकृत समुदाय अधिकारविहीन एवं आवाजविहीन भएको कुरा उल्लेख गरिएको छ । सिर्मान्तिकृत समुदायका बहुआयामिक समस्याहरू नै वर्तमान द्वन्द्वका कारण बनेकोले गर्दा यस्ता समुदायहरू धेरैजसो माओवादी विद्रोहमा समेत होमिन पुगेको तथ्यलाई उजागर गर्नु भएको छ । त्यस्तै बढ्दो विश्वव्यापीकरण र वर्णवादी पितृसत्तात्मक राज्यसत्ताको कारण सिमान्तिकृत समुदायले आफ्नो परम्परागत पेशा, व्यवसाय, कला एवं आफ्नो प्राकृतिक बसोबासबाट विस्थापित भएका छन् ।

> "बढ्दो विश्वव्यापीकरण र वर्णवादी पितृसत्तात्मक राज्यसत्ताको कारण सिमान्तिकृत समुदायले आफ्नो परम्परागत पेशा, व्यवसाय, कला एवं आफ्नो प्राकृतिक बसोबासबाट विस्थापित भएका छन् ।"

समाधानका उपायहरूमा, सिमान्तिकृत श्री समुदायको अधिकार सुनिश्चित गर्नको लागि संविधानसभा मार्फत् नयाँ संविधान निर्माण गर्नुपर्ने, विभेदयुक्त ऐन कानुनहरू खारेज गरी नयाँ ऐन-कानुनको निर्माण र प्रभावकारी कार्यान्वयन गर्नु पर्ने, यस सम्बन्धमा सार्कको "महिला र बालबालिका बेचबिखनलाई प्रतिकार र परास्त गर्ने महासन्धि"लाई अनुमोदन गरी लागु गर्नुपर्ने, सदियौंदेखिको जातीय विभेद,

आर्थिक उत्पीडन एवं जातीय छुवाछुत हटाउन जनजाति, महिला एवं दलित लगायत भौगोलिक विकटताका कारण पिछडिएका समुदायलाई संवैधानिक रूपमै सम्पूर्ण क्षेत्रमा आवधिक आरक्षण नीति लागु गर्नुपर्ने, महिला, जनजाति, दलित समुदायको अधिकारलाई मानवाधिकारको रूपमा अङ्गिकार गरी नागरिक समाज, अन्तर्राष्ट्रिय समुदाय समेतले अधिकार बहालीमा राज्यलाई दवाव दिनुपर्ने, समान कामको समान ज्याला, परम्परागत पेशा, कला, व्यवसायलाई आधुनिकीकरण, जीवनउपयोगी र मर्यादित बनाउनु पर्ने, त्यस्तो समुदायलाई भू-स्वामित्व, प्राकृतिक स्रोत साधन माथिको पहुँच प्रदान गर्ने समानुपातिक प्रतिनिधित्वको अवसर दिने अनि न्याय, प्रशासन, रोजगारी लगायतका सबै क्षेत्रमा विशेष अवसरको नीति र कार्यक्रम लागु गर्न पर्ने कुरालाई उठाएको छ ।

मानव बेचबिखनका नयाँ आयाम र भविष्यको रणनीति विषयमा दुर्गा घिमिरेले कार्यपत्र प्रस्तुत गर्नु भएको थियो । चेलीबेटी बेचबिखनसँग सम्बन्धित नयाँ प्रवृत्तिका रूपमा सर्कसमा बालबालिकाको प्रयोग, बालककोसमेत ओसारपसारमा वृद्धि, कामको खोजीमा गएका प्रवासी महिलाहरूको यौनशोषण, कम उमेरका बालबालिकाको ओसारपसारमा वृद्धि, एड्स लगायत अन्य यौनरोगहरू, सीमा क्षेत्रका जिल्ला बढी प्रभावित, परिवार र समाजमा पुर्नस्थापनाको समस्या, मानसिक तनाव, अन्य शारीरिक समस्या, ओसारपसारमा बाबुआमाको प्रत्यक्ष संलग्नतामा वृद्धि भएको कुरालाई औंल्याउनु भएको छ । विश्वव्यापीकरणले विज्ञान र प्रविधिमा भएको विकास, सञ्चार र सूचना प्रवाह, रोजगारीका नयाँ-नयाँ अवसरहरूका कारण मानिसहरूको विभिन्न प्रयोजनको निम्ति गतिशिलतामा वृद्धि भए अनुरूप महिलाहरूलाई पनि उत्प्रेरित गरेको, पारिवारिक आयमा बृद्धि गर्ने नयाँ प्रविधिबारे ज्ञान हासिल गर्ने, नयाँ ठाउँ हेर्ने उत्सुकताका कारण गाउँबाट शहर, शहरबाट सिमाना जोडिएको सीमावर्ती क्षेत्र लगायत अन्य मुलुकतर्फ जाने गरेको देखिन्छ । तर अपर्याप्त सूचना, अदक्ष कामदार भएको कारण महिलाहरू जबरजस्ती यौनशोषणको शिकार भएको, फुक्याएर वेश्यालय पुऱ्याउने जस्ता घटना प्रकाशमा आएका छन् ।

> **महिलाहरूले नयाँ-नयाँ शीप र प्रविधिमा दक्षता हासिल गर्ने र आफ्नो स्वःपहिचानलाई कायम गर्दै अहिलेको २१ औं शताब्दीको चुनौतीसँग सामना गर्न सक्ने बनाउनु पर्ने आजको आवश्यकता हो ।**

चेलीबेटी बेचबिखनको समस्यालाई नियन्त्रण र उन्मुलनका लागि सबै पक्षबीच मजबुत समन्वय हुनु आवश्यक छ । यौनदासताको लागि जबर्जस्ती गरिने चेलीबेटी ओसारपसार मानवअधिकारविरुद्धको कार्य हो जसलाई सबै पक्षले निरुत्साहित गर्नु अत्यन्त आवश्यक छ । यौनदासताले महिलालाई सँधै एउटा वस्तुको रूपमा उपयोग गर्ने र हेर्ने परिपाटीको विकास गर्दछ । एउटा मानवको रूपमा आफ्नो स्वतन्त्र पहिचानलाई कायम गरेर महिलाले बाँच्न पाउनु पर्दछ भन्ने हाम्रो मान्यता छ । महिलाहरूले नयाँ-नयाँ शीप र प्रविधिमा दक्षता हासिल गर्ने र आफ्नो स्वःपहिचानलाई कायम गर्दै अहिलेको २१ औं शताब्दीको चुनौतीसँग सामना गर्न सक्ने बनाउनु पर्ने आजको आवश्यकता हो ।

भ्रष्टाचार, राजनैतिक विकृति, चेलिबेटी बेचबिखन र संरक्षण विषयमा शारदा पोखरेलले प्रस्तुत गर्नुभएको कार्यपत्रमा वर्तमान देशको अवस्था सम्बन्धमा संसदीय व्यवस्थाको अभ्यासको सँगसँगै राजनैतिक भ्रष्टाचारका रूपहरू पनि बदलिंदै, जटिल र अस्वस्थ प्रतिस्पर्धाका नयाँ कुसंस्कृति पनि बढेको कुरामा जोड दिनु भएको छ । बहुमतको आफ्नै सरकार आफ्नै पार्टीका सदस्यहरूबाट पतन गराउनु, सत्ता प्राप्तिको लोभमा आफू निर्वाचित भएको पार्टी छोडी अर्को पार्टीमा सामेल हुनु, आफु र आफ्नो दल सत्तामा टिक्न नसकेपछि विकल्पको खोजी नै नगरी पटक-पटक संसद विघटन गर्नु, सत्तामा अवैध रूपमा टिकिराख्न सांसदहरूको नैतिक पतन हुनेगरी किनबेच गर्नु, सुविधाभोगी प्रवृत्तिमा वृद्धि हुनु, बहुदलीय व्यवस्थाको मान्यता र मर्मका विपरित दल बदल्ने काम हुनु, सत्ता स्वार्थका लागि पटक-पटक पार्टी फुट्नु अनि जुट्नु, प्रतिस्पर्धाबाट आउने प्रशासनिक सेवाहरूमा राजनैतिक दवावका कारण गुणात्मक संख्याको बदला अपरिपक्व कार्यकर्ताहरू भर्ना गर्नु, पार्टी चलाउने नाउँमा पैसा लिएर जागिर बाँड्नु जस्तो अनियमितामा वृद्धि भएको तथ्यलाई अगाडि ल्याउनु भयो । विकसित देशको तुलनामा विकासोन्मुख देशहरूमा भ्रष्टाचारको मात्रा अत्यन्त नै बढी देखिएको छ । वैदेशिक सहयोगको निर्बाध

प्रवेश हुनु तर त्यसको समानुपातिक र न्यायपूर्ण वितरण व्यवस्था नहुनाले देश अनैतिकता र भ्रष्टाचारको गहिरो खाडलमा चुर्लुम्म डुब्दछ। हाम्रो देशमा भ्रष्टाचारले माथिबाट तलसम्म गाँजेको छ। यसलाई नियन्त्रण गर्न नसक्दा देशले ठूलो क्षति बेहोर्नु पर्ने कुरा कसैले नकार्न सक्दैन। राजनीति सबै नीतिहरूको राजा भएको हुँदा यो सङ्लो हुनासाथै देशको अरु सबै क्षेत्र पनि स्वच्छ र सफा रहन सक्छ। राज्यले गरेका अवैधानिक कारबाही सरकारबाट भएका राजनैतिक भ्रष्टाचार, राष्ट्रिय ढुकुटीको अनैतिक प्रयोग दलीय स्वार्थ पूर्तिका लागि दलहरूका काम र परिणाम, वित्तीय क्षेत्रमा भएको भ्रष्टाचारले न्यायिक क्षेत्रसमेत पनि भ्रष्टाचारबाट मुक्त हुन सकेको छैन। अत्यन्तै कठिन भौगोलिक अवस्था र परिवेशमा अशिक्षा, गरिबी, सामाजिक अन्यायमा बाँचेका बहुसंख्यक नेपाली जनता राजनैतिक क्षेत्रमा भएको अनियमितता र अव्यवस्था र भ्रष्टाचारको दोहोरो मारमा परेका छन्। देशमा देखिएको वर्तमान विद्रोह र दुवैतर्फको सैन्यवादलाई उचित व्यवस्थापन हुन नसक्दा देशमा देशमा अस्तव्यस्तता बढ्ने, जटिल समस्याहरूको उपजको रूपमा बेश्यावृत्ति र बेचबिखन बढ्ने कुरामा सचेत भई देशको विद्यमान समस्यालाई सबै पक्षले त्याग र बलिदानीको भावनाबाट सकेसम्म छिटो समस्याको समाधान गर्नुपर्ने कुरा उठाउनु भएको छ।

नेपालमा चेलिबेटी बेचबिखन र भ्रष्टाचार बीचको अन्तरसम्बन्धको बारेमा यस कार्यपत्रमा प्रष्ट्याउने प्रयास गरिएको छ। महिला विरुद्धका हिंसाहरू मध्ये यौनशोषणका लागि हुने महिलाको बेचबिखन र ओसारपसार एउटा प्रमुख हिंसाभित्र पर्ने भएकोले नेपाल अधिराज्यको संविधान २०४७ ले मानवबेचबिखन तथा ओसारपसार कार्यलाई निषेध गर्नुका साथै मानवअधिकारको संरक्षण र संबर्द्धनका लागि राज्यलाई मार्गदर्शन गरेको छ। यसभन्दा अघि २०४३ सालमा विशेष ऐनको रूपमा जीउ मास्ने-बेच्ने कार्य (नियन्त्रण ऐन) आएको थियो तर पनि यसका कसुरदारहरू ऐनमा रहेका कमी-कमजोरीहरूको फाइदा उठाउँदै निरन्तर रूपमा बेचबिखन अपराधमा संलग्न भैरहेका छन्। श्री ५ को सरकारले महिलाविरुद्ध हुने सबै प्रकारको भेदभाव उन्मुलन महासन्धी (CEDAW), बालअधिकारसम्बन्धी महासन्धि (CRC), जीउ मास्ने-बेच्ने तथा अरुको वेश्यावृत्तिको शोषण दमन रोक्नका लागि व्यवस्था भएको महासन्धिलाई अनुमोदन गरी मानवबेचबिखन तथा ओसारपसार गर्ने अपराध नियन्त्रण गर्ने प्रतिबद्धता व्यक्त गरेको छ। एघारौं सार्क शिखर सम्मेलनले वेश्यावृत्तिको लागि महिला र बालबालिकाको ओसारपसार विरुद्धको सार्क अभिसन्धि २००२ पारित गरेको छ। सन् ११९४ मा संयुक्त राष्ट्रसंघद्वारा पारित मानवअधिकारसम्बन्धी घोषणा-पत्रमा नेपालले हस्ताक्षर गरिसकेको छ। महिला बेचबिखनलाई निर्मुल गर्ने तथा वेश्यावृत्ति र बेचबिखनबाट हुने पीडित महिलालाई सहयोग गर्न राष्ट्रिय कार्यदल तैयार भएको छ। कार्ययोजना तैयार भएको छ, तर प्रभावकारी कानुन निर्माण भने अझसम्म हुन सकेको छैन। जसले गर्दा अपराधीहरूलाई सजाय दिन र दिलाउन गाह्रो भैरहेको छ।

प्रा. डा. शान्ता थपलिया चेलीबेटी बेचबिखन विरुद्धका विद्यमान कानुनहरू सम्बन्धमा उल्लेख गर्दै नेपाल अधिराज्यको संविधान २०४७ को धारा २० को उपधारा १ मा मानिसलाई बेचबिखन गर्न, दास तुल्याउन, बाँधा बनाउन र कुनैपनि किसिमले निजको इच्छाविरुद्ध काम गराउन निषेध गरेको छ। यस्तो कार्य कानुनद्वारा दण्डनीय हुनेछ भन्ने व्यवस्था छ। धारा २६ को उपधारा ८ मा राज्यले बालबालिकाको शोषण हुन नदिई उनीहरूको हक-हितको रक्षा गर्न आवश्यक व्यवस्था गर्नेछ भनी बालबालिकाको हकमा व्यवस्था गरेको छ। मुलुकी ऐन जीउ मास्ने-बेच्नेको महल को १ नं. अनुसार कसैले कुनै मानिसलाई बिक्री गर्ने उद्देश्यले ललाई-फकाई नेपाल सरहद बाहिर लैजान वा लगी बिदेशमा बेच्न लगेकोमा बेच्न नपाउदै पक्राउ भए बेच्न लैजानेलाई दश वर्ष र बेचिसकेको भए बीस वर्ष कैद हुने, किन्ने मानिस नेपाल सरहदभित्र फेला परे निजलाई समेत बेच्नेलाई हुने सरहको सजाय हुन्छ भनी बेचबिखन कार्यलाई अपराध मानी दण्डसजायको व्यवस्था समेत गरेको छ। त्यसैगरी ३ नं.अनुसार कसैले कसैलाई कमारा-कमारी बनाउन, दास तुल्याउन वा बाँधा बनाउन हुदैन। त्यसरी कमारा-कमारी बनाउने, दास तुल्याउने वा बाँधा बनाउने

> "महिला विरुद्धका हिंसाहरू मध्ये यौनशोषणका लागि हुने महिलाको बेचबिखन र ओसारपसार एउटा प्रमुख हिंसाभित्र पर्ने भएकोले नेपाल अधिराज्यको संविधान २०४७ ले मानवबेचबिखन तथा ओसारपसार कार्यलाई निषेध गर्नुका साथै मानवअधिकारको संरक्षण र संबर्द्धनका लागि राज्यलाई मार्गदर्शन गरेको छ।"

व्यक्तिलाई तीन वर्षदेखि दस बर्षसम्म कैद हुन्छ र अदालतले त्यस्तो कसुरबाट सम्वन्धित व्यक्तिलाई मनासिव क्षतिपूर्तिसमेत भराई दिन सक्नेछ भन्ने व्यवस्था गरेबाट कमारा-कमारी, दास-दासी तथा बाँधा बनाउने कार्यलाईसमेत बेचबिखनको अपराध मानी सजायको व्यवस्था समेत गरेको छ भन्ने स्पष्ट हुन्छ ।

बालबालिकासम्बन्धी ऐन २०४८ ले बालकलाई मादक पदार्थ, लागू औषध वा यस्तै अन्य नशालू पदार्थको बिक्री बितरण वा ओसार-पसार गर्ने काममा लगाउन हुदैन भनी स्पष्ट व्यवस्था गरेको पाइन्छ । जीउ मास्ने-बेच्ने कार्य (नियन्त्रण) विधेयक २०५७ को संसदको अभावमा पारित हुन सकेको छैन । त्यसले जीउ मास्ने-बेच्ने सम्बन्धमा बढी स्पष्ट परिभाषा दिएको छ । देहव्यापारका लागि महिला तथा बालबालिकाको ओसार-पसार निषेध गर्न तथा यसविरुद्ध लड्नका लागि सार्क महासन्धिमा नेपालसमेत पक्ष रही पारित भएको छ ।

> **"एकल महिलाको सामाजिक, आर्थिक, तथा सांस्कृतिक समस्याहरूलाई निराकरण गर्ने सम्बन्धमा सहानुभूति दिने व्यक्तिहरूले नै उनीहरूको कमजारीको फाइदा उठाई बेचबिखन गर्ने तथा बेश्यावृतिमा लाग्न बाध्य गरेको पाइन्छ ।"**

यससंग सम्बन्धित अन्तर्राष्ट्रिय कानुनहरूमा जीउ मास्ने-बेच्ने तथा अरुको वेश्यावृत्तिको शोषणको दमनको लागि सन् १९४९ मा व्यवस्था भएको महासन्धि र सो को सन् १९५० को अन्तिम प्रोटोकल (यस महासन्धि तथा प्रोटोकलमा नेपालले सन् १९९५ डिसेम्बरमा प्रतिवद्धता जनाएको छ ।)

दासत्व उन्मुलन तथा तत्सम्बन्धी महासन्धि १९५६ (यसमा नेपालले सन् १९९३ मा प्रतिवद्धता जनाएको छ), महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मुलनसम्बन्धी महासन्धि १९७९ (यस संयुक्त राष्ट्र संघीय महासन्धिमा नेपालले २२ अप्रिल, १९९१ मा विना कुनै शर्त अनुमोदन गरेको छ । वालअधिकार सम्बन्धी महासन्धि १९८९ (सन् २ सेप्टेम्बर, १९९० मा अनुमोदन गरेको छ), मानव अधिकारको विश्वव्यापी घोषणापत्र १९४८, चौथो महिला विश्व सम्मेलन १९९५)

बेचबिखनको शैलीहरूमा प्रेमसम्बन्ध राखी विवाह गर्ने बहानामा सुटुक्क भगाएर अर्थात् परिवारसँग साधारण सरसल्लाह गरेर, वेरोजगारलाई जागिर लगाई दिने, गाउँबाट शहरतिर घुमाउने, साधारण जागिर खानेलाई राम्रो जागिर लगाइदिने, परिवारबाट बिछोड भएकाहरूलाई आफन्तसँग भेट गराउने, दुःख पाएकाहरूलाई मिठो खानदिने, राम्रो लाउन दिने, पढाई दिने, हिरोइन, मोडेल बनाउने, लागू पद्धार्थ सेवन गराएर, अपहरण गरेर वा फकाएर, द्वन्द्वको कारणले विस्थापित महिला तथा बालबालिकाहरू काम खोज्ने क्रममा शहरका रेष्टुरेन्ट, क्याबिन रेष्टुरेन्ट, होटल, मसाज पार्लर जस्ता स्थानहरूमा काम गर्न पुगेको महिलाहरूलाई बेचबिखन गर्ने तथा देशभित्रै पनि देहव्यापारमा लगाइने गरेको पाइन्छ । हाम्रो देशमा बालविवाह, अन्नमेल विवाह, बहुविवाह, अन्तरजातीय विवाह प्रचलित भएता पनि यसको परिणाम त्यति राम्रो नहुने भएको कारणले परिवार विखण्डन हुने भएकोले यसबाट पनि दलालहरूले फाइदा उठाउँछन् । एकल महिलाको सामाजिक, आर्थिक, तथा सांस्कृतिक समस्याहरूलाई निराकरण गर्ने सम्बन्धमा सहानुभूति दिने व्यक्तिहरूले नै उनीहरूको कमजारीको फाइदा उठाई बेचबिखन गर्ने तथा बेश्यावृतिमा लाग्न बाध्य गरेको पाइन्छ ।

समस्या निराकरणका लागि सुझावहरूमा देशव्यापी रूपमा जनचेतना जगाउने, मानवबेचबिखन र प्रवासन दुवैमा एक ठाउँबाट अर्को ठाउँमा जाने प्रकिया हुन्छ, तर यी दुवै भिन्न-भिन्न विषय हुन् । यी दुवै कुराहरूको सम्बन्धमा स्पष्ट जानकारी नराखेको स्थितिमा मानवबेचबिखन सम्बन्धी ल्याइने नीति र कार्यक्रमहरू प्रभावकारी हुन नसक्ने भएको कारणले यस सम्बन्धमा चेतना जगाउने, वेश्यावृत्ति र चेलिवेटी बेचबिखन छुट्टा-छुट्टै कुरा भएको हुनाले तत्सम्बन्धी छुट्टा-छुट्टै कानुन बनाउनु पर्ने, क्षेत्रीयस्तरमा भएका बेचबिखनको सम्बन्धमा अपराधी लुकेर बसेको राष्ट्रले अपराध भएको राष्ट्रमा अपराधीलाई सुपुर्दगी गर्नुपर्ने र नगरेको खण्डमा अपराधी उपस्थित भएको राष्ट्रले आफ्नो कानुनअनुसार मुद्दा चलाउनु पर्ने, बेचबिखनमा परेका महिला तथा बालबालिकाहरूलाई किन्ने व्यक्ति बस्ने राष्ट्रले क्षतिपूर्तिको व्यवस्था गर्नुपर्ने, प्रत्येक राष्ट्रले चेलिबेटी खरिद-बिक्री वा यौनधन्दा सञ्चालन गर्ने समूह, दलाल वा व्यक्तिहरूको पहिचान गरी तिनीहरूमाथि विशेष निगरानी राख्नु पर्ने, मानवबेचबिखनको सम्बन्धमा अनुसन्धान र बकालत अभियान तीव्र पार्नुपर्ने, कानुनमा

बेचबिखन गर्ने र किन्ने दुवै व्यक्तिलाई अपराधी मानी दुवैलाई सजायको व्यवस्था गर्नुपर्ने र पीडितलाई दुवैबाट क्षतिपूर्तिको व्यवस्था गर्नुपर्ने कुरामा जोड दिइएको छ ।

महिला बेचबिखन र मानवअधिकार विषयमा सन्ध्या श्रेष्ठले प्रस्तुत गर्नु भएको कार्यपत्रमा पदपूर्ति तथा आवत-जावतको तहमा हुने अधिकारको उल्लङ्घन, बँधुवा मजदुर, दासको अवस्था बेचबिखनको पक्रियामा हुने अधिकारको उल्लङ्घन र उद्धारको क्रममा हुने अधिकारको उल्लङ्घनको सम्बन्धमा उल्लेख गरिएको छ । यसमा प्रमुख रूपमा भेदभाव नगर्ने सिद्धान्त अन्तर्गत राज्यले कार्यविधि कानुन, नीति अथवा व्यवहारमा बेचबिखनमा परेका व्यक्तिहरूको विरुद्ध सारभूत रूपमा भेदभाव गर्न नहुने, सुरक्षित र निष्पक्ष व्यवहार बेचबिखनमा परेका व्यक्तिहरू मानवअधिकारको उल्लङ्घनबाट पीडित व्यक्ति हुन्, अध्यागमन व्यवस्थाको अनियमितता हुने भएतापनि उनीहरूको अधिकारको रक्षा गर्नु, हानी तथा कार्यवाहीबाट रक्षा गर्ने कुरालाई राज्यले मान्यता दिनुपर्ने, न्यायमा पहुँचका सम्बन्धमा प्रहरी, अभियोगकर्ता र अदालतले यो दलालहरूलाई दण्ड दिन गरिने कानुनी प्रयासहरू कार्यान्वयन गर्दा पीडित पक्षको गोपनीयता, स्वाभिमान र सुरक्षाको लागि सुरक्षित उपायहरूको प्रत्याभूति गर्नुपर्ने, दलालहरूको पर्याप्त अभियोजनअन्तर्गत बलात्कार, यौनजन्य तथा अन्य (दवावमुलक गर्भ तथा गर्भपतन समेत) अपहरण, यातना, क्रुर अमानवीय तथा अपमानमुलक व्यवहार, दासता अन्य दासतामुलक व्यवहार, बँधुवा तथा अन्य अनिवार्य श्रम, कमैया तथा दवावमुलक विवाहको विषयलाईसमेत समेट्नु पर्ने कुरामा जोड दिएको छ ।

बेचबिखनमा परेकाको मानवअधिकारसँग जोडिएको सवालमा प्रमुख विषयहरूलाई समेट्ने क्रममा व्यक्तिगत कारवाहीको पहुँच तथा क्षतिपूर्ति सम्बन्धमा आवश्यकतानुसार दलालको विरुद्धमा कानुनी कारबाही चलाउन र क्षतिपूर्तिको दाबी गर्नसक्ने कानुनको व्यवस्था गर्ने, बसोबासको व्यवस्थासम्बन्धी पीडित व्यक्तिहरूलाई कुनै पनि फौजदारी, देवानी तथा अन्य कुनै कानुनी कारबाहीको समयमा अस्थायी आवास प्रवेशाज्ञा (कामको अधिकार सहित) प्रदान गर्नुपर्ने, साथै पीडित व्यक्तिलाई शरण माग्ने र सुपुर्दगीको कार्यवाहीको क्रममा हुनसक्ने खतराको सम्भावनालाई ध्यानमा राखेर संरक्षण प्रदान गर्नुपर्ने, स्वास्थ्य तथा अन्य सुविधा सन्दर्भमा अस्थाई बसोबासको अवस्थामा राज्यले पीडित व्यक्तिहरूलाई स्वास्थ्य तथा अन्य सामाजिक सेवाहरू पर्याप्त उपलब्ध गराउनु पर्ने, फिर्ति तथा पुनर्मिलन चाहेको तथा सक्षम भएको अवस्थामा सुरक्षित रूपमा घर फर्किने अवस्थाको सुनिश्चितता गर्नुपर्ने, उपचार अन्तर्गत चिकित्सकीय, मनोवैज्ञानिक र कानुनी उपचारका साथ-साथै पीडितको उत्थानलाई सुनिश्चितता प्रदान गर्ने तथा सामाजिक सेवाहरूसमेत प्रदान गर्नुपर्ने । उपरोक्त व्यवस्थाको लागि राज्यले पूर्ण रूपमा उत्तरदायित्व वहन गर्दै कार्यान्वयनको सुनिश्चतता प्रदान गर्नुपर्ने कुरालाई महत्वका साथ उठाएको छ ।

"महिला माथिको हिंसा/वेचबिखन" का सवालमा सञ्चार क्षेत्रको भूमिका विषयमा आरती चटौत र जया लुइँटेलले संयुक्त रूपमा प्रस्तुत गर्नु भएको कार्यपत्रमा आमसञ्चारका लागि सामाजिक विषय कहिल्यै पनि प्राथमिकतामा नपरेको वा महिला र बालबालिकाका विषय प्राथमिकताको तल्लो सूचीमा पर्ने गरेको तथ्यलाई औंल्याइएको छ । राजनीतिक नेताका बेतुकका भाषणले रेडियो, टेलिभिजन र पत्रपत्रिकामा प्रमुख स्थान पाउने तर उसै दिन सुनसरीको हर्चनगढीका महिलामाथि भएको सामुहिक बलात्कार पछिको चित्कारले सञ्चार माध्यममा प्रमुख स्थान पाउन नसक्ने प्रवृत्तिहरू विद्यमान रहेको छ । तर पनि दशकको समय धेरै परिवर्तन गर्न सकिँदो रहेछ भन्ने कुरा यस क्षेत्रमा प्रयोग हुने भाषाले पनि स्पष्ट पारेको छ दश वर्षअघि मुम्बईबाट नेपाल फर्काइन लागेकाहरूलाई "वेश्या" भन्ने नेपाली प्रेसले आज "चेली" भन्न थालेको, पुनर्स्थापनाको मात्रै होइन स-सम्मान जीवनयापनको अधिकारका लागिसमेत वकालत गर्न थालेका, "जर्नालिज्म"लाई "एक्टिभिज्म"को रूपमा स्वीकार्ने, महिला र बालबालिकका सवाललाई आफ्नो विषयका रूपमा छुट्याएर आफूलाई त्यसमा अप टु डेट राख्ने प्रवृत्ति पनि बढेको, यस मुद्दामा पुरुषको बढ्दो सहभागिता, महिला हिंसा र बेचबिखनको अन्त्यका लागि प्रमुख कारणको उत्खनन गर्ने काम शुरु हुनुलाई

> "राजनीतिक नेताका बेतुकका भाषणले रेडियो, टेलिभिजन र पत्रपत्रिकामा प्रमुख स्थान पाउने तर उसै दिन सुनसरीको हर्चनगढीका महिलामाथि भएको सामुहिक बलात्कार पछिको चित्कारले सञ्चार माध्यममा प्रमुख स्थान पाउन नसक्ने प्रवृत्तिहरू विद्यमान रहेको छ ।"

सकारात्मक मानिनुका साथै समाधानको बाटो मा नपहिल्याई विद्यमान कानुनका कमी कमजोरी र नीति निर्माण तहलाई आमसञ्चार माध्यमले घच्घच्याउने काम गरेको छ । श्रव्य, श्रव्य-दृश्य, र दैनिक/साप्ताहिक/पाक्षिक र मासिक छापामा गरिएको अनुगमन अनुसन्धानले हालसम्म संचालित महिला तथा बालबालिकाका सवाल उठाइने विशेष कार्यक्रमको अभाव रहनुको साथै अन्य कार्यक्रमहरू पनि लैंगिक दृष्टिकोणले सन्तोषजनक रूपमा सचेत नपाइएको कुरा उल्लेख गरिएको छ ।

नकारात्मक प्रवृत्तिको रूपमा अझै पनि "बेचबिखन" र देहव्यापार" लाई एउटै थलोमा राखेर हेर्ने, महिला/बालबालिकासम्बन्धी समाचारलाई अनावश्यक सन्सनीपूर्ण र अतिरञ्जनात्मक विषय बनाउने, महिलासम्बन्धी विषयलाई महिलाकै मात्र विषय ठान्ने त्रुटीहरू रहेको छ । यो त्रुटीलाई हटाउन सञ्चारकर्मीलाई लैङ्गिक सचेतनताको तालिम, समाजको दृष्टिकोण र व्यवहारमा परिवर्तन गर्नु पर्ने कुरालाई अघि सारेको छ ।

विपना थापाले उद्धार, पुनर्स्थापना र पुनर्एकिकरण विषयक कार्यपत्रमा उद्धार भन्नाले बेचबिखन तथा ओसार-पसारको जोखिममा परेका व्यक्तिहरूलाई अधिकारमुखी दृष्टिकोण, उनीहरूको मानवअधिकारको पूर्ण ग्यारेन्टी गर्दै प्रहरी, सरकारी निकाय तथा गैरसरकारी तवरबाट मुक्त गर्नु हो । तर व्यवहारमा भने मानवअधिकारको संरक्षण नगरी, बिनानीति त्यस्तो कार्य भैरहेको पाइन्छ । उद्धार गर्दा बेचिएको देश र फर्काउने देश दुवैमा बस्न/खाने/लाउने, स्वास्थ्य सुविधा, परामर्श सेवा आदि सुविधा सहित पूर्ण तयारी गर्नु पर्ने, सम्भव भएसम्म घर परिवारसँग समन्वय गर्नु पर्ने, उमेर पुगेकाहरूको उद्धार गर्दा उनीहरूको इच्छाअनुसार मात्र उद्धार गर्नुपर्ने, आफु बेचिएको स्थानबाट पाउनुपर्ने पारिश्रमिक पाउन र आफ्नो सामानहरू ल्याउने उचित मौका र आवश्यक सहयोग पाउनु पर्ने, संरक्षण गोपनियता तथा कानुनी सहायताको पूर्ण व्यवस्था हुनुपर्ने, दुवै देशको सरकारी निकायहरू बीच समन्वय गरी प्रभावितको मानवअधिकार संरक्षण हुने व्यवस्था मिलाई अपराधीलाई कानुनी कारवाही गर्न प्रमाण संकलन कार्यमा सहयोग गर्ने, प्रहरी, गैरसरकारी संस्था संचारमाध्यम तथा अन्य सम्बन्धित निकायहरूलाइ बेचबिखन ओसार-पसार, उद्धार पुनर्स्थापना जस्ता विभिन्न सवालहरूमा र यसको संवेदनशीलतामा सचेत गराउनु पर्ने कुरामा ध्यानाकर्षण गरेको छ ।

बेचबिखन तथा ओसार-पसारको अपराधबाट प्रभावित तथा सम्भावित जोखिमबाट बच्न सफल भएका व्यक्तिहरूलाई उद्धार गरी आश्रय दिनु पुनर्स्थापना हो । पुनर्स्थापना गर्दा प्रभावितहरूको आर्थिक तथा सामाजिक सशक्तिकरण दुवैमा जोड दिनुपर्छ ताकि उनीहरू आत्मनिर्भर भई समाजका गलत व्यवहारहरू विरुद्ध मुकाबिला गर्न र आफ्नो अधिकारको लागि लड्न सकुन्, प्रभावितहरूलाई दिइने सीप विकासका तालिमहरू क्षणिक नभई दिर्घकालीन हुनुपर्ने, उनीहरूप्रति दया वा कल्याणकारी दृष्टिकोणले व्यवहार नगरी अधिकारको दृष्टिकोणले व्यवहार गरिनुपर्ने, गोपनियता आत्मसम्मान र आत्म निर्णयको अधिकारको कदर गरिनु पर्ने । स्वतन्त्र रूपले हिंडडुल गर्ने तथा आफन्तहरूसँग भेट्ने अवसरलाई कुण्ठित गर्न इच्छा विपरीत सञ्चारमाध्यममा बोल्न लगाउने, विगतको कुरा नकोट्याउने, प्रभावितहरूको लागि आएको रकमको पारदर्शी बनाउन सम्बन्धित निकायले अनुगमन गर्नुपर्ने, प्रभावितहरूलाई जातका आधारमा, शारीरिक स्थिति, विगतका आधारमा भेदभाव गर्न नहुने, प्रभावितहरूको लागि गरिने कुनै पनि कार्य उनीहरूको सल्लाह सुझावले वा सहभागीमुलक तवरले गर्नुपर्ने, सरकारी वा गैरसरकारी पुनर्स्थापना केन्द्रका कर्मचारीहरूलाई बेचबिखन/ओसारपसार प्रभावितहरूको अधिकारमुखी पुनर्स्थापना, सामाजिकीकरण विषयमा अनिवार्य तालिम यस विषयप्रति संवेदनशील र सचेत गराउनु पर्ने कुरा उठाइएको छ ।

प्रभावित व्यक्तिहरूले आफ्नो परिवारसँग पुनः मिलन भई परिवारका अन्य सदस्यहरूसरह अधिकार र हैसियतसहित सामान्य जीवन बिताउनु पुनर्एकिकरण हो । पुनर्एकिकरण सामाजिकीकरणको अभिन्न अंग हो । प्रभावितप्रति परिवारको व्यवहार सकारात्मक बनाउनका लागि पुनर्एकिकरण गर्दा परिवारसँग पूर्व परामर्श गर्नुपर्ने, पुनर्एकिकरणपछि सरकारी वा गैरसरकारी निकायबाट निरन्तर अनुगमन गर्नुका साथै प्रभावितसँग नियमित सम्पर्क तथा परामर्श गर्नुपर्ने, परिवारमा पुनर्एकिकरण भएता पनि प्रभावितहरूलाई प्राथमिकताका साथ सामाजिक तथा आर्थिक सशक्तिकरणको कार्यक्रममा संलग्न गराइनुपर्ने, उनीहरूलाई समाजमा सामान्य जीवनयापनका लागि सामाजिक तथा सांस्कृतिक कार्यक्रमहरूमा समान सहभागिताको वातावरण, सरकारी, गैरसरकारी तथा सम्बन्धित निकायहरूले बनाउनु पर्ने कुरामा जोड दिएको छ । ●

# वर्तमान सशस्त्र द्वन्द्व र महिलामाथि परेको असर

- बी. पी. अधिकारी, अनुसन्धानकर्ता, हिमराइट्स



## संस्कार एवं परम्परा

मानवको उदय र विकासक्रमको जुन स्थिति थियो, त्यसबेला महिला र पुरुषमा कुनै भेदभाव थिएन, महिला र पुरुषलाई एक अर्काका परिपुरक अर्थात् एउटा रथको दुई पाङ्ग्राका संज्ञा दिने गरिन्थ्यो । तर समाज विकास गतिको जुन रूपमा अगाडि बढ्दै गयो, त्यसैबेलादेखि पुरुषले आफ्नो आधिपत्य जमाएर महिलालाई निचा बनाउने प्रवृत्ति पनि बढाउन थाले । बाहिर काममा पुरुषको प्रतिनिधित्व हुनु पर्ने अर्थात् कमाइ-धमाइको काममा पुरुषहरू सक्रिय हुने र महिलाहरू घरायसी काममा नै व्यस्त रहनु पर्ने संस्कार बसाउन थाले । घरासयी रूपमा बिहानदेखि बेलुकासम्म निरन्तर काममा खटिए पनि महिलाहरूले गरेको कामको मूल्यांकन खस्कँदै गयो । मानव जातिको उदयको समयमा नङ-मासुको रूपमा महिला र पुरुषलाई हेरिन्थ्यो भने पछि पितृसत्ताले समाजमा जरो गाड्दै गयो र आर्थिक, सामाजिक हरेक पक्षबाट महिला अधिकार हनन् गर्दै महिलालाई दोस्रो दर्जाको नागरिकको रूपमा हेर्न थालियो । जुन संस्कार एवं परम्पराले गर्दा आज युगले एक्काइसौं शताब्दीमा प्रवेश गर्दा पनि महिलाहरूप्रति हेरिने दृष्टिकोण, राखिने सोंच अठारौं शताब्दीको नै रहेको पाइन्छ ।

नेपाल एक विकासोन्मुख राष्ट्र भएका कारणले गर्दा पनि ग्रामीण स्तरमा महिलाहरूले गरिबी, शोषित, अनभिज्ञ र अशिक्षाको पीडा भोग्नु परिरहेको छ । जसका कारण चेलीबेटीहरू निरन्तर अन्याय, अशिक्षा, शोषण र उत्पीडनको शिकार बन्दै गइरहेका छन् । यसरी दिनानुदिन महिलाहरूले भोग्नु परेको पीडाका कारण धेरै महिलाहरू राहत पाउने आशामा दलालहरूको पञ्जामा फसी कतिले नारकीय जीवन बिताउन बाध्य भइरहेको पाइन्छन् ।

यसरी पहिलादेखि नै महिलाले खेप्नु परिरहेको यो अवस्था नेपालमा केही वर्ष अघिदेखि संचालित सरकार-माओवादी सशस्त्र द्वन्द्वका कारण झन् बढी पीडा खेप्न बाध्य हुनु परेको छ । विगत लामो समयदेखि संचालित सरकार-माओवादीबीचको संशस्त्र द्वन्द्वका कारण धेरै मात्रामा महिला एवं बालबालिका यसको शिकार बन्न पुगेका छन् । युद्धको इतिहासलाई हेर्दा प्रभावित हुने वर्गमा जहिले पनि सबैभन्दा धेरै संख्या महिलाको नै रहेको देखिएको छ । यद्यपि लडाइँको अग्रपंक्तिमा भने पुरुषहरू नै बढी पाइन्छ । युद्ध जस्तोसुकै प्रकारको भए पनि संलग्नता अधिकांश पुरुषकै हुने गर्दछ । युद्धका कारण धेरै पुरुषहरू मृत्युको मुखमा परेपछि पुरुषले सम्हाल्दै आएका आयआर्जनको क्षेत्रदेखि लिएर सामाजिक, सांस्कृतिक पारिवारिक आदि थप क्षेत्रहरू महिलाले नै सम्हाल्नु पर्ने हुन्छ, जसले गर्दा उनीहरूमाथि मानसिक बोझ थपिन पुग्छ । सशस्त्र युद्धले जहिले पनि नकारात्मक परिणाम ल्याउँछ यसले महिलाहरूमा त झन् भयावहको स्थिति सिर्जना गरिदिन्छ ।

" युद्ध जस्तोसुकै प्रकारको भए पनि संलग्नता अधिकांश पुरुषकै हुने गर्दछ । युद्धका कारण धेरै पुरुषहरू मृत्युको मुखमा परेपछि पुरुषले सम्हाल्दै आएका आयआर्जनको क्षेत्रदेखि लिएर सामाजिक, सांस्कृतिक पारिवारिक आदि थप क्षेत्रहरू महिलाले नै सम्हाल्नु पर्ने हुन्छ, जसले गर्दा उनीहरूमाथि मानसिक बोझ थपिन पुग्छ । "

## नकारात्मक पक्षहरू

**आर्थिक असर**– आर्थिक क्षेत्रमा महिलाहरूको न्यून अवस्था रहिरहेकै परिप्रेक्ष्यमा आन्तरिक द्वन्द्वले विशेष गरेर महिलाहरूमा गहिरो प्रभाव पारेको छ । द्वन्द्वबाट उत्पन्न आर्थिक अभावका कारण छोरी-चेलीहरू विभिन्न खालका शोषणमा पर्न बाध्य भएका छन् । महिला एवम् बालबालिका बेचबिखन तथा ओसार-पसार गर्न लालायित दलालहरूले यसको भरपुर फाइदा उठाइरहेका हुन्छन् । आम्दानी राम्रो हुने प्रलोभनमा परेर बाबु-आमा अज्ञानतावश स्वयं छोरी-चेली बेच्न बाध्य भइरहेका पाइन्छन । द्वन्द्वमा सहभागी भएका पुरुषहरूको मृत्यु अथवा अंगभंग भई कमाउन नसक्ने भएपछि घरको सम्पूर्ण भार महिलामाथि नै थोपरिने गर्दछ । कमाइ ल्याउने मानिस नभएपछि सम्पूर्ण आर्थिक भार (बालबच्चाहरूलाई पढाउने, पालनपोषण गर्ने,

अन्य घरायसी खर्चहरू गर्ने। महिलाले व्यहोर्नु पर्ने हुन्छ। हाम्रो देशका अधिकांश गाविसहरूका महिलाहरू यस्ता खालका घटनाबाट प्रत्यक्ष प्रभावित भएको पाइन्छन् । आर्थिक स्थिति अभावका कारण घरमा बस्ने महिलाहरू गलैंचा बुन्न जाने, गिट्टी कुट्ने, बालुवा चाल्ने काममा लाग्ने गरेको पाइएको छ। यस्तै खालका काम गर्दै गर्दा कतिपय महिला आर्थिक अभावका कारण स्वेच्छाले नै यौनव्यवसायतिर लाग्ने गरेको पाइन्छ भने कति महिलाहरू जबर्जस्ती यस्तो घृणित काममा सहभागी हुनु परिरहेको देखिन्छ । प्रायः गरेर ग्रामीण इलाकाका महिलाहरू पारिवारिक कारणले आयआर्जन गर्ने क्रममा गलैंचा बुन्न जाने, उतैबाट बेचिने, एड्स जस्तो भयानक रोग लागी मृत्यु समेत हुने गरेको पाइएको छ।

> "समाजमा परिवर्तनको लागि द्वन्द्व कारक हुन सक्दछ। दुई पक्षबीचको द्वन्द्वको कारणबाट धेरै सकारात्मक र विकासका निर्माणहरू हुन सक्छन्। तर नेपालको सन्दर्भमा हेर्ने हो भने सकारात्मक पक्षहरू भन्दा नकारात्मक पक्षहरू नै बढी मात्रामा पाइन्छ।"

**शैक्षिक असर** – अन्धपरम्पराले ग्रसित ग्रामीण बासिन्दाहरू अनभिज्ञ र अशिक्षित हुनाका कारण चेलीबेटीहरू शिक्षाक्षेत्रबाट समेत बञ्चित हुन पुगेका पाइन्छन्। त्यसमाथि पनि अहिलेको आन्तरिक द्वन्द्वले जन्माएको आर्थिक अभाव र विभिन्न सन्त्रासका कारण महिलाहरूको अध्ययन कार्यलाई निकै प्रभाव पारेको देखिन्छ। द्वन्द्वको क्रममा दिनहुंजस्तो हुने गरेको विभिन्न खालको सन्त्रासले कतिपय युवा-युवतीहरू गाउँ नै छाडेर अन्यत्र जान बाध्य हुनु परेको पाइन्छ। अध्ययन गर्न जाने बेलामा पनि कुनबेला कहाँ के हुने हो र कुन बेला कुन पक्षबाट आफू गिरफ्तार भइँने हो जस्ता विभिन्न सन्त्रासले अध्ययन कार्य छाड्न बाध्य भएको पाइन्छ । फेरी अध्ययन गर्ने बालबालिकाहरू द्वन्द्वरत पक्षको प्रथम निशाना बन्ने भएका कारणले गर्दा पनि शैक्षिक क्षेत्रमा निकै असर पर्ने गरेको देखिन्छ।

**सामाजिक असर** – आन्तरिक द्वन्द्वका कारण महिलाहरूमा जसरी आर्थिक र शैक्षिक असर परेको छ, त्यसैगरी सामाजिक असर पनि परेको छ। सामाजिक संरचनाभित्र महिलाहरूप्रति गरिने भेदभाव/महिला हिंसा, छोरा र छोरीमा गरिने भेदभाव एकातिर छ भने महिलाहरूप्रति गरिने सामाजिक संरचनाको व्यवहार नराम्रो रहेको अवस्थामा आन्तरिक द्वन्द्वले झन् डर-त्रासको स्थिति जन्माएको छ। द्वन्द्वमा मृत्यु हुन पुगेका वा कमाइ गर्न नसक्ने भएका पुरुषहरूको सम्पूर्ण कार्यभार महिलाले नै सम्हाल्नु पर्दछ। यति मात्र होइन समाजमा विधवा भएर बाँच्नु पर्दा धेरै बाधा तथा कठिनाइहरू सहनु पर्ने हुन्छ। कतै आफै बलात्कृत होइन्छ कि भन्ने डर हुन्छ भने कतै जाँदा वा कुनै पुरुषसँगै बसेर काम गर्दा बात लाग्ला भन्ने डरबाट सधैं बच्नु पर्ने बाध्यता महिलाहरूमा रहिरहन्छ।

**विस्थापितको स्थिति** – आन्तरिक द्वन्द्वले विस्थापितको स्थितिलाई जन्माएको छ। भयत्रासबाट उत्पन्न असुरक्षित स्थानबाट सुरक्षित स्थानको खोजी गर्न आज महिलाहरू बाध्य हुनु परेको देखिन्छ। कतिपय महिलाहरू विस्थापन हुने क्रममा विभिन्न शहरी इलाकामा विभिन्न खालका पेशा गरी आफ्नो जीवन धान्न बाध्य भएका छन् भने कतिपय महिलाहरू स्वदेशमात्रै नभई विदेशिन समेत बाध्य भएको पाइन्छ। गाउँमा बस्न सक्ने स्थिति नभएपछि बसाइँ सर्न बाध्य भएका यस्ता खालका महिलाहरू धेरै मात्राले जोखिमपूर्ण घटनाहरू समेत व्यहोरिरहेको पाइन्छ।

## सकारात्मक पक्षहरू

समाजमा परिवर्तनको लागि द्वन्द्व कारक हुन सक्दछ। दुई पक्षबीचको द्वन्द्वको कारणबाट धेरै सकारात्मक र विकासका निर्माणहरू हुन सक्छन्। तर नेपालको सन्दर्भमा हेर्ने हो भने सकारात्मक पक्षहरू भन्दा नकारात्मक पक्षहरू नै बढी मात्रामा पाइन्छ। किनकि सशस्त्र द्वन्द्वले धेरै मात्रामा नकारात्मक घटनाहरू निम्त्याइरहेको हुन्छ। तर पनि नेपालमा केही समय अघि संचालित आन्तरिक द्वन्द्वले महिलाहरूमा केही सकारात्मकपक्षको विकास गरेको छ। महिलाहरूमा हुने गरेको विभिन्न खालका हिंसाहरू विस्तारै न्यून हुँदै गएको पाइन्छ। गाउँघरमा सँधै जाँड, रक्सीमा पैसा सिध्याएर श्रीमती कुट्ने पुरुषहरू यस्ता कार्यबाट हाल बञ्चित हुन परेको देखिन्छ। जसले गर्दा फजुल खर्च बच्ने त आफ्नो ठाउँमा छ नै, पारिवारिक सम्बन्धमा पनि यसले सकारात्मक प्रभाव पारेको देखिन्छ। ग्रामीण स्तरमा हुने गरेका विभिन्न खालका शोषण र दमनका क्रियाकलापहरू बन्द हुँदै गइरहेका छन्। महिलाहरूमा समेत नेतृत्व पंक्तिमा कसरी अगाडि आउने र नेतृत्व पंक्तिमा आउँदा के फाइदा हुन्छ भन्ने कुरा बुझ्ने मौका पाइरहेका छन्। ●



# द्वन्द्व र किशोरीहरूको अवस्था

- स्पन्दना के.सी

## पृष्ठभूमि

नेपालमा विगत आठ वर्ष अघिदेखि ने.क.पा. माओवादीद्वारा सञ्चालित सशस्त्र जनयुद्धको कारणले देशको सम्पूर्ण क्षेत्रमा गम्भीर असर पारेको छ । वि.स. २०५२ सालदेखि सुरु भएको जनयुद्ध झन्-झन् तीव्र रूपमा बढ्दै गएको छ । देशमा भइरहेको युद्धले सम्पूर्ण नागरिकहरूले आफ्नो सुरक्षित साथ बस्न पाउने र शान्तसँग बाँच्न पाउने अधिकारको हनन् भएको छ । यस्ता खालका हिंसाहरू भोग्न सबैजना विवश भएका छन् । शसस्त्र द्वन्द्वको चपेटामा सर्वसाधारण वा नागरिकदेखि निर्दोष महिला, बुढापाका, बालबालिकाहरू र किशोर-किशोरीहरू परेका छन् । द्वन्द्वको प्रत्यक्ष असर बालबालिकामा पर्ने गरेको छ ।

बालबालिकाहरूको मृत्यु, घाइते, अपहरण र गिरफ्तारी जस्ता क्रियाकलापको गतिविधिहरूको समाचारहरू अहिले दिनहुँजसो सुनिने गरेको छ । हिंसाको कारण प्रत्यक्ष शिकार भएका बालबालिकाहरूमा सैयौंको संख्यामा मारिएका वा घाइते भएका छन् । हजारौंका संख्यामा बालबालिकाहरू आमाबाबुविहीन भएका छन् भने कैयौं अन्यन्त्र पलायन भएका छन् । त्यसबाहेक माओवादीहरूले आफ्ना निर्दोष किशोर छोराछोरीहरूलाई युद्धको निम्ति लैजालान् भनेर कसैलाई शहरतिर र कसैलाई भारततिर र काम गर्न पठाएका उदाहरणहरू पनि पाइएको छ । अझ बालबालिकाहरूलाई जिविकोपार्जन गर्नका निम्ति उनीहरू श्रममा लाग्न बाध्य भइरहेका छन् । त्यसमा पनि माओवादी गतिविधिहरूमा सहभागी भएको भन्ने नाममा सुरक्षाकर्मीहरूले बालबालिकाहरूलाई दुःख दिने गरेको पाइन्छ । जसले गर्दा बालबालिकाहरूको मनोसामाजिक समस्या पनि देखिन थालेको छ ।

हाम्रो देशका यस्ता धेरै बालबालिकाहरूले आफ्नो गाउँघरमा आफ्नै परिवारमा, छरछिमेकमा आफ्नै आँखा अगाडि आमाबाबु साथीभाइ आफन्त, छिमेकीलाई हत्या कुटपीट र अमानवीय यातना दिएको, धारिलो हतियारले निर्मम हत्या भएको देखेका छन् । यस्ता कुराहरूलाई रेडियो, टेलिभिजन, पत्रपत्रिका मार्फत् सुनेको,देखेकाले बालबालिकाको दिमागमा दीर्घकालीन असर परेको छ । हत्या हिंसाका कारणले हजारौंका संख्यामा, बालबालिकाहरूलाई घरपरिवारविहीन भएका छन् । बाबुआमा जंगलमा बसेको कारणले हजारौंको संख्यामा बालबालिकाहरू परित्यक्त भएका छन् । विद्यालयमा पढ्दै गरेका हजारौं विद्यार्थीहरू हिंसाको कारण पढ्नबाट बञ्चित हुनु पुगेका छन् । यसमध्ये कैयौ बालबालिकाहरू घर छोडी विस्थापित भएका छन् । युद्धग्रस्त अन्य देशहरूको नमूना हेर्दा गाउँहरूमा बालबालिका र किशोर/किशोरीहरू निकृष्ट किसिमका बालश्रम शोषण, यौनशोषण तथा यौनव्यापार, सर्कस, बधुवा कृषि मजदुर, कार्पेट बुनकर, घरेलु कामदार, इटाभट्टी, गिट्टी कुट्ने, त्यसको साथै देहव्यापारका निम्ति बालिकाहरू ओसारपसार र बेचबिखनमा पर्ने गरेका छन् ।

बालबालिकाहरूलाई एक ठाउँबाट अर्को ठाउँ लैजान एकदमै सरल र सहज भएको छ । यी निर्दोष बालबालिकाहरू र किशोर-किशोरीहरूलाई दुवै पक्षले ढाल बनाएर प्रयोग गरेका छन् । यो आठवर्षको दौरानमा कैयन् बालबालिकाहरू विस्थापित भएका छन्, घर छोडी संरक्षणको लागि भौतारिदै हिंडेका छन् ।

## सशस्त्र द्वन्द्वको कारणले गर्दा बालबालिकाहरूले भोगिरहेका समस्याहरू

१) सुरक्षा फौज र माओवादीहरूद्वारा गरिने सशस्त्र कारवाहीमा पर्नु

२) परिवार/आमाबाबुहरू मारिएका कारण बालबालिकाहरू टुहुरा, असहाय र परित्यक्त हुनु

३) सशस्त्र समूहद्वारा किशोर/किशोरहरूलाई अपहरण गर्नु र सशस्त्र संघर्षमा लैजाने डर पैदा गर्नु

४) सरकारी सुरक्षा फौजद्वारा डर धम्की देखाउनु, गिरफ्तारी गर्नु र शारीरिक-मानसिक यातना दिनु । कहिलेकाही यौन हिंसा गर्नु

५) विद्यालयहरूमा हिंसात्मक कारवाही हुनु र विद्यालय बन्द हुनु र शिक्षाबाट बञ्चित हुनु पर्ने अवस्था

६) परिवारविहीन र घरबारबारविहीन बालबालिकाहरूको संरक्षण र पुर्नस्थापना चनौतिपूर्ण हुनु

७) घरपरिवार र छरछिमेकमा हिंसाजन्य घटनाले गर्दा विक्षिप्त बन्नपुगेका बालबालिकाहरूको लागि मनोसामाजिक परामर्शको व्यवस्था नहुनु

८) युद्धपीडित क्षेत्रका बालबालिकाहरू समय समयमा हुने खोप स्वास्थ्य सेवा खाद्यान्न आपूर्ति र पोषणयुक्त खाना आदिबाट बञ्चित हुनु पर्ने

९) सशस्त्र संघर्ष प्रभावित गाउँघरहरूमा सुरक्षाको अभावले गर्दा धेरैजसो सामाजिक विकास र बालहितकारी संस्थाहरू पलायन हुनु

## हत्या, हिंसा र युद्धको असर

१) करिब १७० भन्दा बढी बालबालिका (किशोर किशोरीहरू) को हत्या

२) करिब ३०० बालबालिकाहरूको गोलाबारी, बम बिस्फोटन र हिंसाबाट घाइते

३) करिब २,००० बालबालिकाहरू कम्तिमा एक अभिभावकको हत्या वा पलायनको कारण अनाथ वा परित्यक्त

४) करिब ८,००० बालबालिकाहरूको विस्थापन

## शैक्षिक क्षेत्रमा परेको प्रभाव

१) कतिपय शिक्षकहरू "जनकरवाही" वा "गिरफतारी" हुने डरले विद्यालयहरूमा अनुपस्थित हुनाले पढाइमा असर

२) धनी र पहुँचवालाका छोराछोरीहरू शिक्षाको निम्ति विदेश पलायन

३) नेपालबन्द र अन्य राजनीतिक आन्दोलनका कारण विद्यार्थीहरूको पढाइमा नकारात्मक असर

४) जनयुद्ध प्रभावित क्षेत्रहरूमा करिब ३०० विद्यालय सुसञ्चालनमा असर

## स्वास्थ्य क्षेत्रमा परेको प्रभाव

१) युद्ध र हिंसाको कारण बालबालिकाहरूमा अपाङ्गता र अस्वस्थातामा वृद्धि

२) युद्धको कारण खानेपानी र हावामा प्रदुषण

३) युद्ध प्रभावित क्षेत्रहरूमा स्वास्थ्य केन्द्रहरूको सञ्चालनमा बाधा

## मनोवैज्ञानिक क्षेत्रमा परेको प्रभाव

१) बालबालिकाहरूको सिर्जनशीलतामा नकारात्मक असर

२) बालबालिकाहरूमा हिंसाको संस्कारको छाप

३) युद्धपीडित बालबालिकाहरू खासगरी बालसैनिकहरू, यौनशोषणका पीडितहरू, अपहरण गरिएका वा जेलमा राखिएका बालबालिकाहरूको मनोसामाजिक परामर्श, समाजिकीरण र पुर्नस्थापनाको सवालमा चुनौति

४) मनोविज्ञानमा डर, भय वा बदलाको भावना

## बालसहभागिताको क्षेत्रमा

१) सकारात्मक सामाजिक र सामुदायिक गतिविधिहरूमा बालबालिकाको सहभागितामा कमी

२) बालबालिकाहरूको सहभागितामा अधिकारसम्बन्धी गतिविधिहरू कम हुनु

बालबालिकालाई युद्ध हिंसा र सशस्त्र द्वन्द्वबाट सुरक्षित हुन पाउने बालबालिकाको अधिकारलाई बुझ्नु जरुरी छ । बालअधिकारसम्बन्धी कानुनहरूको कार्यान्वयन हुनु अति आवश्यक देखिन्छ ।

हिंसा पीडितबालबालिकाको संरक्षणमा विभिन्न पदहरूको भूमिका हुनुपर्दछ, जस्तै :-

१) सरकारको दायित्व र भूमिका

२) राजनीतिक पार्टीहरूको दायित्व र भूमिका

३) गैरराज्य पक्षको दायित्व र भूमिका

४) नागरिक समाजको दायित्व

५) जिल्ला शान्ति समिति र बाल संरक्षण समितिको दायित्व

६) बालअधिकारसम्बन्धी संस्थाहरूको दायित्व र भूमिका

७) जिल्ला बालकल्याण समितिको दायित्व र भूमिका

८) गाउँ विकास समितिको दायित्व र भूमिका

माथि उल्लेखित सबै पक्षले हिंसाविरुद्ध बालबालिकालाई संरक्षण सुरक्षाको व्यवस्थापन हुनु जरुरी छ । बालबालिका भनेका कलिला मुना जस्तै हुन्, उनीहरुको बालअधिकार पाउनु पहिलो प्राथमिकता हो । आ-आफ्नो घरमा बस्न, बाँच्न र पढ्न पाएर ममताको वातावरणमा हुर्कन पाउनु उनीहरूको नैसर्गिक अधिकार हो । यी दुवै राजनीतिक पक्षदेखि हरेक व्यक्तिले बुझ्नु जरुरी देखिन्छ । ●

# चेलिबेटी बेचबिखनको मूल कारण अशिक्षा, असचेतना र गरिबी हुन्



(लामो समयदेखि निरन्तर रूपमा स्थानीय स्तरमा महिला तथा बालबालिका बेचबिखनबिरुद्ध क्रियाशील महिला तथा आत्म निर्भरता केन्द्र (मान्क) का फिल्ड कार्यकर्ता सावित्री श्रेष्ठसँग महिला तथा बालबालिका बेचबिखनका सन्दर्भमा ओसार पसारका लागि विमला ज्ञवालीले गर्नुभएको साक्षात्कारको सार संक्षेप)

*हाम्रा पाठकका लागि तपाइँको परिचय दिनुहोस् न ?*

मेरो नाम त थाहा पाइहाल्नुभो , सावित्री श्रेष्ठ हो । मेरो घर सिन्धोपाल्चोक जिल्लामा पर्दछ । हाम्रो जिल्लालाई महिला तथा बालबालिका बेचविखनको हिसावले ज्यादै प्रभावित जिल्लाको रूपमा हेरिन्छ । यहाँ वर्षौ देखि ललाई फकाई र बाचताबस चेलिबेटीहरूको बेचबिखन भएका र उनीहरूका दुःखद् कथा व्यथाहरू सुनिदै र देखिदै आएका छन् । बाल्यकाल देखि नै यस्ता घटनाहरू नभैदिए पनि हुन्थ्यो नि भन्ने लागि रहन्थ्यो र रोक्नकालागि मैले पनि केही गर्नु पर्दछ भन्ने पनि उत्तिकै लाग्दथ्यो । यत्तिकैमा हाम्रो स्थानीय स्तरमा रहेर चेलिबेटी बेचबिखनको रोकथाम र बेचबिखनमा परेका समाजकालागि केही गरौं भन्ने मनमालागि रहन्थ्यो । यसरी चेलिवेटी बेचबिखन विरुद्धको अभियानमा म आकर्षित हुदै गएँ र मान्क सँग सम्बन्धित हुन पुगे ।

*बेचबिखनका क्षेत्रमा काम गर्न थाल्नु भएको कति भयो ? र यस सवाललाई कसरी हेर्नु हुन्छ ?*

मैले माथि नै उल्लेख गरेझै म सानैबाट मानव समाजको कलंकका रूपमा रहेको मानव बेचबिखन विरुद्ध प्रत्यक्ष अप्रत्यक्ष लाग्दै रहें तर २०५० सालमा मान्कसँग सम्बन्धित भएपछि भने म औपचारिक रूपमा यसविरुद्ध कार्यरत छु । जहाँसम्म यो सवाललाई हेर्ने कुरा छ, यो समश्या सामाजिक र राजनैतिक कुरासँगसँगै जेलिएर आएको समश्या हो । एउटा विकराल सामाजिक समश्याको रूपमा रहेको यो समश्याले सबैतिरबाट प्राथमिकता पाउनुपर्दछ भने यस विरुद्ध काम गर्ने सरकारी गैरसरकारी सबै संघसंस्थाहरूले ऐक्यवद्ध भएर काम गर्नु पर्दछ ।

अर्को महत्वपूर्णकुरा यो समस्या आफ्नो देशमा मात्र सीमित नरहेर एउटा क्षेत्रीय र अन्तराष्ट्रिय समस्या पनि त्यत्तिक्कै हो । त्यसैले यसलाई त्यही अनुरूप पनि हेरिनु पर्दछ ।

*यस समस्यालाई समाधान गर्न समग्रमा कस्ता प्रयास भइरहेका छन र समश्या समाधानकालागि कस्ता उपायहरू अवलम्बन गर्नुपर्ला ?*

यस समस्यालाई समाधान गर्न विभिन्न सामाजिक क्षेत्रमा कार्यरत संघ संस्थाहरूले कार्य गरिरहेका छन् । सरकारी स्तरबाट पनि प्रयास भैरहेको छ तर मेरो विचारमा यो प्रयास पर्याप्त छैन । सरकारले यस क्षेत्रमा अझ धेरै गर्नबाकी छ ।

चेलिबेटी बेचविखनको मूल जरोका रूपमा अशिक्षा, असचेतना र गरिबी जस्ता कुराहरू रहेकाले यसकालागि समाजलाई चेतनाशील बनाउने खालका कामहरू र परिवारको आयआर्जन बढाउने खालका कृयाकलापहरू संचालन गरिनु पर्दछ । सचेतना बढाउने सवालमा सम्भावित र प्रभावित क्षेत्रका मानिसहरूलाई मानव बेचबिखन र यसका परिणामबारे स्पष्ट जानकारी दिने, यसका बारेमा तालिम गोष्ठीहरू संचालन गर्ने, पर्चा, पम्पलेट, सडक नाटकजस्ता कुराहरूको आयोजना गर्ने जस्ता कृयाकलापहरू संचालन गर्न सकिन्छ । त्यस्तै समाजिक रूपमा मानिसहरूलाई सँगठित र जागरुक बनाएर पनि चेलिबेटी बेचबिखन विरुद्धको अभियानमा अगाडि बढ्न सकिन्छ जस्तो लाग्छ ।

यसैगरि संजाल निर्माण गर्ने , पीडितलाई कानुनी लगायत राहत सहयोग पुऱ्याउने, धारणागत स्पष्टताकालागि प्रयत्न गर्ने जस्ता कामहरू पनि सँगसँगै अगाडि जानु पर्दछ ।

*तपाई आवद्ध संस्था महिला आत्मनिर्भरता केन्द्रले चै मानव बेचबिखन विरुद्धको क्षेत्रमा कस्ता कस्ता कामहरू गर्दै आएको छ ?*

सावित्री: मैले अघिल्लो प्रश्नमा दिएको उत्तर नै यहाँ दोहरिन जान्छ । जे होस्, मान्कले सचेतना मूलक, सहभागितामूलक (सँगठित गर्ने काम) र पीडितलाई कानुनी लगायत राहत सहयोगका कार्यक्रमहरू पनि संचालन गर्दै आएको छ ।

*प्रभावितको पुर्नस्थापिना र उद्धारका बेला गरिने व्यवहारहरू अधिकारको रूपमा होइन वरु एक खालको कल्याणको रूपमा भइरहेको छ भन्ने पीडित पक्षको तर्फबाट गुनासाहरू आइरहेका छन । यस सन्दर्भमा यहाँको के विचार छ ?*

सावित्री: पीडितहरूले उठाउनु भएको कुरा एकदमै जायज छ । वास्तवमा यस क्षेत्रमा कामगर्ने व्यक्ति र संघसंस्थाहरूको प्रभावितको पुर्नस्थापना र उद्धारका बेला गरिने व्यवहारहरू अधिकारमुखी दृष्टिकोणका हुनुपर्दछ । यस सवालमा काम गर्ने संघ संस्थाले केहि समयसम्म कल्याणकारी हुनुपर्‍यो त्यसपछि अधिकारमुखी अवधारणाले काम गर्नु पर्दछ ।

*कतिपय अवस्थामा पुनस्थापर्ना गरेर पीडामा परेकाहरूलाई उद्धार गरेर तिनीहरूलाई गृहमा राख्ने मात्र कामहरू भई रहेको छ, परिवारमा उचित पुनर्मिलन गराउने कामहरू कम भएका छन भन्ने कुराहरू आइरहेको छ यो भनाइमा यहाँको के विचार छ ?*

छैन । पुनस्थापना आफैमा नराम्रो होइन । पहिलो प्राथमिकता गृहमा नै प्रभावितलाई दक्ष बनाएपछि मात्र पुनर्मिलन गराउनु पर्दछ । पारिवारिक र सामाजिक पुनस्थापना शुरुमा नै गर्नु हुदैन तर यो उनीहरूको अधिकार हो । वातवमा गृहमा आधारित पुनस्थापना जति सरल हुन्छ समुदायमा आधारित पुनस्थापर्ना एकदमै गाहरो हुन्छ किनभने यो सामाजिक सास्कृतिक मूल्य, मान्यतासँग गाँसिएको विषय हो । एकपल्ट समाजबाट टाढिइसकेपछि त्यो समाजमा पुनर्मिलन गाहरो कुरा हो । तर हाम्रो अन्तिम लक्ष्य भनेको समाजमा आधारित पुर्नस्थापना नै हो ।

*पुनस्थापर्नाका लागि न्यूनतम पूर्वाधारहरू के - के हुनुपर्दछ ?*

पुनस्थार्पना भन्ने वित्तिकै एकदमै गाहरो काम हो । हामीले पीडितहरू ल्याएर खान, लाउन दिएर मात्र पुनर्स्थपनको पूर्वाधारहरू पूरा हुदैन । पीडितहरूको तत्कालिन आधारभूत पूर्वाधारहरूलाई निम्नरूपमा हुर्नुपर्छ :

- गाँस, वास, कपास, स्वास्थ्य
- पुर्नस्थापनाभित्र रहेका महिलाहरू मानसिक, शारीरिक रूपमा पीडित हुन्छन् त्यस्तो अवस्थामा वास्तविक समस्या के हो भनी पहिल्याउनको लागि परामर्श गर्न एकदमै जरुरी हुन्छ ।
- न्याय पाउनका लागि कानुनी सरसल्लाहको व्यवस्था हुनुपर्छ ।
- इच्छाअनुसारको जीवन निवार्हको लागि उचित शिक्षा, शिप, रोजगारी र शीपको उपयोग गर्नको लागि बजारको व्यवस्था हुनुपर्दछ ।

*पुनर्स्थापनाका लागी हालसम्म भएका कामहरू कती कामयावी भएका छन ती प्रयाप्त छन त ?*

प्रयाप्त छैन ।

*पुनस्थापनाका लागि सरकारी प्रयास केकस्तो पाउनु भएको छ ?*

सामाजिक वयवहार

समुदाय नीति

*बेचबिखनको स्वरूपमा अगाडि हालको रूपमा मूल्यांकन गर्नु भएको छ ?*

पहिला दलालले लगेर र बेच्ने

अहिले आएर व्यक्तिले

आफै पनि बेचिने सरकारको नीति अनुसार

बैदेशिक रोजगार कम्पनी संस्थागत भएको र यसको मार्फत

*तत्कालिन आवश्यकता के छ ? जस्तो लाग्दछ ?*

नीति नियमको कार्यन्वयन

आवश्यक निति निर्माण

*अन्त्यमा अरु केही भन्न चाहनुहुन्छ कि ?*

ओसारपसारलाई शुभकामना महिला तथा बालबालिका बेचबिखन विरुद्ध अभियानमा लाग्ने सम्पूर्ण सहकर्मी सहयोद्धाहरूलाई कहिले नथाक्न अनुरोधका साथै ग्रामिण तहमा काम लाग्ने खालको ओसार पसार हुनु पर्‍यो । ●

**बेचिएका व्यक्तिलाई न्याय, अपराधीलाई कडा सजाय**

# यथार्थका चित्कारहरु

– कल्पना गिरी



"बस्दै गर है नानु ... अर्को लजमा मेरी मितिनी दिदीलाई भेटेर म केही मिनेटमै आउँछु ।" "किन र तपाईको मितिनी दिदी भएको ठाउँमा म जान हुन्न र ? सुस्माले अंकलसँग प्रश्न गरिन् । हैन, हैन उहाँसँग मेरो एक्लै भेट्नु पर्ने एउटा अत्यन्त महत्वपूण काम छ । पछि वहाँसँग कुरा गर्ने मेरो फूर्सद हुन्न । तिमी त अब सँधै वहाँसँग बस्न पाउछ्यौ, वहाँसँग बस्न पाउनु त स्वर्गमा बस्नुभन्दा पनि आनन्दको कुरा हो । मितिनी दिदीसँग भेटेर वहासँग बस्न थालेपछि त तिमी आमालाई पनि बिर्सन्छ्यौ होला भन्दै अंकलले सुस्माको जीवनमा छिट्टै नै सुख र खुसी आउनेछ र र त्यतिबेला पनि यो अंकललाई भने नबिर्सन आग्रह गर्‍यो । उसले सुष्मालाई एउटी पहाडिया केटीबाट शहरकी सुन्दरी केटी बन्ने र जीवनमा सुखै सुखको वर्षा हुने सुन्दर कल्पनामा डुबायो । उसले पनि ठानी कि, पहाडको सानो घर, आमा र सानो भाइ, बर्षाको हिलोमा दाउरा घाँस, दिनैपिच्छेको बाउको रक्सी खाएर आमालाई गाली गरेको र कहिलेकाही पिटेको क्षण र आफ्नै मुटु जस्ता निरु, काली र बुदुनीहरू । यी सबै कुरालाई चटक्कै बिर्सेर उ डाँडाघरेका छोरा हरिहर अंकलको पछि लागेर यो शहरमा राम्रो काम गरेर धेरै पैसा कमाउन र आफ्नो जीवनलाई सुखी बनाउन आएकी छ । उसलाई बेलाबेला आमाको बोलीको झझल्को पनि आइरहेको छ । बाख्राका पाठाहरू नाचेको पनि संझना आइरहेको छ र आउदै गरेको सुन्दर जीवनको कल्पनाले पनि रोमाञ्चित पारिरहेछ ।

सुष्मा भर्खरै १४ वर्ष पुगेकी छ । जीवन के हो र भविष्य कसरी सुन्दर बनाउने ज्ञान उसलाई छैन । तर भविष्य सुन्दर, सुखी र खुसीपूर्ण होस् भन्ने तीव्र चाहना भने उसमा प्रशस्तै छ । के सही र के गलत, को आफ्नो र को अर्को भन्ने छुट्याउने विवेक उनमा पसिसकेको थिएन । उनले सहरका यी ठूला ठूला घर, सोफा र गलैचा सजिएका कोठा र पङ्खा कहिल्यै देखेकी थिइनन् । उनी आज हरिहर अंकलसँगै सहर डुल्न पाएकी छन् । नयाँ नयाँ खानेकुराहरू खाएकी छन् । चिटिक्क परेको लुगा लगाएर आफ्नो अंकलसँग घुम्न पाएकी छन् । उनले आफूलाई धन्य र निकै भाग्यमानी सम्झिन् ।

त्यति नै बेला उनले आफू हिंड्ने बेलामा भाइले काँ जान लागेकी भनेर सोधेको र आफूले हरिहर अंकलको मितिनी दिदीको घर जान लागेको र शहरबाट आउने दशैमा जागीर खाएर राम्रो जकेट ल्याइदिने पनि बताएकी थिइन् । हरिहर अंकल पनि कति बेर लगाएको होला ? मितिनी दिदीलाई भेटेर फर्कन, भनेर उनी अलि अलि रिसाउदै थिइन् । किन मलाई पनि संगै लगेर नचिनाएको होला भन्ने ठान्दै थिइन् । त्यति नै बेला एउटी अधबैसे केटी मिनी स्कट लगाएर जालीदार पहिरनमा कोठा भित्र छिरिन् र उनलाई आजदेखि ऊ जस्तै गरी धन्दामा लाग्नु पर्ने बताई । के को धन्दा गर्ने ? खोइ त मेरो हरिहर अंकल ? पहिले म हरिहर अंकलको मितिनी दिदीलाई भेट्छु र के काम गर्नुपर्ने हो ? हरिहर अंकल आएपछि कुरा गरेर काम गर्न थाल्छु, उनले हतारिएर भनिन् । तिम्रो हरिहर अंकल त गइसक्नु भयो, तिमीलाई ७५००० मा बेचेर, अब तिमीले हामीले जस्तै धन्दा गर्नुपर्छ, यहाँ आउने ठूला मानिसहरूलाई रिझाउने धन्दा, अघिकि केटीले भनिन् । सुष्मा कोठा नै थर्कने गरी चिच्याइन्, हरिहर अंकल, म यस्तो जागीर खान्न, म मेरै घर फर्कन्छु .... तर उनको आवाज सुन्ने हरिहर अंकल त्यहाँ थिएनन् । थिए त केवल कोठाका भित्ताहरू मात्र । ●

## मध्यमाञ्चल तथा पूर्वाञ्चल क्षेत्र स्तरीय कार्यशाला गोष्ठीहरू सम्पन्न

"चेलिबेटी बेचबिखन विरुद्धको अभियानमा जिल्ला कार्यदलको भूमिका" विषयक मध्यामाञ्चल तथा पूर्वाञ्चल क्षेत्र स्तरीय २ दिने कार्यशाला गोष्ठीहरू मार्च १०-११ हेटौंडा र विराटनगर अप्रिल १-२, २००४ मा सम्पन्न भए । हेटौंडामा मानव बेचबिखन विरुद्धको सञ्जाल, मकवानपुर, र विराटनगरमा इन्सेक पूर्वाञ्चल क्षेत्रीय कार्यालयहरू कार्यक्रमका सह-आयोजकका रूपमा रहेका थिए । कार्यक्रमहरूमा क्षेत्रका विभिन्न जिल्लाबाट जिल्ला कार्यदलका सदस्यहरूको सहभागिता रहेको थियो । यी कार्यशालाहरूमा चेलिबेटी बेचबिखनविरुद्ध श्री ५ को सरकारका नीतिहरू र कार्यान्वयन प्रक्रियाहरू, बेचबिखनमा परेका व्यक्तिहरूसँग गरिनु पर्ने व्यवहारसम्बन्धी मानवअधिकारको न्यूनतम मापदण्डहरू, बेचबिखनसम्बन्धी राष्ट्रिय तथा अन्तराष्ट्रिय नीति र बुझाईहरू र जिल्ला कार्यदलहरूको भूमिका र दायित्वबारे छलफल भएको थियो । यी कार्यक्रमहरूमा एट्वीनका तर्फबाट संयोजक इन्दिरा फुँयाल, कार्यक्रम संयोजक विमला ज्ञवाली, एट्वीन सदस्य संस्था ग्रामीण पुर्ननिर्माण संस्था (आर.आर.एन)की लक्ष्मी कार्की, नारी सिप सिर्जना केन्द्रकी विष्णु ओझा र महिला मन्त्रालयका तर्फबाट धुवबहादुर खड्काले कार्यशाला सहजकरण गर्नुभएको थियो ।




## महिला हिंसा अन्त्य गर्न हामी सक्छौं अभियान र महिला हिंसा र बेचबिखनविरुद्ध महिला अदालतको तयारी

नेपालमा हुने 'महिला हिंसा अन्त्य गर्न हामी सक्छौं अभियान' र यस अभियानको मुख्य आकर्षणको रूपमा रहेको महिला अदालतको मुख्य आयोजकमा एट्वीन र महिला दबाब सुरक्षा समूह रहेका छन् । महिला हिंसा र बेचबिखनविरुद्ध महिला अदालतको तयारीका क्रममा सन् २००४ को सुरुदेखि डिसेम्बरसम्म विभिन्न मितिमा एट्वीन, महिला सुरक्षा दबाब समूह र अक्सफाम बीच महिला अदालतको अवधारणा, यसको आवश्यकता र तयारीबारे ६ पटकभन्दा धेरै बैठकहरू सम्पन्न भएका छन् । साथै यी बाहेक अक्सफाम साझेदार संस्थाहरू समेतको सहभागितामा २ पटक आयोजक समितिका बठकहरू सम्पन्न भएका छन् । यिनै बैठकहरूबाट पुसमा सम्पन्न हुने महिला अदालतका लागि वक्ताहरू, सहभागीहरू, कार्यपत्र प्रस्तोता र अध्यक्षहरूको चयन भएको थियो । सेप्टेम्बर ६, ७ र ८, २००४ मा आसन्न महिला अदालतको तयारीका सन्दर्भमा सम्भावित आयोजक संस्थाहरूका बीच कार्याशाला गोष्ठीको आयोजना गरियो । कार्यशालामा महिला अदालतका बारेमा थप योजना तर्जुमा गरियो भने अदालतका निम्ति आवश्यक सम्पर्क व्यक्ति, प्रभावित वक्ताहरू, न्यायदूत, लगायतका व्यक्तिहरूको अन्तिम स्वरूप दिइएको थियो ।

## जिल्लास्तरीय कार्यशाला गोष्ठीहरू सम्पन्न

महिला विरुद्धको हिंसा अन्त्य गर्न हामी सक्छौं भन्ने नाराका साथ शुरुवात गरिएको अभियानलाई प्रचार-प्रसार गर्ने र जिल्ला स्तरमा बेचबिखनविरुद्ध सचेतना अभिबृद्धि गर्ने उद्देश्यले एट्वीनका १९ वटै सदस्य संस्थाहरूले विभिन्न १९ जिल्लामा जिल्लास्तरीय कार्यशालाहरू सञ्चालन गरिरहेका छन् । २०६१ असौजदेखि मंसीर मसान्तसम्ममा ... जिल्लामा यस्ता कार्यशालाहरू सम्पन्न भइसकेका छन् । कास्कीमा नेपाल बालमजदुर सरोकार केन्द्र (सिविन), चितवनमा टेका समूह, कैलालीमा इन्सेक, सिन्धुपाल्चोकमा महिला आत्मनिर्भरता केन्द्र, दोलखा र दाङमा महिला हित समाज, काभ्रेमा जागरण नेपाल, रौतहटमा इन्हुरेड/हिम्राइट्स, पर्सा र मकवानपुर र पर्सामा नारी सिप सिर्जना केन्द्र, धादिङमा महिला स्वरोजगार प्रशिक्षण केन्द्रको आयोजनामा यी कार्यशालाहरू सम्पन्न भइसकेका छन् । बाँकी जिल्लाहरूमा पनि यी कार्यशालाहरू सम्पन्न हुँदै छन् । मानव बेचबिखनविरुद्ध कार्यरत विभिन्न संघ-संस्थाहरूको सहभागिता रहेको ती कार्यक्रमहरूमा महिला बेचबिखनको परिभाषा, तत्वहरू, प्रयोजन र हाल सञ्चालित महिला हिंसा र बेचबिखनविरुद्ध महिला अदालत बारेमा जानकारी र छलफल गरिएको थियो ।

## क्षेत्रीय र अन्तर्राष्ट्रिय कार्यक्रमहरूमा सहभागिता

एट्वीनको तर्फबाट यस वर्ष विभिन्न राष्ट्रिय र अन्तर्राष्ट्रिय स्तरमा आयोजना भएका वेचबिखन विरुद्ध र महिला अधिकारका लागि भएका कार्यशाला र अभियानहरूमा सहभागीताहरू भएका छन् । यस क्रममा वैंककमा सम्पन्न एसिया प्यासिफिक एनजिओ फोरममा एट्वीनका संयोजक इन्दिरा फुँयालको सहभागिता भएको थियो । उक्त कार्यक्रममा आ- आफ्नो संस्थाको तर्फबाट एट्वीन सदस्य संस्थाहरू- शक्ति समूह, नारी सिप सिर्जना केन्द्र, महिला हित समाज, हिमराइट्सको सहभागिता रहेको थियो । अक्सफाम दक्षिण एसिया कार्यालयको आयोजनामा भारतको नयाँ दिल्लीमा सम्पन्न महिला हिंसा अन्त्य गर्न हामी सक्छौं अभियान (We Can Campaign) र अभियानसम्बन्धी छलफल कार्यशालामा एट्वीनका तर्फबाट संयोजक इन्दिरा फुँयाल र स्रोत केन्द्र अधिकृत वेनुमाया गुरुङको सहभागिता भयो । भारतको महिला हिंसा अन्त्य गर्न हामी सक्छौं अभियान (We Can Campaign) अन्तर्गतको यस वर्षको राष्ट्रिय कार्यशालामा एट्वीनको कार्यक्रम संयोजक विमला ज्ञवाली सहभागी हुनु भएको थियो । साथै बैंककमा सम्पन्न GAATW को एसिया-प्रशान्त क्षेत्रीय परामर्श बैठकमा एट्वीन संयोजक इन्दिरा फुँयालले नेपालको तर्फबाट राष्ट्रिय प्रतिवेदन पेश गर्नु भएको थियो । साथै भर्खरै यही डिसेम्बरमा सम्पन्न GAATW को साधारण सभामा एट्वीनका तर्फबाट कार्यक्रम संयोजक विमला ज्ञवाली र एट्वीन सदस्य संस्था नारी सीप सिर्जना केन्द्रका अध्यक्ष विष्णु ओभाको सहभागिता रहेको थियो । उक्त कार्यक्रममा एट्वीन सदस्य संस्थाहरू- शक्ति समूह, महिला आत्मनिर्भरता केन्द्र, ग्रामीण महिला सिर्जनशील परिवारहरूको तर्फबाट समेत सहभागिता रहेको थियो ।

## एटविनको वार्षिक मूल्याङ्कन, वार्षिक समीक्षा र सचिवालय हस्तान्तरण कार्यक्रम सम्पन्न

हरेक दुई-दुई वर्षमा एटविनका गतिविधिहरूको संयोजन र सचिवालय संचालनको जिम्मेवारी हस्तान्तरण हुने प्रावधानअनुसार अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)मा रहेको सचिवालयको जिम्मेवारी मिति ३१ जनवरी २००५ देखि २ वर्षका लागि नारी सीप सृजना केन्द्र, मकवानपुरलाई हस्तान्तरण गरियो ।



## महिला अदालत सम्पन्न

डिसेम्बर २१-२३ २००४ मा एटविन र महिला सुरक्षा दबाव समूहको आयोजनामा तथा अक्सफाम जी.बी. नेपालको लैंगिक सवालका साझेदारी संस्थाहरूको सह-आयोजनामा महिला तथा बालबालिका बेचबिखनसम्बन्धी (राष्ट्रिय सार्वजनिक सुनवाई) महिला अदालतको आयोजना गरियो । उक्त कार्यक्रममा १००० सहभागीहरूको सहभागिता रहेको थियो । जसमध्ये ३०० सहभागीहरूको विभिन्न जिल्लाबाट सहभागी थिए ।




*महिला अदालतको सिलसिलामा शक्ति समूहद्वारा प्रस्तुत नाटकको एक झलक*

संसारका सबै मानिसहरूलाई भगवानले ध्यान पुऱ्याउन सक्नु हुन्न । त्यसैले उहाँले प्रत्येक परिवारमा आमाको रूपमा एक एकजना प्रतिनिधि तोक्नु भएको छ ।

## मानवअधिकार र सामाजिक न्यायको निम्ति

# अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)

यो देशमा सबैले सम्मानित रूपमा जीउन पाउने अधिकार छ, काम गरेपछि उचित ज्याला पाउने अधिकार छ भन्ने कुरा बुझाउदै कार्य आरम्भ गर्ने गैरसरकारी, मानवअधिकारवादी संस्था इन्सेक श्रमजीवी, शक्तिवानहरूबाट हेपिएका, थिचिएकाहरूलाई यो धर्ती सबैको हो र सबैले सम्मानका साथ बाँच्ने अधिकार छ भन्ने चेतनाको दियो बाल्दै २०४५ सालमा उदय भएको थियो ।

इन्सेकले जनताको माझमा रहेर मानवअधिकारको क्षेत्रमा काम गरेको १६ वर्ष पूरा भएको छ । यस अवधिमा आधारभूत मानवअधिकारको संरक्षण तथा प्रजातान्त्रिक शासन प्रणालीको स्थापनाका लागि आफ्ना कार्यक्रमहरू यसले सफलतासाथ संचालन गरेको सर्वविदितै छ । इन्सेकले आफ्नो स्थापना (ठेलागाडा चालकहरूको लागि कार्यक्रम) देखिनै आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारलाई आफ्ना कार्यक्रमहरूमार्फत् महत्वका साथ उठान गर्दै आइरहेकोछ । बाँधा मजदुर, कृषि मजदुरको न्यूनतम ज्याला निर्धारण तथा मानवअधिकारका अन्य सवालहरूलाई उजागर गर्ने कार्यमा इन्सेकको उल्लेख्य संलग्नता रहदै आएको छ । त्यस्तैगरी मानवअधिकार शिक्षा, सचेतन र अभियान कार्यक्रम मार्फत नागरिक तथा राजनीतिक अधिकारको संरक्षण तथा उपयोगको क्रियाशील रहेकोछ । विगत एक दशकभन्दा पहिलेदेखि नै मानवअधिकारका सवालहरूमा शिक्षा, अनुगमन, लविङ, एड्भोकेसी, अनुसन्धान तथा तालिम इन्सेकका नियमित कार्यक्रमका रहादै आएका छन् साथै मानवअधिकार स्थितिको सम्प्रेषण गर्दै मानवअधिकार संरक्षण र सम्वर्धनको लागि सम्वन्धित निकायमा दवाव सृजना गर्ने कार्य यसले गर्दै आइरहकोछ ।

इन्सेकले आफ्नो लक्षित समुदायको रूपमा उत्पीडित तथा उपेक्षित समुदाय कृषि मजदुर, महिला, दलित तथा बालबालिका लगायत सामाजिक विभेदमा परेका समुदायलाई लिएको छ ।

### भिजन (परिकल्पना/दूरदृष्टि)

मानवअधिकार र सामाजिक न्याययुक्त राज्यको स्थापना ।

### मिसन (ध्येय)

जनताका लागि पहरेदारी, दवाव सृजना, नीति निर्माणमा प्रभाव पार्ने, सशक्तिकरण गर्ने तथा विकासको मूल प्रवाहमा समाहित गराउने ध्येय इन्सेकको रहनेछ ।

### लक्ष्य

मानवअधिकारको संरक्षण र सम्वर्द्धन ।

### उद्देश्य

इन्सेकले आफूलाई एक विस्वासनीय, स्वतन्त्र अभियानमुखी गैरसरकारी संस्थाको रूपमा विकसित गर्दै राष्ट्रिय योजना तथा नीति निर्माणमा प्रभाव पार्न सक्ने संस्थाका रूपमा विकसित गर्ने तथा यसका आवद्ध संस्थाहरू मार्फत ग्रामीण क्षेत्रमा समेत शोषित, पीडित तथा बहिस्कृत जनसमुदायको हितका लागि कार्य गर्ने उदेस्य राखेको छ । त्यसका साथै महिला, बालबालिका, दलित आदि उत्पीडित वर्गका लागि सुधारक, सहजकर्ता, मध्यस्थकर्ता तथा सम्वद्ध सहयोद्धाको हैसियतले सबैका लागि सबै मानवअधिकार तथा सामाजिक न्याय प्राप्तिका लागि कार्य गर्दछ ।

### कार्यशैली

अनुसन्धान, कार्य र संगठन यसको कार्यशैली हो ।

### कार्यक्रमहरू

इन्सेकले संचालन गरेका कार्यक्रमहरू निम्न केन्द्र अन्तंगत सम्पादन गरिन्छ:

- मानवअधिकार शिक्षा तथा सचेतन केन्द्र
- प्रलेख तथा प्रसारण केन्द्र
- सामाजिक न्यायको लागि अभियान केन्द्र
- मानवअधिकार सन्धि अनुगमन केन्द्र
- व्यवस्थापन सहयोग केन्द्र

### क्षेत्रीय कार्यालय

जिल्लाहरूमा संचालन हुने मानवअधिकार शिक्षा कार्यक्रम तथा मानवअधिकारको संरक्षण तथा सम्वर्द्धनका क्रियाकलापहरूलाई सुव्यवस्थित रूपले सम्पन्न गर्न गराउन कार्यक्रमहरूलाई सफल बनाउन पाँचै विकास क्षेत्रमा क्षेत्रीय कार्यालयहरू छन् ।

### मानवअधिकार वर्षपुस्तक प्रतिनिधि

देशका ७५ जिल्लामा मानवअधिकार वर्ष पुस्तक प्रतिनिधिहरूको व्यवस्था गरिएको छ ।

### संपर्क:

**अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)**
स्युचाटार, कलंकी, काठमाडौं
पोस्ट बक्स नं: २७२६, फोन नं: ४२७८७७०,
फ्याक्स: ४२७०५५१
इमेल: insec@insec.org.np
वेव साइट: www.inseconline.org

# एटवीन सदस्य-संस्थाहरुको नामावली

१. परिवर्तनका लागि कार्यरत महिलाहरू (वाच)
टेलिफोन नं. : ४४९२६४४, ४४९०७६५
फयाक्स नं. : ४४९४६५३
ईमेल : watchftp@wlink.com.np
वेभ : www.watch.org.np
पो.ब.नं.. : ११३२१

२. ग्रामीण पुनर्निर्माण संस्था (आर.आर.एन )
टेलिफोन नं. : ४४१५४१८, ४४८६१७७
फयाक्स नं. : ४४१८२९६
ईमेल : rrn@rrn.org.np
वेब : www.rrn.org.np
पो.ब.नं. : ८१३०

३.यातना पीडित सरोकार केन्द्र ( सिभिक्ट )
टेलिफोन नं. : ४३७३९०२ , ४३७३४८६
फयाक्स नं. : ४३७३०२०
ईमेल : cvict@cvict.org.np
वेब : www.cvivt.org.np
पो.ब.नं. : ५८३९

४. अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)
टेलिफोन नं. : ४२४०७०९
फयाक्स नं. : ४२७०५५१
ईमेल : insec@wlink.com.np
वेव : www.insec.org.np, www.inseconline.org
पो.ब.नं. : २७२६

५. इन्हुरेड ईन्टरन्याशनल
टेलिफोन नं. : ५५२००५४
फयाक्स नं. : ५५२००४२
ईमेल : info@inhured.wlink.com.np
वेब : www.himrights.org
पो.ब.नं. : ४६९०

६. समाज सेवा तथा मानवअधिकारमा महिला तथा बालबालिका
टेलिफोन नं. : ४४७४६४५,२०६१२१९
फयाक्स नं. : ४४७४६४५,४४७९९६५
ईमेल : cwish@wlink.com.np
वेभ : www.cwish.org.np
पो.ब.नं.. : २१४३३

७. नवज्योति केन्द्र
टेलिफोन नं. : ४४१९९६५
ईमेल : navajyoti@nvj.wlink.com.np
पो.ब.नं. : ३६७५

८. महिला विकास स्वरोजगार प्रशिक्षण केन्द्र
टेलिफोन नं. : ४२५२०१५, ९८५१०४७६२५
फयाक्स नं. : ४४१५८८६
ईमेल : schems@wlink.com.np
पो.ब.नं. : २४५३

९. महिला हित समाज
टेलिफोन नं. : २०७२०३४
ईमेल : anwa@hons.com.np
पो.ब.नं. : ८३३७

१०. एशियन ओमन ह्युमन राईट काउन्सील (ए.डब्लु .एच.आर.सी)
टेलिफोन नं. : ५५३६०७५
ईमेल : nepalawhrc@yahoo.com
पो.ब.नं. : १२७७१

११. महिला आत्मनिर्भरता केन्द्र (मान्क)
टेलिफोन नं. : ०११६६२३५३ , ६६२३४५, ६६३००९
ईमेल : mank@hons.com.np
पो.ब.नं. : २१०८०

१२. महिला पुर्नस्थापना केन्द्र (ओरेक)
टेलिफोन नं.: २१२३१२४, २१२३१३६
फयाक्स नं. : ५५४४५७४
ईमेल : worec@wlink.com.np
वेव : www.worecnepal.org
पो.व.नं. : १३२३३

१३. शक्ति समुह
टेलिफोन नं.: ४४९४८१५
ईमेल : shakti@samuha.wlink.com.np
वेव : www.shaktisamuha.org
पो.व.नं. : १९४८८

१४. नेपाल बालमजदूर सरोकार केन्द्र (सिविन)
टेलिफोन नं.: ४२८२२५५, ४३१०००२
फयाक्स नं. : ४२७८०१६
ईमेल : cwin@mos.com.np
वेव : www.cwin.org.np
पो.व.नं. : ४३७४

१५. नारी सीप सृजना केन्द्र
टेलिफोन नं.: ०५७ ५२५११५ , ५२४२२१
ईमेल : wosec@ntc.net.np

१६. ग्रामीण महिला सिर्जनशील परिवार
टेलिफोन नं. : ०११ ६६३०१३

१७. महिला स्वरोजगार केन्द्र
टेलिफोन नं.: ०५३ ५१०१५ , ५५०२०४
ईमेल : widec@actmail.com.np

१८. टेका समूह
टेलिफोन नं.: ४४३१५६७
ईमेल : teka@wlink.com.np
वेव : www.tekasamuhanepal.org
पो.व.नं. : ७७२५

१९. जागरण नेपाल
टेलिफोन नं. : ४२१९४३९
ईमेल : jagarannepal@hons.com.np
वेव : www.jagarannepal.org

२०. मकवानपुर महिला समूह
टेलिफोन नं. : ०५७५२२८१४

महिलाको हिंड्डुलको स्वतन्त्रता
आवश्यक छ सुनिश्चितता ।

महिला तथा बालबालिका
बेचबिखन विरूद्धको अभियानमा
एकजुट होऔं ।

# एटविन सूचना तथा स्रोत केन्द्र

**परिचयः**

'सूचना शक्ति हो' भन्ने उक्तिलाई मध्यनजर गर्दै एटविनले आफ्नो स्थापनाकालदेखि नै महिला तथा बालबालिका बेचबिखनसम्बन्धी सूचना संकलन गर्ने र व्यवस्थित गर्ने कुरामा ध्यान दिदै आएको हो । एटविनले विविध अभियानहरू संचालन गर्ने सन्दर्भमा एउटा छुट्टै स्रोत तथा सूचना केन्द्रको स्थापनाको आवश्यकता महसुस गर्‍यो । यहीं क्रममा २०६० मा स्रोत केन्द्रको स्थापन भयो । एटविन स्रोत केन्द्र महिलाविरुद्ध हुने हिंसा विशेषगरी बेचबिखनको सवालमा अध्ययन अनुसन्धान गर्न चाहने तथा स्थितिको जानकारी राख्न चाहनेहरूका लागि समेत उपयोगी हुने अपेक्षा राखिएको छ ।

**स्रोत केन्द्रको आवश्यकताः**

अभियानमा आधारित एटविन जस्ता संघ-संस्थाका लागि सूचना संकलनको पक्ष अत्यन्त महत्वको छ । विनासूचना संचालित कुनै पनि अभियानहरू केवल अध्यारोमा हानिएको भट्टी हुन पुग्दछ । सही सूचनामा आधारित योजना, कार्यक्रम र अभियानहरूले मात्रै अपेक्षित सफलता प्राप्त गर्न सक्ने हुन्छन् । यदि सूचनाहरू एकाठाउँमा एकीकृत भएनन् भने महिलाविरुद्ध हुने हिंसा विरुद्धका अभियान संचालनमा पनि व्यवधान आउने हुन जान्छ ।

एटविनको बढ्दो लोकप्रियताको पृष्ठभूमिमा यसले उठाएका सवालहरूमा अध्ययन अनुसन्धान र जानकारी लिन आउनेहरूको क्रम बढ्दो छ । यसका लागि पनि छुट्टै र व्यवस्थित सूचना तथा स्रोत केन्द्रको आवश्यकता छ ।

**स्रोत केन्द्रका उद्देश्यहरूः**

महिलाअधिकार विशेषगरी महिलाविरुद्ध हुने हिंसा तथा बेचबिखनसँग सम्बन्धित सामाग्रीको संकलन गर्ने, व्यवस्थित गर्ने तथा जनचेतना अभिबृद्धिका निम्ति सूचना प्रवाह गर्नु नै एटविन सूचना तथा स्रोत केन्द्रको मुख्य उद्देश्य रहेको छ ।

**स्रोत केन्द्रले गर्ने मुख्य कार्यहरूः**

- उपलब्ध पत्र-पत्रिकाहरूमा आएका सम्बन्धित लेख-रचना तथा सूचनाहरूलाई सङ्ग्रह एवं व्यवस्थित गर्ने ।
- सम्बन्धित विषयका उपलब्ध पुस्तकहरू र अनुसन्धानमूलक सामाग्रीको संकलन र व्यवस्थित गर्ने
- तथ्य पत्रहरु (Fact Sheets) तयार गर्ने र वितरण गर्ने ।



- अध्ययन, अनुसंधान तथा सूचना संकलनका लागि आउनेलाई आवश्यक सहयोग पुऱ्याउने ।

**एटविन स्रोत केन्द्रले समेटेको विषयवस्तुहरूः**


- महिला तथा बालबालिका बेचबिखन/ओसारपसार
- महिलाविरुद्ध हिंसा
- महिला स्वास्थ्य
- महिलासम्बन्धी विविध विषयहरू
- बालबालिकासम्बन्धी विषयहरू
- मानवअधिकार
- लैङ्गिक समानता
- कानून/नीति-नियम
- विकासका विषयवस्तुहरू

यसका साथै निम्न विषयहरूमा समाचार क्लिपिङका संग्रहहरू पनि उपलब्ध छन्-

- मानव बेचबिखन
- महिला विरुद्ध हिंसा
- मानवअधिकार
- महिला सम्बन्धित विषयहरु
- बालबालिका सम्बन्धित विषयहरु
- एचआइभी/एड्स

उपरोक्त विषयहरूमा जानकारीका लागि इच्छुक व्यक्तिहरूले एटविन स्रोत केन्द्रमा सम्पर्क राख्नु होला ।

# एटविन वेबसाइट


AATWIN - Microsoft Internet Explorer

http://www.aatwin.org/

Let's unite to combat Trafficking | HOME | FEEDBACK | CONTACT US |

INTRODUCTION
MAJOR PROGRAMS
PUBLICATIONS
PICTURE GALLERY
NETWORK
CONTACT US

"Taking any person from one place to another by alluring or enticing, under threat, forcing into bondage by undue influence and misuse of authority for sexual exploitation or any other purposes amounting to violation of human rights is trafficking"

Trafficking in women and children is violation of fundamental human rights. National and International policies and boundaries, class exploitation and various types of discriminations are responsible for this. Only the end of existing discriminations and exploitation will eradicate trafficking.

SOLIDARITY AGAINST TO STOP TRAFFICKING IN SOUTH ASIA

Trafficking in human beings is a rising problem worldwide. In Nepal, it has reached a serious proportion with both inter-state and intra-state trafficking taking place as an organized crime with the involvement of syndicates. Nearer home in South Asia, trafficking in women and children is regional problem.

Alliance Against Trafficking in Women and Children in Nepal (AATWIN)is one of the alliance groups in Nepal working for the rights of women in general and trafficked women and children in particular.

एटविन र यसका गतिविधिहरुबारे विस्तृत जानकारीका लागि

# www.aatwin.org

# महिला अदालतका केही झलकहरु



उद्घाटन समारोह




धर्ना कार्यक्रम



धर्ना कार्यक्रम



उद्घाटनमा सहभागिता



बेचबिखनविरुद्ध नाटक




न्यायवृत्तहरूको वक्तव्य



उद्घाटन कार्यक्रम



सैद्धान्तिक बहस

# हामी सक्छौं

## महिला माथि हुने हिँसाको अन्त्य गर्न

# किनकि

- दक्षिण एसियामा ५०% महिला आफ्नो जीवनमा कुनै न कुनै समयमा घरेलु हिंसाको शिकार हुन्छन् ।
- महिला माथि हुने हिंसा विश्वव्यापी छ । विश्व भर मै यसले प्रत्येक तीनमा एक महिलालाई पीडा पुऱ्याउने वा ज्यानै लिने गरेको छ ।
- महिला माथि हुने हिंसा तथा विभेदपूर्ण व्यवहारले गर्दा दक्षिण एशियाका ५ करोड महिलाहरु हामी बीच छैनन् ।
- महिला माथि हुने हिंसालाई सामान्य समस्याको रुपमा लिने गरेको छ । समाजको यो सोच र धारणामा परिवर्तन गर्न आवश्यक छ ।
- स्थानीय, राष्ट्रिय र क्षेत्रीय गठबन्धनबाट हामी महिला माथिको हिंसालाई अन्त्य गर्न सक्छौं ।
- यसको निम्ति आवाज उठाउन र परिवर्तनका संवाहक बन्न के तपाईंहरु हामीसँग हातेमालो गर्न चाहनुहुन्छ ?

**तपाई हामी मिलेर महिला माथि हुने हिंसाको अन्त्य गर्न सक्छौं ।**


**सम्पर्क**

**सचिवालय**

शान्ताभवन, सानेपा, ललितपुर-३

पोष्ट बक्स नं. :२५०० काठमाडौं

फोन: ५५३६०७५ फ्याक्स : ५५२३१९७

E-mail : wecancampaign@wlink.com.np

Website : www.wecanendvaw.org